# ईश्वरत्व

# GODHEAD

By:
Jerry Bates

# ईश्वरत्व

## (Godhead)

### (In Nepali)

© सर्वाधिकार प्रकाशकमा,

पहिलो संस्करणः २०७९, बैशाख

संख्याः (२,००० प्रति)

First Printing in Nepal : May, 2022.

लेखक/Writer

जेरी बेट्स/Jerry Bates

मुद्रणः

दक्षिण ललितपुर अफसेट प्रेस

चापागाउँ, ललितपुर

प्रकाशक

चापागाँउ ख्रीष्टको मण्डली

नेपाल बाइबल अध्ययन केन्द्र

Nepal Center for Biblical Study

तपाईंको बाइबल जान्नुहोस् ।

KNOW YOUR BIBLE

# ईश्वरत्व
# GODHEAD

Advanced Bible Study

***उच्च श्रेणीको बाइबल अध्ययन***



By:
Jerry Bates

# परिचय

बाइबलका महत्वपूर्ण विषयहरू बुझ्न सजिलो छ । यो पुस्तकले धेरै सजिलो बनाउनेछ भन्ने कुरामा म विश्वस्त छु ।

यस बाइबल अध्ययन पुस्तकको लेखकलाई मैले केही समयदेखि चिनेको छु । उहाँ कुनै पनि बाइबल विषयमा आफ्नो सरल र बलियो शिक्षाका लागि परिचित हुनुहुन्छ । उहाँद्वारा यो पुस्तकको प्रकाशन गर्दा पाउँदा म अति खुशी छु । यस पुस्तकका लेखक ख्रीष्टमा दाजु जेरी बेट्सले आफ्नो कक्षा कोठामा पढाउने तरिकाले बाइबलका विषयहरू बुझ्नको लागि सहयोग मिलेको छ । यही विधि यहाँ लेखकद्वारा लिखित रूपमा पनि हामीलाई बाइबलबाट "ईश्वरत्व" मा रहेको विषय थाहा दिनको लागि प्रयोग गरिएको छ । यो विषय बाइबलमा आधारित भएर हामीलाई बुझाउनको लागि लेखकले प्रयास गर्दै हुनुहुन्छ र यसमा उहाँ होशियार पनि हुनुहुन्छ ।

तपाईको अध्ययनको क्रममा उठ्ने यस्ता कुनै पनि प्रश्नहरूलाई हामी स्वागत गर्छौं । तपाईले जवाफ दिन र आफ्नो शिक्षकलाई फिर्ता पठाउनको लागि प्रत्येक पाठको अन्त्यमा एउटा प्रश्न खण्ड राखिएको छ । कृपया भरिएको प्रश्नावली पाना प्रेषकको ठेगानामा पठाउनुहोस् र तपाईको भविष्यको अध्ययनको लागि पुस्तक राख्नुहोस् । यो अध्ययन पूरा गरिसक्नुभए पछि तपाईलाई सुन्दर प्रमाण पत्रले पुरस्कृत गरिनेछ भनी निश्चित हुनुहोस् । परमेश्वरले तपाईलाई आशिष दिनुहुन्छ । तपाईले अध्ययन गर्नुहुँदा आफूलाई परमेश्वरको सामु योग्य साबित गर्नुहोस् ।


प्रभुको सेवामा,
गजेन्द्र देशार
चापागाउँ ख्रीष्टको मण्डली
नेपाल बाइबल अध्ययन केन्द्र
चापागाउँ, ललितपुर

# ईश्वरत्व

## बिषय सूची


(१) ईश्वरत्व.......................................४

(२) ईश्वरत्वको महत्व................................ १४

(३) येशू परमेश्वर हुनुहुन्छ...........................२१

(४) हामीले परमेश्वरलाई बुझ्न सक्दैनौं.............. २९

(५) पवित्र आत्मा परमेश्वर हुनुहुन्छ.................३५

(६) प्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ................४१

(७) तीन व्यक्तिहरु एक भन्नाले के अर्थ लाग्छ?......४७

# १

# ईश्वरत्व

***प्रेरित १७:२९; रोमी १:२०; कलस्सी २:९***

(१) किङ्ग जेम्स संस्करणमा "ईश्वरत्व" शब्द तीन पटक प्रयोग गरिएको छ ।

(२) यसको सरल अर्थ हो- जसले परमेश्वरलाई परमेश्वर बनाउँछ । उदाहरणको लागि पुरूषत्व भनेको मानिसलाई मानिस बनाउने गुण हो । "ईश्वर" ल्याटिन शब्द देवत्व र समान शब्द ईश्वरत्वको बराबर छ ।

(३) त्रिएक परमेश्वरको बारेमा मैले विश्वास गरेको कुराले के यसले केही फरक पार्छ? फरक पार्दैन भनी धेरैले भन्नुहुन्छ होला ।

(क) धेरै जसो आधुनिक धर्म ब्यावहारिक छ- मेरो लागि जे पनि काम गर्दछ । यदि यो मेरो लागि काम गर्दछ भने यो राम्रो छ ।

(ख) सिद्धान्तमा मात्र जोड दिंदा मानिसहरूलाई विभाजन गर्छ भनी अरूले भन्नेछन् ।

(ग) यो प्रश्न सानो वा परिधीय होइन्, परमेश्वर को हुनुहुन्छ भन्ने स्वभावसित यो सम्बन्धित छ ।

(घ) अवतारले यो प्रमाणित गर्छ कि परमेश्वर संसारको दुःखप्रति उदासीन हुनुहुन्न् । उहाँले देखाउनुहुन्छ कि उहाँले धेरै ठूलो भलाइको खातिर दुःखलाई अनुमति दिनुपर्छ । यसले यो पनि देखाउँछ कि प्रायश्चित एउटा संयुक्त निर्णय थियो । ख्रीष्ट इच्छुक नभएको शिकार हुनुहुन्थिएन् (यूहन्ना १०ः१७-१८) ।

(ङ) यदि येशू परमेश्वरभन्दा कम हुनुहुन्छ भने, उहाँ हाम्रो मुक्तिदाता बन्न सक्नुहुन्न् ।

(च) यसले ख्रीष्टियान धर्मलाई अन्य धर्महरूबाट अलग गर्छ । हामी बहुबवादी संसारमा बस्छौं । यस दृष्टिकोणले सबै धर्महरू वा

मूल रूपमा समान, वा कम्तिमा पनि समान रूपमा वैध छन् भनी भन्छ । तर ख्रीष्टियानिटी मात्र एउटा धर्म हो जसमा त्रिएक जस्तै केही छ ।

(४) त्रिएकको सिद्धान्त धर्मशास्त्रमा भएका सिद्धान्तहरूमध्ये सबैभन्दा भ्रामक र बुझ्न गाह्रो छ । यो वास्तवमै विरोधाभासी देखिन्छ । परमेश्वर एकै समयमा तीन व्यक्ति कसरी हुन सक्नुहुन्छ? सबैभन्दा राम्रो, यो सिद्धान्त अचम्मलाग्दो छ; सबै भन्दा नराम्रो, यो एउटा स्पष्ट विरोधाभास हो ।

(क) १+१+१ = १ । ख्रीष्टियानहरू जोड गर्न नआउने मानिसहरू हुन् भनिएको छ ।

(ख) एक जना व्यक्तिले यसो भनेको छ, "यदि हामीले उहाँलाई, येशू ख्रीष्ट र पवित्र आत्मालाई 'त्रिएक' भनेर सम्बोधन गरेको चाहनुहुन्थ्यो भने, परमेश्वरले यो शब्दलाई बाइबलबाट पूर्णतया छोड्नुहुने थिएन् । यो शब्द बाइबलमा छैन भन्दैमा यसको मतलब यो गैर बाइबल हो भन्ने होइन । वास्तवमा, बाइबल शब्द पनि बाइबलमा छैन् ।

(५) जवाफमा हामी कहिलेकाहिँ हाम्रा काँधहरू हल्लाउँछौं र भन्छौं, "यसलाई विश्वास गर्नुहोस् ।" परमेश्वर एक विरोधाभास हुनुहुन्न् ।

(६) समस्याहरू र रहस्यहरू भएकोले हामी त्रिएक समस्याबाट टाढिनु हुँदैन । हामीले यसलाई एकै ठाउँमा राख्नुहुँदैन र भन्नु हुँदैन कि म यसलाई जे गरेर पनि बुझ्न सक्दिनँ, त्यसैले किन प्रयास गर्ने?

(७) हामीले त्रिएक परमेश्वरबारे बुझ्न सक्दैनौं, त्यसैले यो सत्य हुन सक्दैन् भनी कोही-कोहीले तर्क गर्छन ।

(क) के हामी भावनाहरू बुझ्न सक्छौं? के यसको मतलब प्रेम र घृणा जस्ता भावनाहरू अस्तित्वमा छैनन् र? ग्यारिसन केइलरले प्रेमको बारेमा यसो भन्दछ, "हामीले यो सोच्नु हुँदैन कि हामीले यो पत्ता लगायौं, किनकि यो कुनै समस्या होइन्, यो रहस्य हो र सधैं रहनेछ ।"

(ख) भौतिक शास्त्रीहरूलाई प्रकाशबारे बुझ्न र व्याख्या गर्न समस्या छ ।

(ग) परमेश्वर कसरी अनन्त हुन सक्नुहुन्छ भनी के हामी बुझ्न सक्छौं?

(घ) हामीले ब्रहमाण्डबारे बुझ्न सक्दैनौं । यस्तो समयको बारेमा सोच्नु अगम्य छ जब त्यहाँ केहि थिएन र शुन्यतामा ब्रहमाण्डको सृष्टि भयो ।

(८) यो ब्रहमाण्ड सधैं अस्तित्वमा छ र त्यहाँ कुनै शुरूवात छैन भनी सोच्नु पनि उत्तिकै अतार्किक कुरा हो । तर एउटा वा अर्को सत्य हुनुपर्छ । तसर्थ मैले बुझ्न नसकेको कारणले हामीले कुनै कुरालाई खारेज गर्नु हुँदैन ।

(९) त्रिएक परमेश्वर एउटा रहस्य हो । यो मानिसलाई बुझाउन नसकिने कुरा हो । त्रिएक परमेश्वरको सिद्धान्तको बारेमा अचम्ममा पर्दै, अगस्टिन एक दिन समुन्द्र किनारमा हिंडदै गर्दा, उनले एक जना जवान केटालाई बाल्टिन लिएर, एउटा सानो प्वालमा पानी खन्याउन पछाडि दौडिरहेको देखें । अगस्टिनले सोधे, "तिमी के गर्दैछौ? केटोले जवाफ दियो, "म यो समुन्द्रलाई यो खाडलमा हाल्न खोज्दैछु ।" त्यसपछि अगस्टिनले महसुस गरे कि उसले आफ्नो सीमित दिमागमा असीम परमेश्वर राख्ने प्रयास गरिरहेको थियो ।

(१०) हामीले परमेश्वरलाई पूर्ण रूपमा बुझेका छौं भनी हामी सोच्दछौं भने, हामीले परमेश्वरलाई एउटा स्वभावमा सृष्टि गरेका हुन्छौं र उहाँ अब परमेश्वर हुनुहुन्न् । जीवनमा केहि चीजहरू छन् जुन हामीसँग छैन, र कहिल्यै हुनैछैन भन्ने सुझावले हामीलाई अपमान गर्छ । हामी यति उन्नत भएका छौं कि कहिलेकाहिँ सोच्न पुग्छौं कि पर्याप्त समय र ऊर्जा दिएर त्यहाँ वास्वतमा हामीले थाहा पाउन नसक्ने केहि पनि छैन । त्यसकारण प्रलोभन भनेको एउटा स्पष्ट संक्षिप्त कथन चाहनु हो जसले त्रिएक समस्यालाई एक पटक र सबैको लागि समाधान गर्नेछ । तर त्यस्तो एउटा पनि छैन् ।

(११) त्रिएक के हो?

(क) Trinity ल्याटिन शब्द हो, जसको अर्थ एकमा तीन हो । त्यसो भए यो "त्रिएक" बाइबलमा पाइँदैन्, तर यो विचार पक्कै पनि बाइबलमा छ । मण्डलीले सधैं यो विचार सिकाएको छ ।

(ख) अलेक्जान्ड्रियाको क्लेमेन्टले इ.स. १९० मा भनेका थिए, "म पवित्र त्रिएकको अर्थ बाहेक अरू केही बुझ्दिनँ । किनभने तेस्रो पवित्र आत्मा हुनुहुन्छ, र पुत्र दोस्रो हुनुहुन्छ, जसद्वारा सबै चीजहरू पिताको इच्छाबमोजिम बनाइएका थिए । त्यहाँ तीन व्यक्तित्वहरूमा प्रकट भएको एक परमेश्वर हुनुहुन्छ जुन एउटै परमेश्वर हो ।"

## (I) यस सिद्धान्त सम्बन्धी सामान्य त्रुटिहरुः

(क) एउटा सामान्य त्रुटि भनेको केवल तीन ईश्वरहरू छन् भन्नु हो । यसले ईश्वरत्वको एकतालाई बेवास्ता गर्छ ।

(ख) अर्को पुरातन त्रुटि भनेको एउटै परमेश्वरको आधार थियो जो तीन रूपमा देखा पर्नुभयो । परमेश्वर एकजना अभिनेता जस्तै हुनुहुन्छ जसले नाटकमा विभिन्न भागहरू खेल्छ ।

(१) मत्ती ३ अध्यायमा परमेश्वर स्वर्गबाट बोल्नुभयो । येशूले मानिसको रूपमा बप्तिस्मा लिनुभयो । पवित्र आत्मा ढुकुर जस्तै ओर्लनुभयो । तपाईले एकै ठाउँमा तीन व्यक्तिहरू देख्नुहुन्छ ।

(२) येशू जानुहुँदा सल्लाहकार पठाइदिनेछु भनी प्रतिज्ञा गर्नुभयो (यूहन्ना १५:२६) ।

(३) मरियमको गर्भमा रहेको भ्रूणको रूपमा परमेश्वरले कसरी ब्रहमाण्डलाई नियन्त्रण र संरक्षण गरिरहनु भएको हुन सक्छ?

(ग) अर्को प्रारम्भिक त्रुटि ज्ञानवाद थियो । यो विश्वासले परमेश्वर येशूमा देहधारी हुनुभयो भनी अस्वीकार गऱ्यो ।

(१) येशू मानिस हुनुहुन्थ्यो, तर परमेश्वर हुनु हुन्न् ।

(२) कसै- कसैले विश्वास गर्दछन् कि येशू कुनै अर्थमा जन्ममा ईश्वर हुनुहुन्थ्यो, तर केही समय पछि कुनै अर्थमा परमेश्वरको रूपमा (बप्तिस्मा) उचालियो । यो नैतिक एकता थियो, वा परमेश्वरले येशू मार्फत काम गरिरहनुभएको छ । येशू र ख्रीष्टियानहरू बीचको भिन्नता केवल एक प्रकारको डिग्री हो । परमेश्वरले येशू मार्फत मात्र काम गरिरहनुभएको छ जहाँ सम्म उहाँ हामीमा काम गर्नुहुन्न् ।

(घ) एकतावाद । यहोवाको साक्षी यस सिद्धान्तको प्राथमिक प्रवर्दधक हो । त्रिएक सिद्धान्त बाइबलमा पाइँदैन, न त यो बाइबलले सिकाएको कुरासँग मेल खान्छ भनी तिनीहरूले भन्ने गर्थे ।

(१) येशू पूर्व- अस्तित्वमा हुनुहुन्थ्यो, तर अनन्तको हुनुहुन्थिएन् । येशूलाई केवल सृष्टि गरिएको प्राणीको रूपमा सीमित गरिएको छ ।

(२) येशूले परमेश्वरलाई प्रार्थना गर्नुभयो कि उहाँको इच्छा होस्, आफ्नो होइन, यसकारण उहाँ परमेश्वर हुन सक्नुहुन्न् ।

(३) पवित्र आत्मा ईश्वर वा व्यक्ति होइन् । उहाँ केवल एक प्रभाव

हो । आत्मा व्यक्ति हुन सक्दैन ।

(४) उहाँले पेन्तिकोसको दिनमा प्रेरितहरूलाई पवित्र आत्माले भरिदिनुभयो । पवित्र आत्माले मानिसहरूसँग बोल्नु भएको धेरै अवसरहरू पनि बाइबलमा प्रकट गरेको छ । के कुनै शक्ति बोल्न सक्छ?

## (II) परमेश्वर एउटै हुनुहुन्छ ।

### (क) धर्मशास्त्रीय प्रमाण

(१) "हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहन्छ" (व्यवस्था ६:४) । मर्कूस १२:२९ मा येशूले यसलाई उदधृत गर्नुभयो ।

(२) पुरानो नियमले स्पष्टरूपमा बहुईश्वरवादको निन्दा गर्दछ । "मबाहेक अरू कुनै देवी- देवताहरू नमान्नू" (प्रस्थान २०:३) ।

(३) "पहिलो र पछिल्लो म नै हुँ । मबाहेक अरू परमेश्वर छैन" (यशैया ४४:६) ।

(४) याकूब २:१९ ले सिकाउँछ कि भूतात्माहरूले पनि एउटै परमेश्वर हुनुहुन्छ भनी विश्वास गर्दछ ।

### (ख) एउटै परमेश्वर तीन व्यक्तित्व हुनुहुन्छ ।

(१) उत्पति १:१- परमेश्वर, हिब्रू शब्द, "एलोहिम" बहुवचन शब्द हो ।

(२) उत्पति १:२६- मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं । "भन्नुभयो" शब्द एकवचन हो, तर अरू सबै बहुवचन हो ।

(३) उत्पति ३:२२- "मानिस हामी जस्तै भएको छ...।"

(४) व्यवस्था ६:४- हाम्रो परमेश्वर बहुवचन हो । हाम्रो बहुवचन एक हो । यो एकता हो, जुन वास्तवमा धेरै कारकहरूको मिलन हो । उदाहरण- उही शब्द उत्पति २:२४ मा प्रयोग गरिएको छ, एउटा मानिसले आफ्नो बुबा र आमालाई छोडेर आफ्नी पत्नीसँग मिल्छ, र तिनीहरू एउटै शरीर हुनेछन् ।

(५) यशैया ६:८ मा हामीले संख्यामा एकवचनबाट बहुवचनमा परिवर्तन गरेका छौं । त्यसपछि मैले परमप्रभुको आवाज यसो भनेको सुने, "म कसलाई पठाउँ, अनि हाम्रा निम्ति को जाने?"

(६) मत्ती २८:१९- "...पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।" यहाँ नाउँ एकवचन हो ।

(७) किनभने स्वर्गमा गवाही दिने तीनवटा छन्: पिता, वचन र पवित्र आत्मा; यी ती एक हुन् (१ यूहन्ना ५:७) ।

(८) पावलका लेखहरूमा धेरै ठाउँहरू छन् जहाँ तीन व्यक्तित्वहरूलाई एकसाथ समुहबद्ध गरिएको छ (१ कोरिन्थी १२:४-६; २ कोरिन्थी १३:१४; रोमी १४:१७-१८) ।

**(ग) ईश्वरत्वका परिचित तीन सदस्यहरु छन् । प्रत्येक एक–अर्कामा बराबर हुनुहुन्छ ।**

(१) परमेश्वर पिता । उहाँ परमेश्वर हुनुहुन्छ भन्ने तथ्यलाई सबैले स्वीकार गर्छन् ।

(२) येशू ख्रीष्ट पुत्र ।

(क) पुरानो करारमा भविष्यवाणी गरेका थिए । "किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ । हाम्रा निम्ति एक जना छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मका सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ" (यशैया ९:६) ।

(ख) येशूले भन्नुभयो, "पिता र म एक हौं" (यूहन्ना १०:३०) ।

(ग) फिलिप्पी २:६-७ मा पावलका शब्दहरूलाई ध्यान दिनुहोस् । येशू परमेश्वरको रूपमा हुनुहुन्थ्यो । ग्रीक शब्द "मोर्फ" बाट अंग्रेजी form आएको हो, जसलाई नेपालीमा "रूप" भनिन्छ । यसले विशेषताहरूको पूर्ण सेटलाई बुझाउँछ, जसले कुनै चीजको बाहिरी रूपको विपरित रूपमा कुनै चीजलाई बनाउँछ ।

(घ) "किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ" (कलस्सी २:९) ।

(ङ) हिब्रू १:३ मा येशूलाई अभिव्यक्त प्रतिरूप वा परमेश्वरको प्रतिनिधित्व भनिएको छ । येशू परमेश्वर जस्तै हुनुहुन्थ्यो ।

(च) "तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ, 'हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ..." (हिब्रू १:८) ।

(३) पवित्र आत्मा । उहाँमा पनि परमेश्वरका सबै गुणहरू छन् ।

(क) उहाँमा मन छ । "र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छा अनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२७) ।

(ख) उहाँले मानिसलाई परमेश्वरका कुरा र विचारहरू प्रकट गर्नुभयो । "तर परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ । किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा- गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ । किनकि मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्दैन् । अब हामीले संसारको आत्मा पाएका छैनौं, तर परमेश्वरले हामीलाई दिनुभएका वरदानहरू बुझ्न सकौं भनेर उहाँबाट पवित्र आत्मा पाएका छौं" (१ कोरिन्थी २:१०-१२) ।

(ग) परमेश्वर र ख्रीष्टका सबै व्यक्तिगत विशेषताहरू पनि आत्मालाई श्रेय दिइन्छ । यदि पवित्र आत्मा परमेश्वरजस्तै नहुनुभएको भए, प्रेरित ५ मा आत्मालाई झुटो बोल्ने हननिया र सफिराको दण्ड त्यति कठोर हुने थिएन । पत्रुसले भने कि तिनीहरूले मानिसहरूलाई होइन् तर परमेश्वरलाई झुटो बोलेका थिए । जब तपाई आत्मासँग झुट बोल्नुहुन्छ यो परमेश्वरलाई झुट बोल्नु जस्तै हो । पद ३ र ४ लाई नोट गर्नुहोस् ।

**(घ) सबै तीन व्यक्तित्वहरुमा समान ईश्वरीय गुणहरु छन् । उहाँहरु सर्वशक्तिमान, सर्वज्ञानी र सर्वव्यापी हुनुहुन्छ । धेरै पदहरुमा तीनवटै कुराहरुलाई एकसाथ उल्लेख गरिएको छ ।**

**(ङ) हरेकको अलग- अलग सेवाकाइ छन् ।**

(१) परमेश्वर– हाम्रो जीवनलाई नियन्त्रण र मार्गदर्शन गर्नुहुन्छ। उहाँ पिता हुनुहुन्छ, त्यसैले हामी परमेश्वरसँग नजिकको घनिष्ठता पाउन सक्छौं ।

(२) येशू– उहाँले हाम्रो बोझ लिनुहुन्छ र हामीलाई बचाउनु हुन्छ । उहाँ हाम्रो मध्यस्थ हुनुहुन्छ, हाम्रो तर्फबाट परमेश्वरसँग बोल्नुहुन्छ, अनि हामीलाई परमेश्वरसामु धार्मिक रूपमा प्रस्तुत गर्नुहुन्छ ।

(३) पवित्र आत्मा-हामीलाई सिकाउनुहुन्छ, दोषी ठहराउनुहुन्छ, उहाँको वचनद्वारा हामीलाई उज्यालो गर्नुहुन्छ, र हाम्रो प्रार्थनामा हामीलाई मद्दत गर्नुहुन्छ ।

(४) जीवनको कुनै पनि क्षेत्रमा पूरा गर्नको लागि त्रिएक परमेश्वर बाहिर हेर्ने कुनै कारण छैन् ।

## (III) एउटै परमेश्वर त्रिएक हुनुहुन्छ भनेर हामी कसरी बुझ्न सक्छौं?

(क) धेरै समानताहरु प्रस्तुत गरिएको छ । सबैमा दोष छ । धेरैले त्रिएकलाई टुक्रा जस्तो देखाउँछन् वा तिनीहरुले त्रिएकलाई विभिन्न समयमा फरक बनाउँछन्, तर वास्तवमा एकै साथ होइन् भन्ने गर्दछ । परमेश्वर एक यौगिक एकाइ हो । त्यहाँ एकता र एकता परमेश्वरको लागि विशिष्ट छ । संक्षेपमा, ईश्वरत्व एउटै परमेश्वर हुनुहुन्छ-पूर्ण एकाई हो ।

(ख) एउटा समानता भनेको एकल मानव व्यक्तिले एकैचोटि विभिन्न भूमिकाहरु ओग्टन सक्छ । एउटा व्यक्ति एकै समयमा पति, बुबा, एउटा मण्डलीको सदस्य र एउटा कर्मचारी हुन सक्छ ।

(ग) वा अर्को समानता समान जुम्ल्याहा वा क्लोन के हो । तिनीहरु अलग व्यक्ति हुन्, तर आनुवंशिक रुपमा तिनीहरु समान छन् ।

(घ) परमेश्वर प्रेम हुनुहुन्छ भन्ने कुरा हामी १ यूहन्ना ४:८ मा पढ्छौं । प्रेम परमेश्वरको प्रकृतिको यस्तो शक्तिशाली आयाम हो, यसले तीन व्यक्तिहरुलाई यति नजिक बाँध्छ कि उहाँहरु वास्तवमा एक हुन् र अविभाज्य छन् ।

(१) प्रेमलाई विषय र वस्तु चाहिन्छ । त्रिएकको रूपमा परमेश्वर नहुनु भएको भए, उहाँले मानिसलाई सृष्टि गर्नुभन्दा पहिले नै आफूलाई माया गर्नुहुने थियो ।

(२) विवाहमा दुइ व्यक्ति एउटै शरीर हुन्छन् भनी बाइबलले भन्छ (उत्पति २:२४; एफिसी ५:२८,२९) । हामीलाई विवाहमा कसरी एक दुइ र दुइ एक हो भनेर बुझ्न समस्या छैन् ।

(३) हामीले धेरै कारकहरू विचार नगरेसम्म यो अपूर्ण देखिन्छ, जसले मानिसलाई अलग गर्छ, तर परमेश्वरमा लागू हुँदैन् ।

(क) दुइ भौतिक वस्तुहरूले एउटै ठाँउ ओगट्न सक्दैनन् भनी भौतिक विज्ञानको नियमले बताउँछ । यो नियम परमेश्वरमा लागू हुनेछैन जो आत्मा हुनुहुन्छ ।

(ख) मानिसहरू विभिन्न अनुभवहरूद्वारा अलग छन् । यो परमेश्वरमा लागू हुँदैनन् ।

(ग) मानिस आफै, आफ्ना आवश्यकता र समस्याहरूमा व्यस्त

हुन्छन्, जसले गर्दा अरू मानिसहरूमा ध्यान केन्द्रित गर्न गाह्रो हुन्छ । यो समस्या परमेश्वरमा हुँदैनन् ।

(४) हामीले परमेश्वरलाई आत्मिक अंगको रूपमा पनि सोच्न सक्छौं। मानिसको शरीर मुटु, फोक्सो र मस्तिष्कबाट बनेको हुन्छ । प्रत्येक व्यक्ति आफैमा होइन्, तर यी सबैको मिलनले मात्र व्यक्ति एउटा व्यक्ति हुन्छ । तसर्थ, परमेश्वरका तीन व्यक्तित्वहरू एकअर्कामा निर्भर छन् कि एक बिना अर्काको अस्तित्व हुन सक्दैन् ।

(५) ईश्वरत्व पनि एक अर्कामा निर्भर हुन्छन् । परमेश्वरका सबै कामहरूमा उहाँहरू संलग्न हुनुहुन्छ (उदाहरण- सृष्टि, उत्पति १:१-२; कलस्सी १:१६-१७) ।

**(ङ) अधिनताको समस्याको बारेमा के छ? येशू पिताको इच्छा पूरा गर्न आउनुभयो । पिताले पठाउनुभयो । यसबाहेक, येशूले पवित्र आत्मा पठाउनुभयो ।**

(१) अधिनता सार वा वस्तुमा होइन तर कार्य वा काममा हुन्छ ।

(२) परमेश्वरको प्रत्येक सदस्यको आफ्नै विशिष्ट कार्य वा स्थान छन् ।

(३) आधिकारिक अधीनताको सारसँग कुनै सरोकार छैन । विवाहमा, बाइबलले महिलालाई कार्यमा पुरूषको अधीनमा राख्छ । तर यसको मतलब यो होइन कि उनी पुरूष व्यक्ति भन्दा कम छ, वा कुनै प्रकारको तल्लो वर्ग छ । दुवै समान मानव हुन् । तिनीहरूले केवल विभिन्न तरिकाले काम गर्छन् ।

(४) यो अधिनताले सम्भवतः एउटा अधिनतालाई मात्र जनाउँछ जुन उहाँले पृथ्वीमा आउँदा आफुमा लिनुभयो र अनन्त अधीनतालाई जनाउँदैन् (फिलिप्पी २:६-८) । जब ख्रीष्टले भौतिक शरीर लिनुभयो, उहाँ अझै पनि परमेश्वर हुनुहुन्थ्यो, तर केही सीमितताहरू समावेश थिए । भौतिक शरीर ग्रहण गर्नु भनेको पिताबाट अलग हुनु हो ।

(५) यहूदी संस्कृतिमा पुत्र शब्दले बुबाबाट उत्पन्न भएको कम, र बुबासँग छोराको समानतालाई बढी बुझाउँछ । "त्यसकारण यहूदीहरूले येशूलाई मार्न अझ बढी प्रयत्न गर्न लागे, किनकि उहाँले शबाथ- दिन भङ्ग गर्ने काम मात्र होइन्, तर आफैलाई

परमेश्वरको बराबरी तुल्याएर उहाँले परमेश्वरलाई आफ्नै पिता भन्नुभएको थियो" (यूहन्ना ५:१८) ।

## (IV) यसको मतलब के हो?

**(क) मण्डलीमा सबै ख्रीष्टियानहरु र मण्डलीका सबै सदस्यहरुलाई समान मूल्यको रुपमा लिइनेछ ।**

(१) हामी सबैमा पवित्र आत्माद्वारा बास गरेको हुनाले र एउटा सदस्यले अर्कोलाई हावी गर्ने वा जबरजस्ती गर्ने अवस्था अनुचित छ ।

(२) स्पष्ट रूपमा कसै- कसैको धेरै सार्वजनिक भूमिकाहरू हुन्छन् र तिनीहरूको योगदानहरू बढी स्पष्ट छन्, र सबै महत्वपूर्ण छ र सबै मिलेर काम नगरी शरीरले राम्रोसँग काम गर्दैन (१ कोरिन्थी १२) ।

**(ख) एउटा मण्डलीले अर्को मण्डलीको वास्ता गर्दछ ।**

(१) हाम्रो समाजमा, हामी आकारसँग प्रभावित हुन्छौं । मण्डली कस्तो हुनुपर्छ भन्ने बारेमा हामीले सोच्दा मण्डली बृहत हुनुपर्छ भनी ठान्छौं ।

(२) एउटा मण्डलीले अरू मण्डलीका साथै आफ्नै आवश्यकताहरूको लागि चिन्तित हुनेछ । हामी प्रतिस्पर्धामा छैनौं । हामी सम्भव भएसम्म स्रोतहरू साझा गर्नेछौं ।

**(ग) समाजमा, हामीले सबै मानिसहरुलाई समान सम्मान, मर्यादा र मूल्यको रुपमा हेर्नुपर्छ ।**

(१) हाम्रो समाजले सामान्यतया धेरै प्रतिभा वा पैसा भएका व्यक्तिहरूलाई बढी मूल्य दिन्छ ।

(२) के एकजना उत्कृष्ट धावक हजार वा दश हजार गुणा एउटा नर्स, शिक्षक जत्तिकै लायक हुन्छ? केही सुपर स्टारहरूलाई दिएको प्रशंसाको सुझाव दिन्छ कि उनीहरूको क्षति निर्माण कार्यकर्त्ताहरूको भन्दा धेरै गम्भीर हुनेछ । येशू हराएको भेडाको बारेमा चिन्तित हुनुहुन्छ ।

२

# ईश्वरत्वको महत्व

खीष्टियानिटीको सिद्धान्तमा सबैभन्दा विवादित र बहस गरिएको सिद्धान्त मध्ये ईश्वरत्वको शिक्षा पनि एउटा हो । यद्यपि यो सबैभन्दा आधारभूत पनि हो । हामीलाई परमेश्वरबारे बुझ्न गाह्रो हुन्छ भनी अचम्म मान्नुपर्दैन किनकि हामी सीमित दिमागले असीमित ईश्वरलाई बुझ्ने प्रयास गरिरहेका छौं । तैपनि, यो अति आवश्यक छ कि खीष्टियानहरूले यस महत्वपूर्ण शिक्षाको बुझाई राख्नुपर्छ । ईश्वरत्वको सिद्धान्तको अर्थ यो हो कि सबै तीन, पिता, पुत्र, र पवित्र आत्मा परमेश्वर हुनुहुन्छ, उहाँहरू तीन ईश्वर हुनुहुन्न्, तर एउटै हुनुहुन्छ । Godhead ल्याटिन शब्द हो जसको अर्थ एकमा तीन हो । यसरी ईश्वरत्वले परमेश्वरको तीन एकतालाई जनाउँछ । यो सिद्धान्त बुझ्न गाह्रो भएकोले, धेरैले यसलाई खुल्लमखुल्ला अस्वीकार गर्छन, वा तिनीहरूले यसलाई कुनै न कुनै रूपमा परिवर्तन गर्छन्, जसको परिणाम येशू वा पवित्र आत्मा वा दुवैको पूर्ण ईश्वरत्वलाई अस्वीकार गर्दछ । पाठको यस श्रृंखलामा हामी पहिले प्रश्न हेर्नेछौं, के ईश्वरत्वको सिद्धान्तले कुनै फरक पार्छ? त्यसपछि, हामी येशू र पवित्र आत्माको ईश्वरत्वको बाइबलीय प्रमाणहरू हेनेछौं । अन्तमा "के ईश्वरत्वको सिद्धान्तले कुनै अर्थ राख्छ?" भन्ने प्रश्नको हामी अध्ययन गर्नेछौं ।

**किन कसै-कसैले यो सिद्धान्तलाई त्याग्न खोज्छन्?**

सिद्धान्तले वास्तवमै थोरै फरक पार्छ भनी कसैले भन्दछ । तिनीहरूको विचारमा त्यहाँ कुनै महत्वपूर्ण नैतिक तर्क छैन्, जुन परिवर्तन हुनेछ, यद्यपि ईश्वरत्व सत्य थिएन् । धेरैजसो खीष्टियान साहित्यहरूमा थोरै परिवर्तन गर्नुपर्नेछ । व्यवहारिक रूपले भन्नुपर्दा, धेरै खीष्टियानहरूले वास्तवमा ईश्वरत्वको सिद्धान्त बुझ्दैनन्, त्यसो भए यसले के फरक पार्छ? धेरैले सत्यतालाई इन्साफ गर्ने मापदण्ड अनुसार, "यसले मेरो लागि के गर्छ?"

अर्को शब्दमा, यदि यसले मलाई मेरो लक्ष्य र इच्छाहरूमा पुग्न मद्दत गर्दैन् भने यसलाई खारेज वा बेवास्ता गर्नुपर्छ । यो सिद्धान्तले पनि विभाजन ल्याउँदछ । यसैले धेरै ख्रीष्टियानहरूको विचार अनुसार यसलाई त्याग्नुपर्छ भन्ने पक्षमा छन् । कसै- कसैको लागि यो येशूमा विश्वास गर्नको निम्ति ठूलो बाधा भएको छ । माथिका कारणहरूले गर्दा, धेरैले भन्दछन् कि ईश्वरत्वले ख्रीष्टियानहरूलाई थोरै मात्रामा व्यवहारिक फरक पार्छ र त्यसैले यो तुलनात्मकरूपले महत्वहीन छ ।

केही हदसम्म, ईश्वरत्वमा विश्वासको क्षयले सामान्यतया ख्रीष्टियान धर्मको पुनः परिभाषालाई प्रतिनिधित्व गर्दछ । आधुनिक समयको धर्ममा प्रायजसो भावनाहरू वा हामी बाँच्ने सामाजिक परिस्थितिहरूमा धर्मको प्रभावलाई जोड दिइन्छ । कुनै पनि अवस्थामा, ईश्वरत्व ती अवस्थाहरूसँग अप्रासंगिक छ । त्यसैले धेरैले फेरि यो सिद्धान्त त्याग्नुपर्छ भनेर जोड दिन्छन् ।

ईश्वरत्वको सिद्धान्त पनि अन्य धर्महरूसँग विवाद र उपहासको प्रमुख स्रोत हो । अन्य धर्महरूले प्रायः ख्रीष्टियानहरूलाई बहुईश्वरवादी भएको आरोप लगाउनेछन् । किनभने हामी ईश्वरत्वमा विश्वास गर्छौं, जसको अर्थ तिनीहरूको दिमागमा तीन देवताहरू हुन् । सबैभन्दा राम्रो सिद्धान्त, यो अचम्मलाग्दो छ, सबैभन्दा खराब, यो एउटा स्पष्ट विरोधाभास छ । ईश्वरत्व विवादको प्रमुख स्रोत भएकोले, फेरी धेरैले यस्तो विभाजनकारी सिद्धान्तलाई त्याग्न आग्रह गर्छन् ।

## ईश्वरत्वको महत्व

यद्यपि, यो सिद्धान्त सानो वा परिधीय होइन्, किनकि ईश्वर को हुनुहुन्छ भन्ने प्रकृतिसँग यो सम्बन्धित छ । ईश्वरको एउटा पक्ष अवतार हो, वा ईश्वर मानिस बन्नु हो । कठिनाइ र त्रासदीहरू हुँदा परमेश्वर कहाँ हुनुहुन्छ भनेर मानिस अक्सर सोच्दछ । अवतारले देखाउँछ कि परमेश्वर संसारको पीडासित उदासीन हुनुहुन्न्; बरू उहाँ यसलाई बचाउनको लागि संसारको हिस्सा बन्नुभयो । यो सिद्धान्तले निर्दोष तेस्रो पक्षलाई सजाय दिने कथित अनैतिक व्यवस्थालाई पनि हटाउँछ । यदि येशू ईश्वरत्वको अंश हुनुहुन्छ भने, उहाँ अनिच्छुक शिकार हुनुहुन्थ्यो ।

यसबाहेक, ईश्वरत्वले ख्रीष्टियान धर्मलाई अन्य धर्महरूबाट अलग गर्दछ । हाम्रो धार्मिक बहुलवादी समाजमा, सबै धर्महरूलाई आधारभूत रूपमा समान रूपमा हेरिन्छ, र तिनीहरू बीचको भिन्नताहरू मेलमिलाप वा बेवास्ता

गर्न सकिन्छ । यद्यपि, ईश्वरत्वले यस्तो विश्वासलाई असम्भव प्रदान गर्दछ । ईश्वरत्वलाई अन्य धर्ममा विलय गर्न मिल्दैन् । यो पृथक छ ।

हामीले कसलाई प्रार्थना गर्नुपर्छ भन्ने प्रश्न ख्रीष्टियानमाझ प्रायः चर्चा गरिन्छ । किनकि बाइबलले हामीलाई परमेश्वर पिता बाहेक अरू कसैलाई प्रार्थना गर्न आज्ञा दिँदैन् । त्यसैले सबै प्रार्थनाहरू केवल परमेश्वर पितामा निर्देशित हुनुपर्छ । यस दृष्टिकोणले प्रत्येक ईश्वरत्वको कामलाई पूर्णतया अलग-अलग रूपमा हेर्छ । यद्यपि, ईश्वरत्वको विचारले देखाउँछ कि केही कामहरू मुख्य रूपमा ईश्वरत्वको एक सदस्यको काम हुन सक्छ; यद्यपि, सबै पक्षमा संलग्न छन् । पवित्र आत्माले ख्रीष्टको नाममा परमेश्वरलाई हाम्रो प्रार्थनामा सहायता गर्नुहुन्छ (रोमी ८:२६-२७; यूहन्ना १५:१६; १६:२३) । यसरी, हामी परमेश्वर पितालाई प्रार्थना गर्न सक्छौं, सबै प्रार्थनाको जवाफमा संलग्न हुन्छन्, र यसले हामीलाई ईश्वरत्वका विभिन्न सदस्यहरूको काममा यस्तो दृढ विभाजनलाई प्रश्न गर्न बाध्य बनाउँछ । हाम्रा प्रार्थना र आराधनाहरू केवल परमेश्वर पिताको सट्टा त्रिएक परमेश्वरमा निर्देशित छन् ।

### त्यो ईश्वरत्वमा निर्भर छ भनी हामी कसरी एकअर्कासँग सम्बन्ध राख्छौं?

हामी कसरी एक अर्कासँग सम्बन्ध राख्ने भन्नको निम्ति ईश्वरत्व नमुना बन्छ । ईश्वरत्वका तीनै अंग सदा समान छन् । हामी अर्को पाठमा येशूको अधीनतालाई संकेत गर्ने केही खण्डहरू छलफल गर्नेछौं । तर यो भन्न पर्याप्त छ, कि येशूको कुनै पनि अधीनतालाई पृथ्वीमा उहाँको अवतारको अंशको रूपमा मानिनुपर्छ र अनन्त प्रकृतिको होइन् । जसरी उहाँ र पिता एक हुनुहुन्थ्यो, त्यसरी नै हामी एक हुनुपर्दछ भनी येशू भन्नुहुन्छ (यूहन्ना १७:११,२१) । यसरी, हामी उहाँका चेलाहरू कसरी एक हुनुपर्दछ भन्ने कुरालाई ठ्याक्कै बुझ्नको लागि ईश्वरत्वको एकता र एकताको बुझाइको आवश्यक छ ।

सर्वप्रथम, सबै ख्रीष्टियानहरूलाई समान मूल्यको रूपमा लिनुपर्छ । जबकि निश्चित रूपमा धेरैसँग फरक प्रतिभा, क्षमता र कार्यहरू छन् । यद्यपि, हामी परमेश्वको लागि मूल्य र मूल्यमा एक हौं । "अब न त यहूदी छ न ग्रीक, न कमारा छ न फुक्का, न त पुरूष छ न महिला छ, किनभने ख्रीष्ट येशूमा तिमीहरू सबै एक हौ" (गलाती ३:२७) । तसर्थ, कुनै पनि अवस्था जहाँ एक जना सदस्यले अर्कोलाई हावी गर्छ, वा एक व्यक्तिलाई कुनै न कुनै रूपमा मूल्यमा कम मानिन्छ भने त्यो अनुचित छ । मण्डलीभित्र

धेरै समस्याहरू विकसित भएका छन् जहाँ एक जना ब्यक्ति वा समुहले अरूको आवश्यकता, परिस्थिति, वा इच्छाहरूलाई बेवास्ता गर्दछ, र शक्ति संघर्षहरू विकसित भएका छन् । कसैले ईश्वरत्वभित्र शक्ति संघर्षको कल्पना गर्न सकिदैन; फलस्वरूप, यस्तो अवस्था मण्डलीमा पनि विकास हुनु हुँदैन् ।

दोस्रो, कुनै पनि ब्यक्तिलाई अर्कोभन्दा उच्च बनाउनु हुँदैन् । स्पष्ट रूपमा, प्रचारक वा मण्डलीका अगुवाहरूको भूमिका अरू केही सदस्यहरूको भन्दा बढी हुन्छन् । कसै- कसैसँग धेरै प्रतिभा वा क्षमताहरू हुन्छन्, र मण्डलीमा तिनीहरूको सार्वजनिक योगदान बढी भएको देख्न सकिन्छ । तिनीहरूको ठूलो आर्थिक उपलब्धिहरूको कारण, कसैले अरूले भन्दा बढी दिन सक्षम हुन्छन् । त्यस्ता परिस्थितिहरूमा, हामी अरूलाई भन्दा केही मानिसहरूलाई उच्च मूल्याङ्कन गर्ने स्वभाविक मानव प्रवृति हुन्छ । तर, परमेश्वरको नजरमा यो ठीक होइन् । दुइवटा उहाहरणहरू विचार गर्न सकिन्छ, जस्तै गरिब विधवा जसले दुइवटा स-साना सिक्कामात्र दिइन्, तैपनि, येशूले तिनको प्रशंसा गर्नुभयो र अरूले भन्दा बढी दिनुभयो भनी भन्नुभयो । याकूब २ अध्यायमा याकूबले पक्षपात देखाउने वा हाम्रो सम्मेलनहरूमा प्रवेश गर्न सक्ने धनीहरूलाई ठूलो सम्मान दिने कुराको निन्दा गर्दछ । हाम्रो समाजमा अवस्थित कुनै बाहय भिन्नताहरूको बावजुद परमेश्वरले सबै ख्रीष्टियानहरू लाई मूल्य वा मान्यतामा समान मान्नु हुन्छ, र हामीले पनि त्यसै गर्नुपर्छ ।

यसबाहेक, १ कोरिन्थी १२ मा पावलले मण्डलीलाई भौतिक शरीरसँग तुलना गरेका छन् । जसरी भौतिक शरीरमा धेरै फरक अंगहरू हुन्छन्, प्रत्येकको फरक कार्य हुन्छ, त्यसरी नै मण्डलीमा धेरै सदस्यहरू हुन्छन् र हरेकको आफ्नै कार्य हुन्छन् । तैपनि, कमजोर अंगहरूलाई महत्वहीन ठानिनु हुँदैन । प्रत्येकले समग्र रूपमा शरीरको एकता र सुधारको लागि काम गर्दछ । भौतिक शरीरमा, एउटा सानो भागले मात्र सही रूपमा काम नगर्दा पनि, हामी त्यो शरीरलाई पूर्ण र स्वस्थ मान्दैनौं । त्यसैगरी, मण्डली जसमा सबै सदस्यहरू एकताबद्ध छैनन् भने समान मूल्यमा सम्पूर्ण शरीर स्वस्थ मानिनु हुँदैन् ।

झुण्डहरूबीचको सम्बन्धमा पनि यही सिद्धान्त देख्न सकिन्छ । धेरै पटक, एउटा मण्डलीको कामले अरू काम वा मण्डलीहरूमा असर पार्न सक्छ भनेर कुनै विचार नगरी गरिन्छ । मण्डलीहरू प्रायः एकअर्कासँग प्रतिस्पर्धात्मक हुन्छन्, प्रत्येकले आफू अरूभन्दा ठूलो बन्ने प्रयास गर्दछ । बढ्ने प्रयास गर्नुमा कुनै गल्ती छैन्, हामीले सधै अरू मण्डलीहरूलाई विचार गर्नुपर्छ । ख्रीष्टियान

धर्म व्यवसायको प्रतिस्पर्धा जस्तो होइन्, जसमा साना व्यवसायहरूलाई ठूलाहरूले व्यापारबाट बाहिर राख्छन्, र कोही-कोही यसबाट दुःखी हुन सक्छन्, हामी यस्तो अवस्थालाई स्वभाविक र सामान्य मान्दछौं । मण्डलीहरूले आफ्ना स्रोतहरू अरूलाई मद्दत गर्नको लागि प्रयोग गर्नुपर्छ, बरू तिनीहरू लाई आफ्नै प्रयोगको लागि कडाइका साथ राख्नुपर्छ । ईश्वरत्वको एउटा सदस्यले अन्य सदस्यहरूलाई पर्ने प्रभावलाई विचार नगरी आफ्नो काम आफैले गर्छ भन्ने परिदृश्य हामी कहिल्यै कल्पना गर्न सक्दैनौं । त्यसकारण, जब हामी ईश्वरत्वलाई प्रतिबिम्बित गर्छौं, मण्डलीहरू अन्य मण्डलीहरूको कल्याणको लागि चिन्तित हुनेछन् ।

हाम्रो परिवारमा पनि यही सिद्धान्त देख्न सकिन्छ । कुनै पनि सदस्यलाई परिवारको लागि महत्वहीन वा कम मूल्यको रूपमा हेरिनु हुँदैन् । त्यसै गरी, कुनै पनि व्यक्ति अल्छी हुनु हुँदैन र घरको कल्याणमा थोरै योगदान दिनु हुँदैन् । ईश्वरत्वमा सबै एकताबद्ध हुन्छन् । एउटै लक्ष्यका लागि काम गर्छन् । त्यसकारण, जब हामी हाम्रो जीवनमा ईश्वरत्वलाई प्रतिबिम्बित गर्छौं, तब जो कोहीले पनि स्वार्थी रूपमा आफ्नो इच्छा खोज्नुको सट्टा घरका सबै जना मिलेर परिवारको भलाइको लागि काम गर्नुपर्छ ।

**निष्कर्ष**

ईश्वरत्वले हाम्रो जीवनमा पार्ने भिन्नताको बारेमा हामीले छलफल गरिरहेका छौं । परमेश्वर र ख्रीष्ट आफ्ना सेवकहरूको जीवनमा बस्नुहुन्छ । पावलले गलाती २ः२१ मा लेखेका छन्, "म ख्रीष्टसँगै कूसमा टाँगिएको छु । अब बाँच्ने म होइन्, तर ख्रीष्ट ममा बस्नुहुन्छ"। यदि परमेश्वर हामी मार्फत बाँच्नु हुन्छ भने, हामीले परमेश्वरको स्वभावलाई बुझ्नुपर्छ । ख्रीष्टियनको हैसियतमा हामी कसरी एकअर्कासँग सम्बन्ध राख्नुपर्छ भनेर हामी बारम्बार छलफल गर्छौं, हामी प्रायजसो बिर्सन्छौं वा ठयाक्कै किन थाहा छैन् । हामी सामान्यतया भन्छौं कि प्रेमले हामीलाई एक निश्चित तरिकामा कार्य गर्न माग गर्दछ । त्यो सत्य हो, तर त्यो पनि परमेश्वरमा फर्किन्छ, किनकि परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४ः८) । हामीले हरेक परिस्थितिमा एकअर्काप्रति कसरी व्यवहार गर्ने भन्ने कुरा अन्ततः ईश्वरत्वमा प्रर्दशित एकता र प्रेममा फर्कन्छ । यदि हामीले ईश्वरत्वलाई हटायौं भने, हामीले आफ्नो जीवनको नमुना बनाउनु पर्ने आधारलाई नै हटाइदिन्छौं । के यसले कुनै फरक पार्छ? आशा छ, तपाई सहमत हुनुहुनेछ कि यसले धेरै फरक पार्छ ।

नामः..............................................भर्ना नम्बर..........................

## प्रश्नहरु

(१) ईश्वरत्वले केलाई जनाउँछ?
—

(२) येशूको अवतारले केलाई जनाउँछ?
—

(३) अवतारको एउटा महत्वपूर्ण नतिजा के हो?
—

(४) याकूब २ मा याकूबले के को निन्दा गर्छ?
—

(५) हाम्रो भूमिकामा ईश्वरत्वको विचारले परिवारमा कस्तो प्रभाव पार्छ?
—

## सही/गलत

(१) सबै धर्महरूमा ईश्वरत्वको समान सिद्धान्त छ । साँचो/गलत
-

(२) धेरै मानिसहरूको दिमागमा, ईश्वरत्वको व्यावहारिक महत्व कम छ । साँचो/गलत
-

(३) सबै ख्रीष्टियानहरू एकअर्काको लागि समान मूल्यका छन् । साँचो/गलत
-

(४) मण्डलीहरू आफैमा केन्द्रित हुनुपर्छ र अन्य मण्डलीहरूको हितमा थोरै चासो देखाउनुपर्छ । साँचो/झुटो
-

(५) ईश्वरत्व त्यो जग हो जसमा हामीले हाम्रो जीवनलाई ढाँचा दिन्छौं । साँचो/गलत
-

# ३

# येशू परमेश्वर हुनुहुन्छ

पिता परमेश्वर हुनुहुन्छ भन्ने कुरामा धेरै जसो सहमत हुनेछन् । परमेश्वरमा विश्वास गर्ने जो कोहीले पनि परमेश्वर पिता ईश्वर हुनुहुन्छ भन्ने कुरामा सहमत हुनेछन् । त्यसैले हामी यसलाई सत्य मान्नेछौं । यस पाठमा हामीले सम्बोधन गर्ने प्रश्न यो हो कि येशू परमेश्वर हुनुहुन्छ ।

**उहाँको पूर्व–अस्तित्व**

येशूको पार्थिव जीवन अघि उहाँको पूर्व-अस्तित्वलाई स्पष्ट रूपमा प्रमाणित गर्ने एउटा पद यूहन्ना १:१: हो । "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो ।" हामी वचन र परमेश्वरबीचको भिन्नता देख्छौं, किनभने वचन परमेश्वरसँग थियो । परमेश्वर आफैसँग हुनुहुन्थ्यो भन्नु मूर्खता हुनेछ । यद्यपि, हामी देख्छौं कि वचन परमेश्वर हुनुहुन्थ्यो, अर्थात, उहाँमा परमेश्वरको स्वभाव थियो । हामी समान भिन्नता यूहन्ना १:१४ मा देख्छौं । वचन देहधारी हुनुभयो भन्ने कुरा हामी पढछौं, जुन स्पष्ट रूपमा येशूको सन्दर्भ हो । बप्तिस्मा दिने यूहन्नाले पद १५ मा घोषणा गर्दछ कि श्रेणीबद्धरूपमा येशू उहाँको अगाडि हुनुहुन्छ, किनभने येशू बप्तिस्मा दिने यूहन्ना भन्दा अगाडि हुनुहुन्थ्यो । येशू यूहन्ना भन्दा पहिले जिउनुभएको थियो, तर उहाँ शारीरिक रूपमा यूहन्ना जन्मेको लगभग ६ महिना पछि जन्मनुभयो ।

यूहन्ना ८:५८ मा येशूले भन्नुभयो, "अब्राहाम हुनुभन्दा अघिबाटै म छँदैछु ।" यो वाक्यांशलाई प्रस्थान ३:१४-१५ मा यहोवा परमेश्वरको स्व-अस्तित्वलाई जनाउन प्रयोग गरिएको थियो । येशूले उहाँ अब्राहामभन्दा पहिले जीवित हुनुहुन्थ्यो भन्ने कुरामात्र होइन, बरू उहाँले आफूलाई

परमेश्वर पिताको समान पदनाम लागू गर्नुभयो, यसरी आफूलाई परमेश्वरको बराबर र परमेश्वरको स्वरूपको अस्तित्वमा राख्नुभयो ।

उहाँ स्वर्गबाट आउनुभयो । यूहन्ना ३:१३ मा येशू निकोदेमससँग बोल्दै गर्नुहुँदा उहाँ भन्नुहुन्छ, "स्वर्गबाट ओर्लिआउने मानिसको पुत्रबाहेक कोही पनि स्वर्गमा उक्लेको छैन् ।" मानिसको पुत्र स्पष्ट रूपमा येशू आफैको सन्दर्भ हो । यसरी येशूले घोषणा गर्नुहुन्छ कि उहाँ पृथ्वीमा आउनु अघि स्वर्गमा जीवित हुनुहुन्थ्यो । येशूले यूहन्ना ६:५१ मा यस्तो घोषणा गर्नुहुन्छ, "स्वर्गबाट ओर्लिआएको जिउँदो रोटी म नै हुँ ।" यसबाहेक, येशूले यूहन्ना ६:६२ मा उच्चारण गर्नुहुन्छ, "तिमीहरूले मानिसको पुत्रलाई जहाँ ऊ अघि थियो त्यहाँ उक्लँदैगरेको देख्यौ भने नि कसो?" येशू पृथ्वीमा आउनु अघि उहाँ जहाँ हुनुहुन्थ्यो उहाँको मृत्युपछि उहाँ स्वर्गमा फर्कनुभयो ।

सबै यहूदीहरूले भजनसंग्रह ११० लाई मसीह भजनको रूपमा स्वीकार गरेका छन् । पहिलो पदमा हामी पढछौं, "परमप्रभु मेरा प्रभुलाई भन्नुभयो, 'तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाको पाउदान तुल्याउँदिनँ ।" पहिलो "परमप्रभु" परमेश्वर पिता हुनुहुन्छ, र दोस्रो "प्रभु" मसीहको सन्दर्भ हो । यसरी दाऊदले प्रेरणाद्वारा आफ्नो नजन्मेको सन्तानलाई परमप्रभु भनेर बोलाउँछन् । कसरी मसीह दाऊदको प्रभु र उहाँको सन्तान हुन सक्नुहुन्छ? येशूले यो भजन आफैमा लागू गर्नुहुन्छ । "त्यसोभए दाऊदले आत्मामा प्रेरणा पाएर उहाँलाई प्रभु भनी कसरी पुकार्न सक्छन्? उनी भन्छन्, 'परमप्रभुले मेरा प्रभुलाई भन्नुभयो, "तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पैतालामुनि राख्दिन"। यदि दाऊले उहाँलाई प्रभु भन्दछन् भने, उहाँ कसरी तिनको पुत्र हुन्छ र?" (मत्ती २२:४३-४५) । यसरी, यदि येशू मसीह हुनुहुन्थ्यो भने, उहाँ पूर्व-अस्तित्वमा, वा अर्को शब्दमा, परमेश्वर हुनुपर्छ । यहूदीहरूले मसीहको बारेमा तिनीहरूको गलत बुझाइको कारणले यो बुझ्न समस्या भएको थियो ।

**परमेश्वरका नाउँहरु येशूलाई प्रयोग हुन्छ ।**

यशैया ४२:८ मा परमेश्वर भन्नुहुन्छ, "म परमप्रभु (यहोवा) हुँ, मेरो नाउँ त्यही हो; मेरो महिमा म अरूलाई दिनेछैनँ...।" मत्तीले प्रेरणाप्राप्त लेख यशैया

४०:३ बाट उदधृत गर्दै, र त्यसो गर्दा, येशूलाई यहोवा नाम प्रयोग गर्दछ । तीतस २:१३ मा तीतसले घोषणा गर्दछ कि हामीले धन्य आशा र हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको महिमित उपस्थितिको खोजी गर्नुपर्छ । येशूलाई परमेश्वर भनिएको कुरा याद गर्नुहोस् ।

येशूको ईश्वरत्वको स्पष्ट घोषणा यूहन्ना २० अध्यायमा पाइन्छ । थोमा बाहेक येशू आफ्ना सबै चेलाहरूसामु देखा पर्नुभयो, र जब चेलाहरूले थोमालाई उनीहरूले येशूलाई देखेका थिए भने, तब उनले भन्यो कि "जब सम्म म उहाँका हातमा कीलाहरूका डोब देख्दिनँ, र कीलाहरूका डोबमा मेरा औंला हाल्दिनँ, तबसम्म म विश्वास गर्दिन् ।" अर्को आइतबार, येशू फेरि उहाँका चेलाहरूकहाँ देखा पर्नुभयो, यस पटक थोमा पनि उपस्थित थियो । येशू जीवित हुनुभएको व्यक्तिगत पुष्टि भएपछि, थोमाले "मेरा प्रभु र मेरा परमेश्वर" भनी घोषणा गरे । यो अवस्थामा परमेश्वरको लागि ग्रीक शब्द "थियोस" थियो, जुन यूहन्नाको सुसमाचारमा धेरै पटक प्रयोग गरिएको छ, र सधैं परमेश्वरलाई जनाउँछ । यसरी, हामीसँग यो दृढ घोषणा छ कि जसरी पिता परमेश्वर हुनुहुन्छ, त्यसरी नै येशू पनि परमेश्वर हुनुहुन्छ ।

येशूलाई अल्फा र ओमेगा, पहिलो र अन्तिम भनिन्छ । ग्रीक वर्णमालाको पहिलो अक्षर अल्फा हो भने, ग्रीक वर्णमालाको अन्तिम अक्षर ओमेगा हो । यहोवाले यशैया ४४:६ मा घोषणा गर्नुहुन्छ, "पहिलो र पछिल्लो म नै हुँ । मबाहेक अरू परमेश्वर छैन ।" सर्वशक्तिमान् परमेश्वर अल्फा र ओ मेगा हुनुहुन्छ भन्ने कुरा हामी प्रकाश १:८ मा पढ्छौं । केही पदहरूपछि प्रकाश १:१७ मा, येशूले प्रेरित यूहन्नालाई भन्नुहुन्छ कि उहाँ पहिलो र अन्तिम हुनुहुन्छ । प्रकाश २२:१२-१३ मा येशूलाई उही शीर्षकहरू प्रयोग गरेको छ । यसरी, दुवै बराबर हुनुहुन्छ भनेर प्रमाणित गर्दै उही शीर्षकहरू येशू र सर्वशक्तिमान् परमेश्वर दुवैलाई प्रयोग गरिन्छ ।

येशू उहाँको आज्ञा पालन गर्ने सबैको मुक्तिको लेखक, वा स्रोत हुनुहुन्छ भनी हिब्रू ५:९ मा हामी पढ्छौं । अरू कसैमा मुक्ति छैन (प्रेरित ४:१२) । परमेश्वरबाहेक अरू कसैले मानिसहरूलाई तिनीहरूका पापबाट बचाउन सक्दैन् । मरियमलाई मत्ती १:२१ मा उनको बच्चाको नाउँ येशू राख्नु भनिएको थियो, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापहरूबाट बचाउनुहुनेछ । परमेश्वरले गर्न सक्ने काम ख्रीष्टले मात्र गरिरहनुभएको

हुनाले येशूलाई परमेश्वरसँगको बराबरी मान्दछ । येशूलाई इम्मानुएल पनि भनियो, जसको अर्थ "परमेश्वर हामीसँग हुनुहुन्छ ।"

पावलले कलस्सी २:९ मा परमेश्वरको पूर्णता (ईश्वर) येशूमा बास गर्नुभयो भनी घोषणा गर्दछ, तर उहाँ स्वयं आफै परमेश्वर हुनुहुन्न् । जब पावलले परमेश्वरको पूर्णता येशूमा वास गर्छ भनी भन्छन्, उनले परमेश्वरलाई परमेश्वर बनाउने सबै कुरा पनि येशूमा बास गर्छ भनिरहेका छन् । अर्को शब्दमा भन्नुपर्दा, जसरी पिता परमेश्वर हुनुहुन्छ, त्यसरी नै येशू पनि परमेश्वर हुनुहुन्छ ।

**परमेश्वरका गुणहरु सबै येशूमा छन् ।**

येशू परमेश्वर जस्तै अनन्त हुनुहुन्छ । यशैया ९:६ मा यशैया लेख्दछ, "किनभने हाम्रा निम्ति एक जना बालकको जन्म भएको छ । हाम्रा निम्ति एक जना छोरो दिइएको छ । शासन उहाँको काँधमा हुनेछ । उहाँ अचम्मको सल्लाहकार, शक्तिशाली परमेश्वर, अनन्तका पिता, शान्तिका राजकुमार कहलाइनुहुनेछ ।" यी सबै नाउँहरू धर्मशास्त्रका अन्य ठाउँहरूमा परमेश्वरलाई प्रयोग गरिएको छ । हिब्रू १:८ पद भजनसंग्रह ४५:६ को उद्धरण हो, "हे परमेश्वर, तपाईको सिंहासन सदासर्वदाको निम्ति रहन्छ...।" भजनसंग्रह ४५ स्पष्टरूपमा परमेश्वरको सन्दर्भ हो, र पुत्र स्वर्गदूतभन्दा ठूलो हुनुहुन्छ; यसरी हामीसँग येशूको ईश्वरत्वको अर्को प्रमाण छ, किनभने उहाँले सबै चीजहरू सृष्टि गर्नुभयो (कलस्सी १:१६-१७) ।

येशूलाई सर्वशक्तिमान (सबै शक्ति भएको) भनी घोषणा गरिएको छ । सबै थोक वचनद्धारा बनिए भनी यूहन्ना १:३ ले घोषणा गर्छ । सबै थोक बनाउनुहुने परमेश्वर हुनुहुन्थ्यो (हिब्रू ३:४); तसर्थ, येशूले सबै चीजहरू सृष्टि गर्नुभएको हुनाले, उहाँ परमेश्वर हुनुपर्छ । यसबाहेक, पावलले कलस्सी १:१६ मा घोषणा गर्छन, "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए...सबै थोक उहाँद्धारै र उहाँकै निम्ति सृजिएका हुन् ।" येशूले सबै थोक सृष्टि गर्नुभयो, यसैले येशू परमेश्वर हुनुपर्छ ।

येशूले सबैकुरा जान्नु हुन्थ्यो । यूहन्ना २:२४-२५ मा यूहन्नाले लेखेका छन्, "तर येशूले आफैलाई तिनीहरूका भरमा छोड्नुभएन्, किनकि मानिस के हो भनी उहाँ जान्नुहुन्थ्यो, उहाँलाई मानिसको विषयमा कसैले सिकाउनु

आवश्यक थिएन, किनकि मानिसको हृदयमा के हुन्छ, सो उहाँ स्वयम् जान्नुहुन्थ्यो ।" मानिसको हृदयलाई परमेश्वरले मात्र जान्न सक्नुहुन्छ । यसैले, येशूलाई परमेश्वर भनी घोषण गरिएको छ ।

**परमेश्वरका कार्यहरु येशूमा लागू हुन्छन् ।**

यूहन्ना ६ अध्यायमा येशूले ५००० मानिसहरूलाई खुवाउनु भएपछि उहाँले भन्नुभयो कि उहाँ जीवनको रोटी हुनुहुन्छ (यूहन्ना ६:४८, ५१, ५३-५८) । यसको अर्थ येशूले आत्मिक रोटीको रूपमा आत्मिक जीवन जिउनुहुन्छ । यो दाबी कोही मानिसले गर्न सक्दैनन् । यूहन्ना ११:२५-२६ मा येशूले भन्नुभयो कि उहाँ पुनरूत्थान र जीवन हुनुहुन्थ्यो । त्यसपछि त्यो दाबीलाई प्रमाणित गर्न लाजरसलाई मृतकबाट जीवित पार्नुभयो । यसको अर्थ उहाँसँग जीवन दिने शक्ति पनि छ । किनकि जसरी पिताले मरेकाहरूलाई जीवित पार्नुहुन्छ र तिनीहरूलाई जीवन दिनुहुन्छ, त्यसरी नै पुत्रले जसलाई इच्छा गर्नुहुन्छ त्यसलाई जीवन दिनुहुन्छ (यूहन्ना ५:२१) । केवल परमेश्वरले मात्र जीवन दिन सक्नुहुने भएकोले येशू पनि परमेश्वर हुनुपर्छ । येशूले शबाथको प्रभु भएको दाबी गर्नुभयो (मत्ती १२:८) । परमेश्वरले शबाथ बनाउनुभएको हुनाले, केवल परमेश्वर शबाथको प्रभु हुन सक्नुहुन्छ ।

येशूले धेरै ठाउँमा परमेश्वरसँग बराबर भएको दाबी गर्नुभयो । उहाँले भन्नुभयो, "पिता र म एकै हौं ।" यसबाट उहाँको अर्थ उहाँ परमेश्वरसँग समान सम्मानको योग्य हुनुहुन्छ भनी बताउनुभयो । यहूदीहरूले यो दाबीलाई स्पष्ट रूपमा बुझेर तिनीहरूले उहाँलाई मार्न ढुङ्गाहरू उठाए । जब येशू आफ्नो परीक्षाबाट गुज्रिरहनुभएको थियो, प्रधान पूजाहारीले उहाँलाई ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ भनी स्पष्टसँग सोध्यो (मत्ती २६:६३-६४) । शपथ अन्तर्गत, येशूले भन्नुभयो, "म हुँ ।" उहाँले पाप क्षमा गर्ने शक्ति भएको दाबी गर्नुभयो, र सबैलाई थाहा थियो कि केवल परमेश्वरले मात्र पापहरू क्षमा गर्न सक्नुहुन्छ । मर्कूस २:१-१२ मा उहाँले एकजना पक्षघाती मानिसलाई उसको पाप क्षमा भएको बताएपछि निको भयो । केवल परमेश्वरले मानिसलाई निको पार्न सक्नुहुन्छ । यसरी, आश्चर्यकर्मले येशूको दाबीलाई प्रमाणित गर्नुभयो । येशूले सबै मानिसहरूको न्यायकर्त्ता भएको दाबी पनि गर्नुभयो । किनकि पिताले कसैको न्याय गर्नुहुन्न, तर न्याय

पुत्रलाई सुम्पनुभएको छ (यूहन्ना ५:२२) ।

**ईश्वरीय आराधना येशूलाई दिइएको थियो ।**

यूहन्ना ९ अध्यायमा येशूले एक जना मानिसलाई निको पार्नुभयो जो जन्मजात अन्धो थियो । केहि समयपछि, येशूले फेरि त्यस मानिससँग कुरा गर्नुभयो र उसलाई सोध्नु भयो कि उसले मानिसको पुत्रमा विश्वास गर्थे । त्यो मानिसले मानिसको पुत्र को हो भनेर सोध्यो । त्यसपछि येशूले घोषणा गर्नुभयो कि उहाँ मानिसको पुत्र हुनुहुन्छ, र मानिसको जवाफ याद गर्नुहोस् । “प्रभु, म विश्वास गर्दछु, र त्यसले उहाँलाई दण्डवत गर्‍यो” (यूहन्ना ९:३८) । मत्ती १४:३३ मा एउटा समान घटनालाई उल्लेख गरेको छ, “डुङ्गामा हुनेहरूले उहाँलाई दण्डवत गरे, र भने, ‘साँच्चै तपाई परमेश्वरका पुत्र हुनुहुन्छ ।” येशूले उपासनालाई स्वीकार गर्नुभयो, जुन एउटा यहूदीले कहिल्यै पनि गर्दैन् थिए । सबै यहूदीहरूले बुझेका थिए कि केवल परमेश्वर नै आराधनाको योग्य हुनुहुन्छ । येशू परमेश्वर नहुनुभएको भए येशूले आराधना स्वीकार गर्नुहुने थिएन् र उहाँका चेलाहरूले उहाँलाई आराधना गर्ने थिएनन् ।

परमेश्वरले स्वर्गदूतहरूलाई उहाँको पुत्रको उपासना गर्न आज्ञा दिनुभएको बारेमा पनि हामीले पढेका छौं । हिब्रू १:६ लाई ध्यान दिनुहोस् । “आफ्नो प्रथम जन्मेकाहरूलाई संसारमा ल्याउनुहुँदा उहाँ फेरि भन्नुहुन्छ, ‘परमेश्वरका सारा स्वर्गदूतहरूले उहाँलाई पुजून् ।” यो पद व्यवस्था ३२:४३ बाट उद्धरण गरेको हो । प्रथम जन्मेको स्वभाविक रूपमा परमेश्वरको पुत्र वा येशूको सन्दर्भ हो । परमेश्वर नभएको कसैको आराधना गर्न स्वर्गदूतहरूलाई परमेश्वरले कहिल्यै पनि आज्ञा दिनुहुन्न् ।

**निष्कर्ष**

धेरै अन्य सन्दर्भहरू छन् जुन उल्लेख गर्न सकिन्छ । येशूलाई परमेश्वरको बराबर हो भनेर संकेत वा स्पष्ट रूपमा घोषणा गर्न सकिन्छ, तर यी पर्याप्त हुनुपर्छ । बाइबलमा विश्वास गर्ने कोही पनि खुल्ला दिमागको व्यक्तिले बुझ्नुपर्छ कि येशू परमेश्वर हुनुहुन्छ, जसरी पिता परमेश्वर हुनुहुन्छ ।

म................................................भर्ना नम्बर..............................

## प्रश्नहरु

(१) “म हुँ” भन्ने वाक्यांशले के संकेत गर्छ?

—

(२) भजनसंग्रह ११० को मसीह कसरी दाऊदको मालिक र उहाँको सन्तान हुन सक्छ?

—

(३) येशूको सन्दर्भमा मेरो प्रभु र मेरो परमेश्वर भनी कसले घोषणा गर्‍यो?

—

(४) जब येशूले परमेश्वरको पुत्रलाई जीवन दिनुहुन्छ भनेर घोषणा गर्नुभयो, यसले उहाँको ईश्वरत्व कसरी प्रमाणित गर्छ?

—

(५) पिता र म एकै हौं भनी येशूले भन्नुहुँदा त्यसको के अर्थ लागेको थियो?

—

## सही/गलत

(१) जब येशूले अब्राहामभन्दा अघि जिउने कुराको दाबी गर्नुभयो, उहाँले भन्नु भएको थियो कि उहाँसँग परमेश्वर पिताको जस्तै स्व-अस्तित्व थियो । सही/गलत

-

(२) येशू सृष्टिकर्त्ता हुनुहुन्थ्यो, उहाँ परमेश्वर पनि हुनुपर्छ । सही/गलत

-

(३) एउटै शीर्षकहरू परमेश्वर र येशू दुवैमा लागू हुने भएकोले, हामी जान्दछौं कि येशू पनि परमेश्वर हुनुहुन्छ । सही/गलत

-

(४) येशू पृथ्वीमा हुँदा कसैले पनि उहाँको आराधना गरेनन् । सही/गलत

-

(५) येशू सबै मानिसहरूको न्यायकर्त्ता भएको दाबी गर्नुभयो । सही/गलत

-

४

# हामीले परमेश्वरलाई बुझ्न सक्दैनौं

***हामीले परमेश्वरलाई बुझ्न सक्दैनौं (अयूब ११:७)***

**(१) येशू अनन्त हुनुहुन्छ ।**

पुत्र परमेश्वरको रूपमा, उहाँ मानिसको शरीरमा अवतार हुनुहुँदा अनन्तता त्याग्नुभएन । परमेश्वरले परमेश्वरको रूपको अस्तित्वलाई अन्त्य गर्ने निर्णय गर्न सक्नुहुन्न । येशू अनन्त पिता, शान्तिका राजकुमार हुनुहुन्थ्यो र सधै हुनुहुनेछ (यशैया ९:६) । "उहाँको शुरू पुरानो समयदेखि, अर्थात प्राचीनकालदेखि नै छ" (मीका ५:२) ।

**(२) येशू अपरिवर्तनीय हुनुहुन्छ ।**

पुत्र आफ्नो ईश्वरत्वमा अपरिवर्तनीय हुनुहुन्छ । "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ" (हिब्रू १३:८) । येशूको बारेमा हिब्रू लेखकले यसो भन्दछ, "खास्टोझैं तपाईले तिनीहरूलाई लपेट्नुहुन्छ, वस्त्रझैं ती फेरिनेछन् । तर तपाई एकैसाथ हुनुहुन्छ, र तपाईका वर्षहरूको अन्त्य कहिल्यै हुनेछैन" (हिब्रू १:१२) ।

**(३) येशू सर्वशक्तिमान हुनुहुन्छ ।**

**(क) अवतार हुनु अघि पुत्रको शक्तिः**

परमेश्वरको रूपमा पुत्र सुरूमा र सृष्टिमा सक्रिय हुनुहुन्थ्यो (उत्पति १:२६,२७) । सृष्टिको सन्दर्भमा, यो सबै थोक सृष्टि

गर्ने पुत्र हुनुहुन्थ्यो (यूहन्ना १:३) । पावलले कलस्सी १:१६ मा भनेका छन्, "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए । स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारीहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन् ।" परमेश्वर पिता, पुत्र र पवित्र आत्माले सृष्टि गर्नको निम्ति आज्ञा गर्नुभयो । तर पावलले सृष्टिको काम गर्ने परमेश्वर पुत्र नै हुनुहुन्थ्यो भनी संकेत गरेको देखिन्छ ।

**(ख) पृथ्वीमा पुत्रको शक्ति:**

पुत्रको अवतारको समय र पृथ्वीमा सेवकाईको सन्दर्भमा, उहाँ मानिसको रूपमा आउनुहुँदा येशूले पिताबाट शक्ति त्याग्नुभयो । पावल लेख्दछ, "परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन । तर आफैलाई रित्याईकन कमाराको रूप धारण गरेर तथा मनुष्य भएर जन्मनुभयो (फिलिप्पी २:६,७) । जब उहाँ मानिसको रूपमा आउनुभयो, कुनै न कुनै रूपमा र केहि हदसम्म येशूले आफूलाई रित्तो गर्नुभयो । यद्यपि, पृथ्वीमा उहाँ पवित्र आत्माले भरिनुभएको थियो (लूका ४:१) । उहाँले प्राकृतिक नियमलाई नियन्त्रण गर्नुभयो । केवल परमेश्वरले मात्र त्यो गर्न सक्नुहुन्छ (मर्कूस ४:३९-४१) ।

**(ग) पुत्र सर्वज्ञानी परमेश्वरको रुपमा:**

जसरी हामी पितालाई सर्वज्ञानी मान्छौं, त्यसैगरी येशू पनि सर्वज्ञानी हुनुहुन्छ भनेर मान्नुपर्छ । पृथ्वीमा रहँदा उहाँले मानिसहरूका विचारहरू जान्नुभयो (मत्ती ९:४; लूका ५:२२) । मानिसमा के छ भन्ने कुरा उहाँलाई थाहा थियो (यूहन्ना २:२५) ।

येशूले शरीरमा अवतार लिनुहुँदा परमेश्वरको समानतालाई कसरी त्याग्नु भयो भन्ने बारेमा हामी आश्चर्यचकित हुन्छौं । तथ्य यो हो कि हामीले हाम्रा जिज्ञासाहरूको जवाफ कहिल्यै थाहा पाउने छैनौं । हामीलाई केवल धर्मशास्त्रमा भनिएको छ कि त्यहाँ केही गोप्य कुराहरू छन्, जुन परमेश्वरले प्रकट नगर्न रोज्नुभएको छ (व्यवस्था २९:२९) ।

## (४) परमेश्वरको पूर्णता अवतारी वचनमा बास गऱ्यो ।

पावल घोषणा गर्दछ, "किनकि उहाँको आफ्नो सारा पूर्णता ख्रीष्टमा वास गरेकोमा परमेश्वर प्रसन्न हुनुभयो" (कलस्सी १:१९) । कलस्सी २:९ मा पावलले थप्दै भन्दछ, "किनकि ख्रीष्टमा ईश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्दछ ।" येशू मानव हुनुहुन्थ्यो, तर उहाँमा ईश्वर बास गर्नुभयो । उहाँ परमेश्वर र मानिसको मिलन हुनुहुन्थ्यो । येशू अगमवक्ता हुनुहुन्थ्यो । पावल आफ्ना पाठकहरूले परमेश्वरको सम्पूर्ण पूर्णता परमेश्वरको पुत्रमा वास गरेको कुरा बुझ्न चाहन्छन् । पुत्र परमेश्वरबाट उत्पन्न भएको होइन् । उहाँ परमेश्वरको तर्फबाट कमजोर दूत हुनुहुन्। उहाँ परमेश्वर हुनुहुन्छ । ख्रीष्टको सन्दर्भमा, ग्रीक शब्द "प्लेरोमाले" शक्तिको समग्रता र विशेषताहरू लाई बुझाउँछ जुन ईश्वरवादद्वारा ख्रीष्टमा भएको थियो । येशू अब साँचो परमेश्वर र अनन्त जीवन हुनुहुन्छ भनी यूहन्नाले पुष्टि गरे (१ यूहन्ना ५:२०) । पावल भन्दछ कि येशू पनि शरीर अनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, "सर्वोच्च परमेश्वर, जसको युगानयुग स्तुति होस्" (रोमी ९:५) । ख्रीष्टियानहरूको हैसियतमा, "हाम्रो धन्यको आशा–हाम्रा महान परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टका महिमाको आगमनको हामी प्रतिक्षा गर्दछौं" (तीतस २:१३; २ पत्रुस १:१) । पुत्रलाई यसो भनिएको थियो, "हे परमेश्वर, तपाईको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ" (हिब्रू १:९) । कम्तिमा येशूको वर्तमान अवस्थामा उहाँ एक जना मानिस भन्दा बढी, एक जना अगमवक्ता भन्दा बढी, उहाँ पृथ्वीमा हुनुहुँदा उहाँसँग भएको भन्दा धेरै अधिकारको स्वामित्वमा हुनुहुन्छ । उहाँ परमेश्वर हुनुहुन्छ । उहाँ सबै कुरामा शासन गर्ने परमेश्वर हुनुहुन्छ ।

## (५) येशूले आफूलाई सेवक हुन नम्र बनाउनुभयो ।

(क) पृथ्वीमा हुनुहुँदा पुत्रले पिता सबैभन्दा महान हुनुहुन्छ भनी पुष्टि गर्नुभयो (यूहन्ना १०:२९) । उहाँले भन्नुभयो, "मेरो पिता म भन्दा महान हुनुहुन्छ (यूहन्ना १४:२८) । कम्तिमा आफ्नो अवतारीय अवस्थामा येशूले पिता पुत्र भन्दा महान हुनुहुन्छ भनी पुष्टि गर्नुभयो । येशूले पितालाई दिव्यत्वमा महान हुनुहुन्थ्यो भनी भन्नुहुन्थ्यो भनी हामी अनुमान गर्दैनौं । पिता पुत्र भन्दा अधिक परमेश्वर हुनुहुन्थ्यो । मानिसको शरीर भित्र मानिसहरू माझ बस्नको लागि पुत्रले आफैलाई रित्तो गर्नु भएको थियो ।

(ख) येशू परमेश्वरको प्रतिरूप हुनुहुन्थ्यो (२ कोरिन्थी ४:४) ।
(ग) येशू अहिले उचालिनु भएको छ (१ तिमोथी ६:१५) ।

**(६) येशू पिता जस्तै परमेश्वर हुनुहुन्छ ।**

(क) परमेश्वर (यूहन्ना १:१, १८; २०:२८) । यहूदीहरूको दह्रिलो एउटै ईश्वरवादलाई विचार गर्दा यो विशेष गरी उल्लेखनीय छ । सुसमाचार सुरू हुन्छ र येशूको ईश्वरको बलियो दाबीसँग समाप्त हुन्छ ।

(ख) सुसमाचारको पुस्तकमा येशूलाई प्रत्यक्ष रूपमा परमेश्वरको रूपमा लागू गरिएको छैन्, तर त्यहाँ प्रयोग भएको छ ।

(ग) येशूले मानिसको पाप क्षमा गर्नुभयो (मत्ती ९:२-६) ।

(घ) उहाँले शबाथको प्रभु भएको दाबी गर्नुभयो (मत्ती १२:८) । केवल परमेश्वरले शबाथलाई पार गर्न सक्नुहुन्छ ।

(ङ) उहाँले आँधीलाई शान्त गर्नुभयो (मत्ती ८:२६) । पुरानो करारमा आँधीलाई शान्त पार्नुहुने परमेश्वर हुनुहुन्थ्यो (भजनसंग्रह १०७:२९) ।

(च) "परमेश्वरले तिम्रो निम्ति कति ठूलो काम गर्नुभयो, सो घोषणा गर" भनी भूत लागेर निको भएको मानिसलाई अर्ती दिइएको थियो । मर्कूस र लूकाको अभिलेखले भने अनुसार, "येशूले त्यसको निम्ति कति ठूलो काम गर्नुभएको थियो" भनी घोषणा गरे (लूका ८:३९) ।

(छ) आराधनामा येशूको अगाडि चेलाहरू निहुरिएर मत्तीको पुस्तकको अन्त्य हुन्छ (मत्ती २८:९,१७) । हरेक घुँडाले येशूलाई दण्डवत गर्नेछ भनी पावल भन्दछ (फिलिप्पी २:९-१०) ।

(ज) येशूले पुरानो करारको यहोवा भएको दाबी गर्नुभयो (यूहन्ना ८:५७-५८) । परमेश्वरले मोशालाई दिनुभएको नाउँ नै येशूले आफ्नो लागि दाबी गर्नुभयो (यूहन्ना १०:३०,३३) । लगभग दुइ हजार वर्ष पहिले बथलेहेमको डुँडमा एउटा सानो बच्चाको जन्म भएको बेला येशू पुत्रको रूपमा अस्तित्वमा आउनुभएन् ।

(झ) मर्कूस ८:३८ र लूका १२:८-९ मा येशूले घोषणा गर्नुहुन्छ कि उहाँप्रतिको प्रतिक्रियाले उसको अनन्त भाग्य निर्धारण गर्दछ ।

(ङ) थोमाले भन्यो, "मेरा प्रभु र मेरा परमेश्वर" (यूहन्ना २०:२८) । येशूले उहाँलाई हप्काउनुभएको थिएन, यसरी यो उहाँको ईश्वर भएको दाबी बराबर हो । परमेश्वरलाई ग्रीक शब्द "थियोस" लेखिन्छ ।

(ट) येशू र परमेश्वर एक हुनुहुन्छ (यूहन्ना १०:३०; १७:२१,२३) ।

(ठ) यूहन्ना १७:१० मा येशूले भन्नुभयो, "मेरा सबै जे छन् तपाईका हुन्, र तपाईका जे छन् मेरा हुन् ।" परमेश्वरको सन्दर्भमा कुनै पनि प्राणीले यो भन्न सक्दैन । यदि येशू परमेश्वर हुनुहुन्छ भने मात्र यसको अर्थ हुनेछ ।

(ड) पावलको लेखोटमा तीनवटा स्पष्ट त्रिपक्षीय खण्डहरू देखिन्छः
- (१) १ कोरिन्थी १२:४-६- विभिन्न वरदानहरू छन्, तर एउटै आत्मा, प्रभु, परमेश्वर हुनुहुन्छ । समानान्तर संरचना जसले तीनवटा नामहरूलाई समानान्तर बनाउँछ ।
- (२) २ कोरिन्थी १३:१४- अन्य अभिवादनहरूको तुलनामा, येशूको अनुग्रह मात्र उल्लेख गरिएको छ, तर यहाँ कुनै क्रिया र तीन संज्ञाहरू नमित अवस्थामा छैनन् । प्रत्येक संज्ञाले एक आशिषको रूपमा कार्य गर्दछ ।
- (३) एफिसी ४:४-६- परमेश्वर एउटै हुनुहुन्छ तर आत्मा प्रभु हुनुहुन्छ ।

(ढ) हाम्रा प्रभु येशू ख्रीष्टबाट तपाईलाई अनुग्रह र शान्ति धेरै पल्ट उल्लेख गरेको छ । कलस्सी १:२ मा समान छ । (तीतस १:४; २ थेसलोनिकी २:१६-१७; १ थेसलोनिकी १:१; २ तिमोथी ४:१) ।
- (१) के प्रभु हुनु र परमेश्वर हुनुमा फरक छ?
- (२) परमेश्वर पितालाई प्रभु भनिन्छ (मत्ती ११:२५) ।
- (३) येशूले भन्नुभयो, "म संसारको ज्योति हुँ" (यूहन्ना ८:१२) । यशैया ६०:१९ सित तुलना गर्नुहोस् ।

(ण) कलस्सी २:९- ख्रीष्टले परमेश्वरको एउटै सार साझा गर्नुहुन्छ ।

(त) २ कोरिन्थी ४:४- तपाईले कसरी अदृश्य चीजको प्रतिरूप बनाउन सक्नुहुन्छ?

(थ) पावलले येशूलाई परमेश्वरको रूपमा नाउँ दिए ।

(१) रोमी ९:५
(२) तीतस २:१३

(द) येशूले आराधनालाई स्वीकार गर्नुभयो ।

(१) पुरानो नियमले परमेश्वर बाहेक अरू कसैको आराधना गर्न निषेध गरेको थियो (प्रस्थान २०:१-४; व्यवस्थता ५:६-९) । मानिसहरूलाई आराधना गर्नु हुँदैन (प्रेरित १४:१५) । स्वर्गदूतहरूले उपासना स्वीकार गर्नुहुँदैन (प्रकाश २२:८-९) ।
(२) तर येशूले आराधना स्वीकार गर्नुभयो (मत्ती ८:२; ९:१५; १५:२५; २०:२०; १८:१७; मर्कूस १४:३३) ।

(ध) पुत्र हुनु भनेको निम्न स्तरको हुनु होइन्, बरू परमेश्वरको समान सार हुनु हो (यूहन्ना ५:१६-१८) ।

(१) आज्ञाकारी हुनु वा विनम्र हुनुको अर्थ कमजोरी हुनु होइन् । हामी प्रायः धर्म निरपेक्ष संसारको बारेमा सोच्दछौं, आत्मिक बारेमा होइन् ।
(२) पत्नी आफ्नो पतिको अधीनमा छिन, तर ऊ कमजोर छैन (गलाती ३:२८) ।
(३) मण्डली एल्डरहरूसित समर्पित हुनुपर्छ, तर त्यसले मण्डलीलाई एल्डरहरूभन्दा कमजोर बनाउँदैन् ।
(४) सबै ख्रीष्टियानहरूलाई एक अर्काको अधीनमा बस्न भनिएको छ (एफिसी ५:२१), तर सबै एक अर्काभन्दा कम हुन सक्दैनन् ।

❈

५

# पवित्र आत्मा परमेश्वर हुनुहुन्छ

अघिल्लो पाठमा मैले येशू परमेश्वर हुनुहुन्छ भनी देखाउने प्रमाणहरूको बारेमा छलफल गरेको थिएँ । अब म पवित्र आत्माको सन्दर्भमा पनि त्यस्तै गर्नेछु । यो अध्ययन येशूको सन्दर्भमा अध्ययन गरेको भन्दा धेरै गाह्रो छ । उहाँको काम निर्धारण गर्न अझ गाह्रो छ, र उहाँको कामको बारेमा धेरै दुर्व्यवहारहरू भएका छन् । धेरै मानिसहरूले यस युगलाई पवित्र आत्माको युगको रूपमा हेर्छन्; यसरी, आत्मा प्रायः येशू र परमेश्वर पिता भन्दा पनि उच्च देखिन्छ । निसन्देश, आत्माको बारेमा बाइबलीय शिक्षाको दुरूपयोग हुनेछ ।

**पवित्र आत्मा एक व्यक्ति हुनुहुन्छ ।**

पवित्र आत्मामा व्यक्तित्वका विशेषताहरू छन् (यूहन्ना १४:२६; १५:२६; १६:१३-१४) यी खण्डहरूमा येशूले पवित्र आत्मालाई एक जना व्यक्तिको रूपमा नौ पटक उल्लेख गर्नुभयो ।

उहाँ बोल्नुहुन्छ र अरूलाई बोल्ने शक्ति दिनुहुन्छ । "पवित्र आत्मा प्रष्टै भन्नुहुन्छ, कि पछि आउने समयमा कोही-कोही विश्वासबाट तर्किजानेछन्" (१ तिमोथी ४:१) ।

उहाँले सिकाउनुहुन्छ । "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" (यूहन्ना १४:२६) ।

उहाँले डोर्‍याउनुहुनेछ । "जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोर्‍याउनुहुनेछ" (यूहन्ना १६:१३) ।

उहाँमा विचार छ । "र मानिसहरूका हृदयको खोजी गर्नुहुनेले पवित्र

आत्माको विचार के हो सो जान्नुहुन्छ, किनकि परमेश्वरको इच्छाअनुसार पवित्र आत्माले सन्तहरूका निम्ति मध्यस्थता गर्नुहुन्छ" (रोमी ८:२७) ।

उहाँसँग स्नेह छ । "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्ट र पवित्र आत्माको प्रेमद्वारा मेरो निम्ति परमेश्वरसँग प्रार्थना गर्न मसँग घोर प्रयत्न गर भनी म तिमीहरूलाई आग्रहपूर्वक बिन्ती गर्दछु" (रोमी १५:३०) ।

उहाँमा इच्छा छ । "तर यी सबै उनै एक पवित्र आत्माका कामहरू हुन् । उहाँले हरेकलाई उहाँको इच्छा अनुसार वरदान दिनुहुन्छ" (१ कोरिन्थी १२:११) ।

उहाँ दुःखी हुन सक्नुहुन्छ । "अनि परमेश्वरका पवित्र आत्मालाई दुःखित नतुल्याओ, जसमा उद्धारका दिनको निम्ति तिमीहरू छाप लगाइएका छौ" (एफिसी ४:३०) ।

**पवित्र आत्मा परमेश्वर हुनुहुन्छ ।**

पवित्र आत्माको ईश्वरको स्पष्ट घोषणाहरू मध्ये एउटालाई प्रेरित ५:३-४ मा पाउन सकिन्छ । प्रेरित ५ अध्यायमा हामी हननिया र सफिराले केही सम्पति बेचेर गरिवहरूलाई मद्दत गर्न प्रेरितहरूकहाँ केही भाग ल्याएको भेट्टाउँछौं । तर, उनीहरूले बिक्रीबाट आएको सम्पूर्ण आम्दानी मण्डलीलाई दिएको भन्दै झुट बोलेका थिए । पवित्र आत्मासँग झुट बोल्ने... कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो? भन्ने कुरा पद ३ मा हामी पत्रुसले हननियालाई भनेको पाउँछौ । त्यसपछि, पद ४ को अन्त्यमा हामी पत्रुसको यो कथन पाउँछौ । तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ । प्रेरणा पाएर पत्रुसले औंल्याए कि उही झुट पवित्र आत्मा र परमेश्वरको विरूद्धमा थियो । यसले आत्मा र परमेश्वर पितालाई समानता दिन्छ ।

परमप्रभु परमेश्वरले मात्र इस्रायललाई मरूभूमिमा अगुवाइ गर्नुभयो भन्ने कुरा व्यवस्था ३२:१२ मा हामी पाउँछौ । तैपनि, यशैया ६३:१० मा हामी पढ्छौ कि इस्रायलले विद्रोह गऱ्यो र पवित्र आत्मालाई दुःखी बनायो । यो विरोधाभास होइन्; बरू आत्मा पनि परमेश्वर हुनुहुन्छ । परमेश्वर पिता, येशू र आत्मा सबै इस्रायलको नेतृत्वमा संलग्न थिए । यस्तै अवस्था यशैया ४०:१३ मा देख्न सकिन्छ । यशैया ४० अध्यायमा यशैयाले आत्मालाई कसले सिकायो वा सल्लाह दियो भनेर सोध्छन् । पावलले रोमी ११ अध्यायमा यो

पद उदधृत गरेर यसलाई परमेश्वर पितामा लागू गरी फेरि देखाउनुभयो कि दुइ समान हुनुहुन्छ ।

**आत्मामा ईश्वरीय गुणहरु छन् ।**

हिब्रू ९:१४ मा आत्मालाई अनन्त आत्मा भनिएको छ । आत्मालाई सर्वब्यापी पनि भनिन्छ । १ कोरिन्थी ६:१९ मा, पावल सोध्छन्, "तिमीहरूको शरीर पवित्र आत्माको मन्दिर हो, जुन पवित्र आत्मा तिमीहरूले परमेश्वरबाट पाएका छौ, र उहाँ तिमीहरूभित्र वास गर्नुहुन्छ भन्ने के तिमीहरूलाई थाहा छैन्?" प्रत्येक ख्रीष्टियानहरूको हृदयमा आत्माले बास गरेको छ । ख्रीष्टियानहरू संसारभरी छरिएका हुनाले, यो सत्य हुन सक्दैन जबसम्म आत्मामा एकै समयमा सबै ठाउँमा हुनुको ईश्वरीय विशेषता हुँदैन् । पवित्र आत्माबाट भाग्न असम्भव छ भन्ने कुरा दाऊदले बुझेको थियो (भजनसंग्रह १३९:७) । यसबाहेक आत्मालाई सर्वज्ञानी (सबै कुरा जान्ने) भनिन्छ । १ कोरिन्थी २:१० लाई ध्यान दिनुहोस् । "तर परमेश्वरले हाम्रा निम्ति पवित्र आत्माद्वारा त्यो प्रकट गर्नुभएको छ । किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ ।" आत्माले परमेश्वरका गहिरा कुराहरू जान्नुहुन्छ । त्यसैले उहाँ पनि परमेश्वर हुनुपर्छ । उहाँ "परमप्रभुको आत्माद्वारा शक्तिले भरिपूर्ण हुनुहुन्छ" भनी मीकाले घोषणा गरे (मीका ३:८) ।

**आत्माले ईश्वरीय कार्यहरु प्रदर्शन गर्नुहुन्छ ।**

आत्माले सृष्टिमा भाग लिएको भनिन्छ । भजनसंग्रह लेखकले भजन ३३:६ मा लेखेका छन, "परमप्रभुका वचनले आकासहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू ।" यहाँ सास आत्माको सन्दर्भ हुनेछ । भजन संग्रह १०४:३० मा समान कथन गरिएको छ, "तपाई आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ, तपाईले पृथ्वीको रूपलाई नयाँ तुल्याउनुहुन्छ ।" पृथ्वीको सृष्टिमा आत्माको मात्र भूमिका छैन, तर उहाँले पृथ्वीको संरक्षण वा नवीकरण पनि गर्नुहुन्छ ।

जीवन दिने आत्मा हुनुहुन्छ भनी येशूले घोषणा गर्नुहुन्छ (यूहन्ना ६:६३) । केवल परमेश्वरसँग जीवन दिने शक्ति छ । यहाँ हामीसँग आत्माले जीवन दिन सक्नुहुन्छ भनी येशूका शब्दहरू हुन् । यसरी, आत्मा परमेश्वर हुनुपर्छ । १ पत्रुस ३:१८ मा पत्रुसले ख्रीष्टको पीडा र उच्चताको बारेमा चर्चा गरिएका छन् । मानिस जाति परमेश्वरकहाँ आउन सकून् भनेर

येशूले दुःख भोग्नुभयो भनी उहाँले भन्नु हुन्छ । उहाँलाई शारीरिक रूपमा मारिएको थियो तर आत्माद्वारा जीवित पारियो । रोमी ८:११ मा पावल बताउँछन् कि आत्माले येशूलाई मरेकाहरूबाट जीवित पार्नुभयो र हामीलाई पनि जीवित पार्नुहुनेछ ।

पवित्र आत्मा परमेश्वर हुनुहुन्छ भन्ने अर्को प्रमाण येशूको अवतार हो । मत्ती र लूका दुवैमा, यो घोषणा गरिएको छ कि येशू पवित्र आत्माद्वारा जन्मनु भएको वा गर्भवती भएको थियो (मत्ती १:२०; लूका १:३५) । एउटा छोरो पवित्र आत्माबाट जन्मिएको हो । त्यसैले, हामी येशू पवित्र आत्माको पुत्र हुनुहुन्छ भनी भन्न सक्छौं । यद्यपि, येशूलाई धेरै ठाउँमा परमेश्वरको पुत्र पनि भनिन्छ । त्यसैले, आत्मा पनि परमेश्वर हुनुपर्छ । यो पनि परमेश्वरको एकताको सिद्धान्तको पुष्टि हो, जसलाई हामी अर्को पाठमा छलफल गर्नेछौं । यदि तीन जना एउटै हुनुहुन्न् भने, येशूका दुइ जना बुबाहरू हुनुहुन्छ ।

**पवित्र आत्मा आराधना वस्तुको रुपमा ।**

२ कोरिन्थी १३:१४ मा हामीले पवित्र आत्मा ईश्वरत्वको अंशको रूपमा उल्लेख गरेको पाउँछौं । "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम, र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून् ।" यस्तै कथन मत्ती २८:१९ मा येशूको महान आयोगमा पाइन्छ । "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र, र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।" कसैको नाममा बप्तिस्मा लिनु उपासनाको कार्य हो । पावलले कसैलाई पनि आफ्नो नाउँमा बप्तिस्मा लिन अनुमति दिएनन् (१ कोरिन्थी १:१३) । यसरी, आत्मा र येशूले पनि परमेश्वर पिताको रूपमा समान सम्मान र आराधना प्राप्त गर्दै हुनुहुन्छ ।

**निष्कर्ष**

अघिल्लो छलफलबाट, आशा छ कि कसैले देख्न सक्छ कि पवित्र आत्मालाई परमेश्वरको रूपमा बोलाइएको छ । परमेश्वर पिता र येशूमा भएका जस्तै परमेश्वरका विशेषताहरू छन् । यसरी, आत्मा पनि परमेश्वर हुनुहुन्छ । अर्को पाठमा, हामी तीन कसरी एक हुन सक्छन् भनेर विचार गर्नेछौं ।

नाम........................................................भर्ना नम्बर..............................

## प्रश्नहरु

(१) कसलेे प्रेरितहरुलाई सबै सत्यतामा डोऱ्यायो?

—

(२) हननिया र सफिराले कसलाई झुट बोलेका थिए?

—

(३) हाम्रो शरीर..............................................को मन्दिर हो ।

—

(४) कसैको नाममा बप्तिस्मा लिनु.......................................को कार्य हो ।

—

(५) सर्वज्ञानी शब्दको अर्थ के हो?

—

# सही/गलत

(१) पवित्र आत्मालाई कहिल्यै व्यक्तिको रूपमा उल्लेख गरिएको छैन् । सही/गलत
-

(२) पवित्र आत्मा र परमेश्वर धेरै पदहरूमा समान छन् । सही/गलत
-

(३) येशूले भन्नुभयो कि आत्माले जीवन दिन्छ । सही/गलत
-

(४) यो भन्न सकिन्छ कि येशू पवित्र आत्माको पुत्र हुनुहुन्छ । सही/गलत
-

(५) पवित्र आत्माको सृष्टिसँग कुनै सरोकार थिएन् । सही/गलत
-

६

# परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ

हाम्रो अध्ययनमा अर्को विचार भनेको परमेश्वर पिता, येशू र पवित्र आत्माको सम्बन्धको चर्चा हो । पहिलो दृष्टिमा, कसैले भन्न सक्छ कि यी तीन परमेश्वरहरू हुन्, यसैले ख्रीष्टियान धर्म वास्तवमा बहुईश्वरवादी हो । एउटै परमेश्वरको केवल तीन भिन्न भिन्न अभिव्यक्तिहरू मात्र हुन् भनी विश्वास गर्नेहरू पनि धेरै छन् । अर्को शब्दमा भन्नुपर्दा, त्यहाँ केवल एउटै परमेश्वर हुनुहुन्छ, तर कहिलेकाहीं उहाँलाई परमेश्वर पिता, येशू वा पवित्र आत्मा भनेर बोलाइएको छ । एउटै परमेश्वरको एउटै मात्र अभिव्यक्ति येशू हुनुहुन्छ, र अरू समयमा, परमेश्वर आत्माको रूपमा प्रदर्शित हुनुभयो । यसले तीन ईश्वरहरू भएको दुविधालाई जोगाउँछ, तर हामी बाइबलको शिक्षाको साथै यस सिद्धान्तलाई तर्कसंगत बनाउने समस्यामा फस्छौं ।

ईश्वरत्वको सिद्धान्तको विचार बुझ्न गाह्रो छ । वास्तवमा, मलाई विश्वास छैन कि हामीले ईश्वरत्वलाई पूर्ण रूपमा बुझ्न सक्छौं, तर यसमा हामी अचम्म मान्नु पर्दैन् । परमेश्वरको बारेमा धेरै कुराहरू छन् जुन मानिसहरूले पूर्ण रूपमा बुझ्न सक्दैनन् । उहादरणको लागि, मानिसले अनन्तताको विचार बुझ्न सक्दैन्, किनभने यो संसारमा सबै कुराको सुरूवात र अन्त्य हुन्छ । यद्यपि, परिभाषा अनुसार, अनन्तताको कुनै सुरूवात थिएन र कुनै अन्त्य हुनेछैन् । हामीले केही उदाहरणहरू दिन सक्छौं जसले केहीलाई मद्दत गर्न सक्छ । सबै उदाहरणहरू साँच्चै अनन्तताको वर्णन

गर्न धेरै कम हुन्छन् । यदि हामीले परमेश्वरको बारेमा सबै पक्षहरूलाई पूर्ण रूपमा बुझ्न र बुझाउन सक्छौं भने, उहाँ अब परमेश्वर हुनुहुन्न् । एकचोटि हामीले सोच्दछौं कि हामीले परमेश्वरलाई पूर्ण रूपमा बुझ्छौं, हामीले केवल परमेश्वरलाई एउटा आकृतिमा सृष्टि गरेका छौं, र उहाँ अब परमेश्वर हुनुहुन्न् । हामी कसैलाई वा कुनै चीजको पूजा गर्न चाहँदैनौं जुन मानिस भन्दा बढि छैन, चाहे ऊ जतिसुकै महान् किन नहोस् ।

## यो समस्यालाई समाधान गर्ने प्रयासहरु

मानिसहरूले धेरै सिद्धान्तहरू बनाएकोमा अचम्म मान्नु पर्दैन् जसले ईश्वरत्वको कठिनाईको समाधान गर्दछ । केही प्रमुखलाई ध्यान दिनुहोस् ।

एउटा समाधान भनेको येशूको ईश्वरत्वलाई पुनः परिभाषित गर्नु हो । यो विचारले सिकाउँछ कि येशू आफ्नो गर्भधारण वा जन्ममा कुनै पनि अर्थमा ईश्वर हुनुहुदैन्थ्यो, तर पछि उहाँलाई परमेश्वरले ग्रहण गर्नुभयो र परमेश्वरको स्थानमा उचाल्नुभयो । कसैले येशूलाई ईश्वरको रूपमा बोल्न सक्छ किनभने परमेश्वरले पृथ्वीमा उहाँको जीवनकालमा येशूमार्फत काम गरिरहनुभएको थियो । यसले येशू र ईश्वरत्व बीचको तनावलाई समाधान गर्छ । यद्यपि, यसले येशू र परमेश्वर र येशूको ईश्वरत्व बीचको समानतालाई उहाँको अवधारणाबाट र उहाँको गर्भधारण अघि नै सिकाउने धेरै खण्डहरूलाई अस्वीकार र बेवास्ता गर्दछ ।

अर्को दृष्टिकोण यो जुन पहिले नै उल्लेख गरिएको छ । यसले परमेश्वरलाई एउटा अभिनेताको रूपमा प्रस्तुत गर्दछ जसले एउटा नाटकमा धेरै भुमिकाहरू खेल्छ । एउटा समयमा उहाँ परमेश्वर पिताको भूमिका खेल्दै हुनुहुन्छ; अर्को समयमा उहाँले येशूको भूमिका खेल्नुहुन्छ; र अन्य समयमा, उहाँले आत्माको भूमिका खेल्नुहुन्छ । यसरी, परमेश्वर वास्तवमा तीन व्यक्ति होइन् तर केवल एउटै व्यक्ति तीन फरक रूपमा प्रस्तुत गरिएको छ । यो दृष्टिकोणले परमेश्वरको एकतालाई जोगाउँछ; यद्यपि यसले धेरै खण्डहरूलाई बेवास्ता गर्दछ जसमा सबै तीन एकै साथ उपस्थित छन् । जब येशूले बप्तिस्मा लिनुभयो, परमेश्वर पिता स्वर्गबाट बोल्नुभयो र आत्मा ढुकुर जस्तै येशूमा ओर्लनुभयो (लूका ३:२१-२२) । पृथ्वीमा हुनुहुँदा येशूले कसलाई प्रार्थना

गर्नुभयो? येशूले आफैलाई प्रार्थना गर्नुभयो भन्नु मूर्खता हुनेछ । जब परमेश्वर मरियमको गर्भमा भ्रूण हुनुहुन्थ्यो, उहाँले कसरी ब्रहमाण्डलाई नियन्त्रण र संरक्षण गर्न सक्नुहुन्थ्यो? यदि उहाँ एउटै व्यक्ति हुनुहुन्थ्यो भने, पृथ्वीमा हुँदा येशूजस्तै परमेश्वर कसरी ज्ञानमा सीमित हुन सक्नुहुन्थ्यो (मर्कूस १३ः३२)?

धार्मिक संसारका अर्को साझा समाधान भनेको पिता र पुत्रको सम्बन्धलाई पुनः परिभाषित गर्नु हो । येशू अनन्त हुनुहुन्छ भनी ठान्नुको सट्टा, यस दृष्टिकोणले पुत्रलाई सृष्टि गरिएको प्राणीको रूपमा मात्र प्रस्तुत गर्दछ, पहिलो र निश्चित रूपमा उच्च सृष्टि, तर जे होस्, येशू सृष्टि गरिएको प्राणी हुनुहुन्छ र यसरी परमेश्वरभन्दा कम हुनुहुन्छ । नयाँ नियमका केही पदहरूले यो विचारलाई समर्थन गरेको देखिन्छ । उदाहरणको लागि येशूले भन्नुभयो, "पिता म भन्दा महान हुनुहुन्छ" (यूहन्ना १४ः२८) । मर्कूस १०ः१८ को साथै लूका १८ः१९ मा येशूले आफूलाई परमेश्वरबाट अलग गर्नुभयो जब उहाँले भन्नुभयो, "तिमी मलाई किन असल भन्दछौ? एक परमेश्वरबाहेक कोही असल छैन ।" तापनि अन्य दृष्टिकोणहरू जस्तै, यो दृष्टिकोणले पाठ २ मा प्रस्तुत गरिएको येशूको शक्ति र अनन्त प्रकृति सिकाउने धेरै खण्डहरूलाई बेवास्ता गर्दछ । नयाँ नियमका खण्डहरू जसले उहाँको पुत्रमाथि पिताको श्रेष्ठता प्रस्तुत गर्दछ भनेर सजिलै बुझ्न सकिन्छ । फिलिप्पी २ः५-११ मा संकेत गरिए अनुसार येशू शरीरको रूप धारण गर्नुहुँदा उहाँले ईश्वरत्वको विशेषताहरूलाई जानाजानी रित्तो गरेको संकेत गर्दछ ।

## परमेश्वर एउटै हुनुहुन्छ ।

यो सिद्धान्त बाइबल मार्फत सिकाइएको छ । यहूदीहरूले नियमित रूपमा व्यवस्था ६ः४ लाई उदधृत गरेको छ, जसलाई शेमा भनिन्छ, "हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ ।" येशूले मर्कूस १२ः२९ मा पनि यो पद उदधृत गर्नुभयो । दश आज्ञाहरू मध्ये सबैभन्दा पहिलोले भन्दछ, "मबाहेक अरू कुनै देवी-देवताहरू नमान्नू ।" यशैयाले धेरै अवसरहरूमा मूर्तिपूजाको विरूद्धमा कुरा गरेको थियो । दुइवटा उदाहरणलाई ध्यान दिनुहोस् । "...पहिलो र पछिल्लो म नै हुँ । मबाहेक अरू परमेश्वर छैन" (यशैया ४४ः६) । यस्तै कथन अर्को अध्यायमा उल्लेख गरिएको छ । "म

परमप्रभु हुँ, अनि मबाहेक अरू कोही छैन, मबाहेक अरू कोही परमेश्वर छैन" (यशैया ४५:५) । पावलले १ कोरिन्थी ८:४ मा तुलनात्मक कथन गरेका छन्, "एक परमेश्वरबाहेक अरू छैन ।" हामी याकूब २:१९ बाट सिक्छौं कि परमेश्वर एउटै हुनुहुन्छ भनी भूतात्माहरूले पनि विश्वास गर्छन् ।

तीन कसरी एक हुन सक्छन्? मानिसहरूको समस्या यही हो । हामीले तीन फरक भौतिक पदार्थहरूलाई एउटैमा मिलाएर तीनवटा भिन्न पदार्थहरू बाँकी रहेका कल्पना गर्न सक्दैनौं । अर्को पाठमा हामी परमेश्वर एक हुनुको यो विचारलाई अझ बढी हेनेछौं साथै यस कठिन अवधारणालाई अझ राम्ररी बुझ्न मद्दत गर्न सक्ने केही समानताहरूलाई विचार गर्नेछौं ।

नाम.......................................................भर्ना नम्बर..........................

## प्रश्नहरु

(१) यस पाठमा उल्लेख गरिएका दुइवटा कुराहरुको नाम दिनुहोस् जुन हामीले पूर्ण रुपमा बुझ्न सक्दैनौं ।

—

(२) परमेश्वर आफूलाई तीन भिन्न रुपहरुमा प्रस्तुत गर्ने अभिनेता मात्र होइन् भनी हामी कसरी थाहा पाउँछौं?

—

(३) अवतारित येशू किन परमेश्वर भन्दा कम जस्तो देखिन सक्छ?

—

(४) यहूदीहरुले व्यवस्था ६:४ लाई के भन्थे?

—

(५) याकूबले कतिवटा ईश्वरहरु छन् भनी बताए?

—

## सही/गलत

(१) आराधना एउटा बुभ्नै नसक्ने गाह्रो विचार हो । सही/गलत
-

(२) हामी परमेश्वरको अवधारणालाई पूर्ण रूपमा बुभ्न सक्छौं । सही/गलत
-

(३) ईश्वरत्वको तनावलाई समाधान गर्ने एउटा सामान्य तरिका येशू नै पहिलो सृष्टि हुनुहुन्थ्यो भन्ने विश्वास गर्नु हो । सही/गलत
-

(४) भूतहरूले धेरै देवताहरूमा विश्वास गर्छन् । सही/गलत
-

(५) साँचो परमेश्वरको अघि अन्य कुनै देवी देवताहरू हुनु हुँदैन भनेर दश आज्ञाको पहिलो आज्ञाले भन्दछ । सही/गलत
-

७

# तीन व्यक्तिहरू एक भन्नाले के 'अर्थ लाग्छ?

परमेश्वर तीन व्यक्तित्वको संयोग हुनुहुन्छ भन्ने कुरा हामीले देखेका छौं । जसमध्ये प्रत्येकमा परमेश्वरका सबै विशेषताहरू छन् । बाइबलले तीन व्यक्तिहरूलाई केवल तीन, ईश्वरीय शीर्षकहरू सहित प्रस्तुत गर्दछ । हाग्गै २ः५-७ लाई ध्यान दिनुहोस् । "तिमीहरू मिश्रदेशबाट निस्केर आउँदा मैले तिमीहरूसँग गरेको प्रतिज्ञा यही हो, अनि मेरो आत्मा तिमीहरूका साथमा रहे कै छ । तिमीहरू नडराओ । सर्वशक्तिमान् परमप्रभु यसो भन्नुहुन्छ, 'अब थोरै बेरपछि म फेरि आकाश, पृथ्वी, समुद्र र सुक्खा जमिनलाई हल्लाउनेछु । म सबै जाति-जातिहरूलाई हल्लाउनेछु, र इच्छा भएका सबै जाति-जातिहरूका मानिसहरू आउनेछन्, र म यस भवनलाई महिमाले परिपूर्ण पारिदिनेछु' भनी सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ ।" तीनवटा कुराहरूलाई परमेश्वरको रूपमा उल्लेख गरिएको छः सर्वशक्तिमान् परमप्रभु, आत्मा, र सबै राष्ट्रहरूको इच्छा हुन् । सबै राष्ट्रहरूको इच्छा स्पष्ट रूपमा येशूको सन्दर्भ हो । त्यस्तै गरी, यी तीनै व्यक्तिहरूलाई परमेश्वरको रूपमा उल्लेख गरिएको छ । मत्ती २८ः१९ मा एकसाथ उल्लेख गरिएको छ । "यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ ।" यस खण्डमा नाम शब्द एकवचन छ । यसरी, तीन व्यक्तित्वहरूले एउटै नाम बनाउँछन् । यसबाहेक, प्रेरित पावलले २ कोरिन्थी १३ः१४ मा तीनवटैलाई सँगै उल्लेख गरेका छन् । "हाम्रा प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम, र पवित्र आत्माको सङ्गति

तिमीहरू सबैसँग रहून् ।" पुरानो नियममा ईश्वरत्वको विचार धेरै मात्रामा देखिने गरि अपेक्षा गरिएको छैन, यद्यपि पुरानो नियममा धेरै कथनहरू निश्चित रूपमा ईश्वरत्वको सिद्धान्तसँग मेल खान्छ । सबैभन्दा स्पष्टरूपमा एउटै परमेश्वरको सम्मानमा बहुवचनको प्रयोग हो । यदि परमेश्वर एउटै हुनुहुन्छ भने, परमेश्वरको सम्मानमा एकवचन रूपहरू मात्र प्रयोग गर्नुपर्छ । यद्यपि, परमेश्वरको लागि हिब्रू नाम, एलोहिम बहुवचनको रूप हो । यसले आफैमा बहुलतालाई संकेत गर्दैन, तर उत्पति १:२६ लाई ध्यान दिनुहोस् । "अनि परमेश्वरले भन्नुभयो, 'मानिसलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं ।" "भन्नुभयो" भन्ने शब्द एकवचन हो, तर "हाम्रै प्रतिरूपमा", "आफ्नै स्वरूपमा", "बनाऔं" भन्ने क्रिया बहुवचन हो । अन्य यस्तै समान उदाहरणहरू पाउन सकिन्छ । "तब परमप्रभु परमेश्वरले भन्नुभयो, 'मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ" (उत्पति ३:२२) । यशैया ६:८ बाट अर्को उदाहरणलाई ध्यान दिनुहोस् । "तब मैले परमप्रभुको यो आवाज सुनें, 'म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने?" एकवचनबाट बहुवचनमा संख्याको परिवर्तन भएको कुरा महत्वपूर्ण छ ।

## हामीले कसरी ईश्वरत्वलाई बुझ्न सक्छौं?

बाइबलले स्पष्ट रूपमा परमेश्वर एउटै हुनुहुन्छ भनी घोषणा गरेको कुरा हामीले देखेका छौं । तर एकै समयमा, घोषणा गर्दछ, र अन्य ठाउँहरूमा रूपमा बहुलतालाई संकेत गर्दछ । हामी यो रहस्यमय अवधारणा कसरी बुझ्न सक्छौं? परमेश्वर एउटै हुनुहुन्छ, तर उहाँ संख्यामा एक हुनुहुन्न्, तर सार वा एकता हुनुहुन्छ । सबैभन्दा राम्रो बाइबलको एकता खण्डलाई विचार गर्नुहोस्, व्यवस्था ६:४-५ - "हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै हुनुहुन्छ ।" हिब्रूमा एउटाको लागि दुईवटा शब्दहरू छन् । एउटा शब्दले एउटा वा विशिष्टतालाई संकेट गर्छ, जस्तै जब अब्राहामलाई आफ्नो एउटै मात्र छोरा अर्पण गर्न भनिएको छ । अर्को शब्द, जुन व्यवस्था ६ मा प्रयोग गरिएको छ, जहाँ धेरै कारकहरूको एकता वा मिश्रित संकेत गर्दछ । यही शब्द उत्पति २:२४ मा प्रयोग गरिएको छ, "यसै कारण मानिसले आफ्ना आमा-बुबालाई छोड्छ र आफ्नी पत्नीसँग मिलिरहन्छ, र तिनीहरू एउटै शरीर हुन्छन् ।"

ईश्वरत्वलाई चित्रण गर्न धेरै समानताहरू प्रस्तावित गरिएको छ, तर कुनै पनि सिद्ध छैनन् । ईश्वरत्वलाई पानीसँग तुलना गरिएको छ, जुन ठोस, तरल वा बाफको रूपमा अवस्थित हुन सक्छन् । यो उदाहरणको मुख्य समस्या यो हो कि पानी एकै समयमा तीनवटा रूपहरूमा अवस्थित हुन सक्दैन् । ईश्वरत्वलाई एउटा अण्डासँग तुलना गरिएको छ जुन बोक्रा, सेतो भाग र पहेंलो भाग मिलेर बनेको छ, तर यो अझै पनि एउटा अण्डा हो । ईश्वरत्वलाई धेरै भौतिक वस्तुहरूसँग पनि तुलना गरिएको छ । अर्को उदाहरण भनेको मानिस एकै समयमा बुबा, छोरा र श्रीमान हुन सक्छ । त्यो उदाहरणको समस्या यो हो कि एकजना व्यक्ति एउटै व्यक्तिको बुबा, छोरा र पति हुन सक्दैन् । मलाई विशेष गरी बाइबलबाट एउटा उदाहरण मन पर्छ । उत्पति १ मा मानिसले बुबा र आमालाई छोडेर आफ्नी पत्नीसँग मिल्नुपर्छ र तिनीहरू एउटै शरीर हुनेछन् भनी परमेश्वरले आज्ञा दिनुहुन्छ । स्पष्ट रूपमा तिनीहरू दुई अलग व्यक्तित्वहरू हुन्, तर तिनीहरू पूर्ण रूपमा एकताबद्ध छन् । त्यसै गरी, यूहन्ना १७:११ मा येशूले प्रार्थना गर्नुभयो कि ख्रीष्टियानहरू एक हुनेछन् जसरी उहाँ र परमेश्वर एक हुनुहुन्थ्यो । स्पष्ट रूपमा, सबै ख्रीष्टियानहरू शाब्दिक रूपमा एक व्यक्ति हुन सक्दैनन् । त्यसै गरी रोप्ने र पानी लगाउने एउटै हो भनी पावल भन्दछ । निसन्देह, हामीले यो बुझ्नुपर्छ कि मानव जातिको एकतालाई सीमित गर्ने कारकहरू परमेश्वरमा लागू हुँदैनन्, यसरी ईश्वरत्व मानव भन्दा धेरै हदसम्म एकताबद्ध हुनुहुन्छ ।

ईश्वरत्वलाई हेर्ने अर्को तरिका भनेको ईश्वरत्वलाई समाज, व्यक्तिहरूको समूहको रूपमा हेर्नु हो । तिनीहरू प्रेमद्वारा एकसाथ बाँधिएका छन् किनभने परमेश्वर प्रेम हुनुहुन्छ (१ यूहन्ना ४:८,१६) । प्रेमले तिनीहरूलाई यति नजिकबाट बाँध्छ कि तिनीहरू एक हुन् । प्रेमलाई विषय र वस्तु चाहिन्छ । यसरी सृष्टि हुनु अघि, परमेश्वरले वास्तवमा प्रेम गर्न सक्नुहुन्थ्यो जब कि उहाँ एक भन्दा बढी हुनुहुन्थ्यो । यो अपर्याप्त लाग्न सक्छ, तर त्यहाँ धेरै सीमित कारकहरू छन् जुन मानिसहरूमा ईश्वर उपस्थित छैनन् । हामी भौतिक शरीरबाट अलग छौं । परमेश्वर आत्मा हुनुहुन्छ उहाँमा त्यो सीमा छैन । सबै मानिसहरूसँग फरक-फरक अनुभवहरू छन् जसले हाम्रो जीवनका सबै पक्षहरूलाई असर गर्छ । निश्चय छ कि त्यो सीमा पनि

परमेश्वरसँग अवस्थित छैन । सबै मानिसहरू आफैं, आफ्नो आवश्यकता र समस्याहरूमा व्यस्त हुन्छन्, तर त्यो व्यस्तता परमेश्वरको स्वभावको भाग होइन् । यी सबै कारकहरू र अरू थप हुन सक्छ, यसले हामीलाई अन्य मानिसहरूमा ध्यान केन्द्रित गर्न, बुझ्न वा जोड दिन असम्भव बनाउँदछ; तैपनि, ती सीमितताहरू परमेश्वरसँग सत्य छैनन्, यसरी उहाँ मानव जातिसँग सम्भव भए भन्दा धेरै हदसम्म पूर्ण रूपमा एकताबद्ध हुन सक्षम हुनुहुन्छ ।

## निष्कर्ष

यस पाठको श्रृङ्खलामा हामीले ईश्वरत्वको अवधारणालाई व्याख्या गर्ने प्रयास गरेका छौं । यद्यपि हामी यसलाई पूर्णतया कहिल्यै बुझ्न सक्दैनौं, आशा छ कि यो अध्ययनले यसलाई अझ राम्रोसँग बुझ्न हामीलाई सक्षम बनाएको छ, र अझ बढी, यस महत्वपूर्ण सिद्धान्तमा हाम्रो विश्वासलाई बलियो बनाएको छ । ईश्वरत्व तीन व्यक्ति वा चेतना केन्द्रहरू मिलेर बनेको छ, सबै यति पूर्ण रूपमा एकताबद्ध छन् कि उहाँहरू एक हुनुहुन्छ । परमेश्वरका तीनै व्यक्तित्वहरू एक अर्कामा अन्तरसम्बन्धित हनुहुन्छ, अरूलाई जीवन प्रदान गर्नुहुन्छ, र सबै परमेश्वरको कार्यका सबै पक्षहरूमा संलग्न हुनुहुन्छ ।

नाम.......................................................भर्ना नम्बर...........................

## प्रश्नहरु

(१) बाइबलमा ईश्वरीय उपाधिसहित कतिजना व्यक्तित्वहरुका बारेमा कुरा गरिएको छ?

—

(२) यशैयाले तीन व्यक्तित्वहरुलाई के भन्दछन्?

—

(३) परमेश्वर...............................वा........................मा एक हुनुहुन्छ ।

—

(४) ईश्वरत्वलाई कुन कुराले जोड्छ?

—

(५) परमेश्वरले जस्तै हाम्रो एकतामा बाधा पुऱ्याउने मानिसहरुका केही गुणहरु के–के हुन्?

—

# सही/गलत

(१) प्रायः बाइबलमा परमेश्वर (इलोहिम) लाई बहुवचन रूपमा प्रयोग गरिएको छ । सही/गलत

-

(२) कुनै समानताले ईश्वरत्वको विचारलाई पूर्ण रूपमा चित्रण गर्दैन । सही/गलत

-

(३) एउटाको लागी हिब्रू शब्द को अर्थ सधैं शाब्दिक संख्या एक नै हुन्छ । सही/गलत

-


(४) प्रेम साँच्चै प्रेम हुनको लागि तपाईसँग आफूभन्दा फरक वस्तु हुनुपर्छ । सही/गलत

-

(५) परमेश्वरको काम सबै सदस्यहरूमा समान रूपमा बाँडिएको छ र यो काम अन्य सदस्यहरूले साझा गर्दैन् । सही/गलत

-

# ख्रीष्टियान वृद्धि
# Christian growth



By:
Jerry Bates

# ख्रीष्टियान वृद्धि

## बिषय सूची


(१) पवित्र आत्माको फल.................................५५

(२) परिपूर्णतामा बढ्नु ....................................६२

(३) ज्ञानको कुञ्जी.............................................६७

(४) ख्रीष्टियान अनुग्रह.....................................७३

(५) प्रेरित यूहन्ना..............................................८१

(६) जीवनको लागि व्यवहारिक दर्शन..................८७

# (१) पवित्र आत्माको फल
## गलाती ५:२३-२५

(१) पवित्र आत्माको फल पाप स्वभावका कामहरूका विपरित छ ।

(क) पाप स्वभावका कामहरू र पवित्र आत्माका फलहरू बीचको भिन्नतालाई ध्यान दिनुहोस् । शरीरका फलहरूलाई "पाप स्वभावका कामहरू" भनि वर्णन गरियो । ती सबै कार्य, व्यवहारहरू, मानिसहरूले गर्ने चीजहरू हुन् ।

(ख) आत्माको फल चरित्र लक्षणहरू हुन् । तिनीहरू आन्तरिक हुन्, तर पक्कै पनि, तिनीहरू आफै हाम्रो व्यवहारमा प्रकट हुन्छ । पहिला आन्तरिक परिवर्तन हुन्छ । व्यवहार परिवर्तन हुनुभन्दा पहिला मानिस परिवर्तन हुन्छ ।

(२) ख्रीष्टियान जीवनमा फल फलाउनु पर्छ । फल नफलाएको रूखलाई श्राप दिइयो किनभने त्यसले फल फलाएन् (यूहन्ना १५, दाखको बोट र हाँगाहरू) ।

(३) याद गर्नुहोस् कि फल शब्द एकवचन हो । यो विशेषता अंगुर वा फूलको गुच्छा जस्तै झुण्डमा आउँछन् । यो नौ तत्व मिलेर बनेको फल हो । तिनीहरूले आत्मामा संगै हिड्ने परिणामहरू बनाउँछन् ।

**(I) पवित्र आत्माको फलको रुपमा परमेश्वरको निम्ति प्रेम हो ।**

(क) प्रेम पहिलो फल हो । यो आत्मामा बाँच्ने जीवनको सार हो (गलाती ५:६) ।

(ख) परमेश्वरको निम्ति प्रेम ।

(१) तपाईले परमेश्वरको प्रेमबारे सोच्नुहुँदा यो प्रेम एउटा न्यानो अस्पष्ट अनुभूति भन्दा बढि छ । यसको अर्थ बलिदान हो ।

(२) परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ भन्ने कुरा थाहा छ किनभने उहाँले बलिदान गर्नुभयो । परमेश्वरको प्रेम हाम्रा

माझमा यसरी प्रकट गर्नुभयो, ताकि उहाँद्वारा हामी जिउन सकौं (१ यूहन्ना ४:९) ।

(३) हामीले उहाँका आज्ञाहरू पालन गर्छौं भने हामी परमेश्वरलाई प्रेम गर्छौं भन्ने कुरा जान्दछौं । परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भार पूर्ण छैनन् (१ यूहन्ना ५:२-३) ।

(ग) आत्माको फलको रूपमा दाजुभाइहरूका निम्ति प्रेम । परमेश्वरको लागि गरेको प्रेम हाम्रो सँगी मानिसका लागि प्रेममा अनुवाद हुन्छ ।

(१) यदि तिमीहरूले एक-अर्कालाई प्रेम गर्‍यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेलाहरू हौ (यूहन्ना १३:३५) ।

(क) यहूदीहरू बाहिरी खतनाको चिन्हद्वारा चिनिन्थ्यो ।

(ख) स्व-धार्मिक फरिसीहरू तिनीहरूका पोशाकबाट चिनिन्छन् ।

(ग) सैनिकहरू उनीहरूका वस्त्रबाट चिनिन्छन् ।

(घ) आज धेरै धर्मावलम्बीहरू आफ्नो पहिरनबाट चिनिन्छन् । तिनीहरूले कालो लुगा लगाई घाँटीमा क्रूस झुण्डयाउँछन् ।

(ङ) त्यस्ता बाहिरी चिन्हहरू आत्माद्वारा अगुवाइ भएको प्रमाणित हुँदैनन् ।

(२) अब सत्यको पालनद्वारा तिमीहरूले आफैलाई शुद्ध पारेका हुनाले आफ्ना दाजुभाइलाई निष्कपट प्रेम गर, हृदयबाट नै एउटाले अर्कोलाई गहिरो प्रेम गर (१ पत्रुस १:२२) ।

(३) साँचो "आगापे" (परमेश्वरलाई गर्ने प्रेम) प्रेम भनेको अरूको इच्छालाई आफ्नो इच्छाभन्दा अगाडि राख्नु हो । "कुनै मानिसले स्त्रीलाई संयुक्त रूपमा साझा छातामुनि छुट्याएको ठाउँलाई हेरेर कति वास्ता गर्छन् भनी म विचार गर्दछु ।" - जिमी कार्टर

(II) **आनन्द । सबैभन्दा ठूलो आनन्द प्रेमको जीवन जिउनु हो ।**

(क) धेरै मानिसहरू यस जीवनमा दुःखी र असन्तुष्ट छन् । हामी अप्रिय परिस्थितिहरूको अनुपस्थितिमा आनन्दको आधार बनाउँछौं ।

(१) मानिसहरू भौतिक चीजहरूमा आनन्द खोज्छन्, तर यी

चीजहरू अस्थायी हुन् ।

(२) पुरूषहरूले शारीरिक अभिलाषाहरू पूरा गर्नमा आनन्द खोज्छन्, तर यो असफल हुन्छ ।

(३) पुरूषहरूले सांसारिक सम्बन्धहरूमा आनन्द खोज्छन, तर जबसम्म ती सम्बन्धहरू स्वार्थी भावनाहरू भन्दा साँचो प्रेममा आधारित हुँदैनन्, तिनीहरू अन्ततः असफल हुन्छन् ।

(४) धेरैको निम्ति ख्रीष्टियान हुनु भनेको खुशीको कुरा हो । "आनन्द आज्ञाकारिताको उपज हो ।"

(ख) आत्माको नेतृत्व हुनु नै वास्तविक आनन्दको स्रोत हो ।

(१) तब स्वर्गदूतले तिनीहरूलाई भने, "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो, आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ" (लूका २:१०) ।

(२) जोनाथन एडवर्डस, १८ औं शताब्दीको प्युरिटन प्रचारकले सुझाव दिए कि साँचो ख्रीष्टियान पहिचान गर्ने तरिका आनन्द खोज्नु हो ।

(३) यो संसारिक आनन्द होइन्, (जसलाई हामी सुख भन्छौं) । यो एक प्रकारको भित्री आनन्द हो जसले पावललाई फिलिप्पीको झ्यालखानामा भजन गाउन सक्षम बनायो ।

(४) रोमको जेलमा हुँदा पनि प्रभुमा सधैं रमाउनुहोस् भन्ने लेख्न यसले पावललाई उत्प्रेरित गऱ्यो (फिलिप्पी ४:४ ।

(५) उनी आफ्ना कष्टहरूमा आनन्दित छन् भनी पावलले कलस्सीहरूलाई भन्दछ (कलस्सी १:२४) ।

## (III) शान्ति वा सद्भाव ।

(क) शान्ति एउटा बहुमूल्य शब्द हो । शान्ति सुरक्षाको प्रयासमा प्रत्येक वर्ष अरबौं रकम खर्च हुन्छ ।

(१) प्रहरी अधिकारीहरूले प्रायः शान्ति अधिकारीहरू बोलाउँछन् ।

(२) सिपाहीहरूलाई प्रायः शान्ति-रक्षा कर्तव्यहरू भनिन्छ ।

(३) यो शान्ति युद्ध वा कलहको अनुपस्थिति भन्दा धेरै छ ।

(४) यो जीवनको सदा-वर्तमान चिन्ताबाट मुक्ति होइन्, जुन मानव जातिको निम्ति ठूलो कुरा हो ।

(५) यो शान्ति समस्याको अभाव होइन तर परमेश्वर सधैं साथमा

हुनुहुन्छ भन्ने विश्वास हो ।

(ख) शान्ति भनेको सुरक्षाको भरोसा र परमेश्वरको सुरक्षात्मक, ईश्वरीय हातहरूमा राख्ने भरोसा हो । यसैकारण विश्वासद्धारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्धारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ (रोमी ५:१) ।

(१) र समझ्ले नै भियाउन नसकिने परमेश्वरको शान्तिले तिमीहरूका हृदय र तिमीहरूका मनलाई येशूमा रक्षा गर्नेछ (फिलिप्पी ४:७) ।

(२) शान्ति म तिमीहरूलाई छोडिराख्छु । म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु । संसारले दिएजस्तो म तिमीहरूलाई दिँदिनँ । तिमीहरूको हृदय ब्याकुल नहोस् र भयभीत नहोस् (यूहन्ना १४:२७) ।

(ग) यो आफ्नो सँगी मानिससँग मायालु सद्भाव हो ।

(१) यो मण्डलीको शान्ति हो....आपसमा शान्तिमा रहनुहोस् (१ थेसलोनिकी ५:१३) ।

(२) यसैले हामी ती कुराहरूको अनुसरण गरौं जसले शान्ति ल्याउँछ, अनि एउटाले अर्काको आत्मिक उन्नति गराउँछ (रोमी १४:१९) ।

## (IV) सहनशीलता (धैर्य) ।

(क) यो आत्म-संयमको गुण हो जसले हतारमा बदला लिदैन वा तुरुन्तै सजाय दिदैन । प्रेम सहनशील र दयालु हुन्छ (१ कोरिन्थी १३:४) ।

(ख) परमेश्वर सहनशील हुनुहुन्छ भनी पुरानो र नयाँ नियम दुवैले सिकाउँछ ।

(ग) यदि परमेश्वरले हामीसँग यति लामो समयसम्म सहनु भएको छ भने, के हामीले एक-अर्कालाई समान अनुग्रह देखाउनु पर्दैन्?

(घ) समय-समयमा हामी सबैले हल्का पीडा भोग्छौं । यदि हामीले तिनीहरूसँग ब्यवहार गर्न जाँदैनौं भने सहनशीलताको आवश्यकता पर्छ ।

(१) के तपाई आफ्नो परिवार र साथीहरूसित धैर्यवान हुनुहुन्छ?

(२) के तपाईका भावनाहरू सजिलै दुख्छन्?

(V) **विनम्रता ।**

(क) विनम्रताको अर्थ दया हो । यसले अरूप्रति हाम्रो कार्यलाई जनाउँछ ।

(१) जसरी परमेश्वरले ख्रीष्टमा तिमीहरूलाई क्षमा गर्नुभयो, त्यसरी नै एउटाले अर्कालाई क्षमा गरेर तिमीहरू एक-अर्काप्रति कोमल मनका र दयालु होओ (एफिसी ४:३२) ।

(२) हामी असल सामरी जस्तै हुनुपर्छ (गलाती ६:१०) । कार्य र शब्दमा पनि राम्रो छ ।

- "दया भनेको मानिसहरूलाई उनीहरूको योग्यता भन्दा बढी माया गर्नु हो ।" - जोसेफ जोर्बर्ट
- निम्न वर्गलाई दयालु । (उदाहरण- के तपाईले तपाई जस्तो नभएका मानिसहरूप्रति दयालु हुनुहुन्छ?

(ख) दयाले शान्ति कायम गर्छ ।

(१) तपाईले मानिसहरूलाई तपाईप्रति दयालु भएकोमा कहिल्यै रिसाउनुहुन्न् ।

(२) तपाईसँग दया भएकोले मानिसहरूको बारेमा कहिल्यै नराम्रो कुराहरू भन्नुहुन्न् ।

(३) गलातीमा भएका ख्रीष्टियानहरूमा यो सद्गुणको अभाव थियो (गलाती ५:१५) ।

(ग) यसमा गलतलाई बेवास्ता गर्ने कुरा सम्लग्न हुँदैनन् । यसकारण परमेश्वरको दया र कठोरतालाई ध्यानमा राख (रोमी ११:२२) । भलाइ पनि उस्तै शब्द हो ।

(VI) **भलाइ । यो अघिल्लो शब्दसँग नजिकको सम्बन्ध छ ।**

(क) भलाइको अर्थ "हृदय र जीवनको सीधापन" हो । यो प्रेम र दयाको कार्य हो ।

(ख) यो शब्दले उदारताको विचार पनि बोक्न सक्छ ।

(१) ख्रीष्टको बलिदान साँच्चै उदारता थियो ।

(२) के तपाई कर्तब्यको भावनाबाट राम्रो गर्दै हुनुहुन्छ?

(३) यो दोस्रो माइल धर्म हो जुन कुरा ख्रीष्टले गर्नुभयो ।

## (VII) **विश्वास वा साँच्चै विश्वासयोग्यता ।**

(क) यसको अर्थ विश्वासनीयता वा भरोसा हो ।

(ख) यसको अर्थ शंकाको विरोधमा विश्वासयोग्यता हो ।

(१) के तपाई आफ्नो परिवारप्रति विश्वासयोग्य हुनुहुन्छ? के तपाई आफ्नो काममा विश्वासयोग्य हुनुहुन्छ?

(२) के तपाई परमेश्वर र उहाँको मण्डलीप्रति वफादार हुनुहुन्छ? (उदाहरण- आइतबारको आराधना, बुधबारको बाइबल अध्ययनमा) ।

(ग) यसको अर्थ जीवनभर विश्वासयोग्य रहनु हो । जब कुनै केटा र केटीको विवाह भएको एक वर्ष भएको थियो । एउटा अखबारको मूख्य लाइनमा लेखिएको थियो, "र उनीहरूले भने कि यो टिक्ने छैन् ।" यो संसारको विश्वासको विचार हो ।

## (VIII) **नम्रता ।**

(क) यसको अर्थ नियन्त्रणमा रहेको शक्ति, प्रेमिलो सेवा र सम्मानजनक कार्यहरूमा प्रयोग गरिएको शक्ति हो ।

(१) यसको अर्थ रिस नगरी गल्ती भोग्नु हो । तपाईले अरूलाई वरिपरि धकेल्ने प्रयास गर्नुहुनेछैन वा घमण्डले आफ्नो इच्छालाई अरूमाथि थोपाउनुहुनेछैन । यसमा नम्रता समावेश छ । यो कमजोरी होइन् ।

(२) जब हामी नम्र हुन्छौं हामी घमण्डी, क्रोध वा बदला लिने बिना अपमान सहन सक्छौं । हामी यसो गर्नेछौं र परमेश्वरलाई धन्यवाद दिनेछौं र हरेक परिस्थितिमा उहाँलाई गरिने समर्पण नम्रता हो । यदि यसको मतलब पापको उपज हो भने कमजोरी हुनेछ । यो भलाइ र ईश्वर भक्तिबाट उत्पन्न भएको ठूलो शक्ति हो ।

(ख) नम्रता भनेको परमेश्वरले हामीलाई न्याय गर्नुहुनेछ भन्ने विश्वासको साथ चोट पाउनु हो । खराबीको बदला कसैलाई नराम्रो नगर्नुहोस् (रोमी १२:१७) । पद १८ ले हामीलाई बताउँछ किन- परमेश्वरले बदला दिनुहुनेछ ।"

## (IX) **संयम ।**

(क) संयम भनेको आत्म-नियन्त्रण हो ।

(१) पावलले पापीलाई आत्म-संयमको प्रचार गरे । जब पावलले फेलिक्सलाई प्रचार गरे उनले, "धार्मिकता, आत्म-संयम, र आउने न्याय" को बारेमा प्रचार गरे ।

(२) आत्म-संयम सबै ख्रीष्टियानहरूको निम्ति आज्ञा हो । खेलमा भाग लिने खेलाडी सबै थोकमा आत्मसंममी हुनुपर्छ । तिनीहरू नष्ट भएर जाने मुकुट पाउनलाई यसो गर्दछन्, तर हामीचाहिँ अविनाशी मुकुट पाउनलाई यसो गर्दछौं (१ कोरिन्थी ९ः२५) ।

(ख) आत्म-नियन्त्रणको आवश्यकता ।

(१) पापपूर्ण कुराहरूमा आत्म-संयम ।

(२) असल कुराहरूमा आत्म-नियन्त्रण ।

(क) सदस्यहरूले आराधना गर्नको लागि धेरै समय आनन्द छोड्ने छैनन् ।

(ख) सदस्यहरूले आराधना गर्न लामो समय काम छोड्ने छैनन् ।

(१) यी अदभूत गुणहरूलाई निन्दा गर्ने कुनै नियम छैन् ।

(२) प्रायः मण्डलीका सदस्यहरूलाई तिनीहरूमा आत्मा छ कि भनेर सोच्छन् ।

(३) यस सूचीबाट के छोडिएको छ ध्यान दिनुहोस्ः अन्य भाषा बोल्ने, चमत्कारी अनुभवहरू, दर्शनहरू, इत्यादि जुन माध्यमबाट मानिसले सिकाउँछ त्यो ब्यक्तिको आध्यात्मिक वास्तबिक मापन हो ।

(४) हामीले यहाँ चर्चा गरेका आत्माको फलको लागि हाम्रो जीवनलाई हेरौं । यदि यी चीजहरू अनुपस्थित छन् भने हामीसँग आत्मा छैन् ।

# (२) परिपूर्णतामा बढ्नु

## हिब्रू ५:११-६:२०

(१) यो परिपक्वतामा जाने प्रोत्साहन हो ।

(२) पिटर प्यानको कथासँग हामी सबै परिचित छौं । त्यो कथा एउटा सानो केटाको बारेमा हो, जसले ऊ कहिल्यै हुर्कन चाहँदैन् भनी निर्णय गर्‍यो । आत्मिक मामिलामा धेरैलाई पिटर प्यानको रोग लागेको लक्षण देखिन्छ । तिनीहरू थोरै धर्ममा खुशी छन्, तर यो धेरै वा धेरै लामो हुनु हुँदैन् ।

(३) हिब्रूको पुस्तक यहूदीहरूका लागि लेखिएको थियो जो हरेक हप्ता सभाघरमा गएर, पुरानो करारका धर्मशास्त्र पढेर र बलिदान चढाएर हुर्केका थिए । तिनीहरूले सुसमाचार पालन गरेका थिए, तर त्यसपछि सतावट उत्पन्न भएको थियो । आखिरमा ख्रीष्टियान बन्न चाहन्छन् कि भनेर तिनीहरूले सोच्न थाले । तिनीहरू नियमको सेवामा फर्कन चाहन्थे । तिनीहरू साना बच्चाहरू जस्तै रहन चाहन्थे ।

(४) मानिस परिपक्व नभएको देख्दा दुःख लाग्छ । जसरी हाम्रा छोराछोरी साना रहन्छन्, हामी सबै चाहन्छौं कि बच्चाहरू परिपक्व र जिम्मेवार वयस्कको रूपमा जिउन सिकोस् । आत्मिक अपरिपक्वता झनै दुःखद कुरा हो ।

### (I) आत्मिक अपरिपक्वताको चिन्ह (हिब्रू ५:११-१४) ।

(क) वचनमा सुस्तता ।

(१) हिब्रू ६:१२ मा एउटै शब्दलाई "अल्छी" वा "सुस्त" को रूपमा अनुवाद गरेको छ । यो सुस्तता उनीहरूको जीवनमा नै गाँसिएको थियो । कतिपय कुरा बुझ्न सकेनन् ।

(२) केहि चीजहरू ख्रीष्टमा बच्चाहरूको लागि उपयुक्त छैनन् । (उदाहरण- पाउलालाई जानकारीमूलक प्रवचन, मेरा बच्चाहरूलाई भ्रामक हुन्छन् ।)

(३) येशूको पूजाहारीको पद हारूनको भन्दा धेरै उच्च छ भनी लेखकले देखाउँदछ (हिब्रू ५:१-११) ।

(४) अरू धेरै कुराहरू भन्न आवश्यक थियो, तर हिब्रू ख्रीष्टियानहरूले ती बुझ्न सकेनन् ।

(५) गल्ती उनीहरूको आफ्नै थियो । शिक्षक वा सन्देशको समस्या होइन् ।

(ख) सिकाउन असक्षमता (हिब्रू ५:१२) ।

(१) परमेश्वरले हामीलाई हाम्रा अवसरहरूको लागि जवाफदेही राख्नुहुन्छ ।

(२) मैले तिमीहरूलाई भन्ने कुरा अझ धेरै छन्, तर, अहिले तिमीहरू ती कुरा सहन सक्दैनौ (यूहन्ना १६:१२) । हिब्रूहरूमा जस्तै त्यहाँ कुनै निन्दा छैन । ख्रीष्टले बच्चाहरूलाई तिरस्कार गर्नुहुन्न्; उहाँ केवल तिनीहरू बढ्ने आशा गर्नुहुन्छ ।

(३) यी मानिसहरू अरूलाई सिकाउन सक्षम हुन लामो समयदेखि ख्रीष्टियान भइसकेका थिए, तर तिनीहरूले ख्रीष्टियान जीवनको सरल शिक्षालाई फेरि सिक्नु पर्‍थ्यो । तिनीहरूले यरूशलेम बाइबल कलेजमा गएर पढाउनु पर्ने थियो, तिनीहरू पहिलो कक्षामा फर्कनु पर्‍थ्यो ।

(४) शिक्षणले सार्वजनिक शिक्षालाई बुझाउँछन् भनी हामी सामान्यतया सोच्ने गर्छौं ।

(५) त्यो महत्वपूर्ण छ र यसलाई पूरा गर्न हामीमा थप इच्छा चाहिन्छ ।

(६) पावलले यसको बारेमा सोचिरहेको कुनै संकेट छैन । पावलले प्रचारकहरू, मण्डलीका अगुवाहरूलाई होइन् तर साधारण ख्रीष्टियानहरूलाई लेखेका थिए । मण्डलीलाई आफ्नो छिमेकीलाई निजी रूपमा सिकाउन, छोराछोरी, नाति नातिनाहरूलाई सिकाउने इच्छुक मानिसहरू चाहिन्छ ।

(ग) एउटा बच्चाको खानाको आहार (हिब्रू ५:१२-१३) ।

(१) विशेष गरी बच्चाहरूको लागि दूध उपयुक्त हुन्छ, तर दाँत भएकाहरूले मात्र मासुको स्वाद लिन सक्छन् ।

(२) दूध परमेश्वरको वचनको पहिलो आधारभूत सिद्धान्त हो ।

(३) यी अंग्रेजीमा ABC जस्तै हुन् ।

(४) मासुले विशेष गरी अहिले ख्रीष्टको कामलाई जनाउनेछ (ख्रीष्टको पूजारीत्व, मल्किसेदेक आदि) । उनका सबै पत्रहरूमा पनि उनले यी कुराहरू उल्लेख गरेका छन् । तिनमा कुनै-कुनै कुराहरू बुझ्न कठिन छ (२ पत्रुस ३:१६) ।

(घ) शब्द प्रयोग गर्न अकुशल (हिब्रू ५:१४) ।

(१) हामी आत्मिक रूपमा बढ्दै जाँदा हामीले हाम्रो दैनिक जीवनमा वचन प्रयोग गर्न सिक्छौं ।

(२) ज्ञान र बुद्धिले हामी सहि गलत छुट्याउन सक्षम हुन्छौं ।

(३) यो क्रमिक प्रक्रिया हो । उदाहरणको निम्ति हामी बच्चाहरूलाई भन्छौं, "अपरिचितहरूसँग कुरा नगर्नुहोस् ।" यद्यपि, वयस्कहरू हरेक दिन अपरिचितहरूसँग कुरा गर्छन, अपरिचितहरूसँग ब्यापार गर्छन् । त्यहाँ पनि अवसरहरू छन् कि वयस्यकहरूको लागि पनि अपरिचितहरूसँग कुरा गर्न खतरा हुन सक्छ । अनुभवबाट आउँदा न्याय गर्ने क्षमता बढ्छ ।

(४) केटाकेटीहरूले त्यो कहिल्यै गर्न सक्दैनन् । एउटा बच्चाले कुनै प्रचारकको कुरा सुन्न सक्छ, र ऊ धर्मशास्त्रमा सत्य हो कि होइन् भनेर पहिचान गर्न सक्षम हुँदैन् । धर्मशास्त्र उदधृत गरेर मात्र प्रचारकलाई सही बनाउँदैन् । शैतानले पनि ख्रीष्टलाई धर्मशास्त्र उदधृत गऱ्यो ।

**(II) हामी पूर्णतामा जाऔं (हिब्रू ६:१) ।**
**यो पाठ्यखण्ड एउटा ठूलो चुनौती बन्छ ।**

(क) पूर्णता भनेको के हो?

(१) "पापरहित पूर्णता" सँग भ्रमित हुनु हुँदैन् । यो असम्भव छ किनकि १ यूहन्नाले स्पष्ट रूपमा औंल्याए ।

(२) हिब्रू ६:१ को सन्दर्भले "पूर्णता" को ब्याख्या गर्छ, यसको अर्थ पूरा उमेर भन्ने बुझिन्छ (हिब्रू ५:१४) ।

(३) पावल भन्दछ, "तापनि परिपक्व भएकाहरूका बीचमा हामी बुद्धिको प्रचार गर्दछौं (१ कोरिन्थी २:६) ।

(४) त्यसैले "पूर्णता" को अर्थ "पूर्ण बढेको" वा परिपक्व हो ।

(५) परिपक्वता वर्षौंको कुरा होइन् ।

- केही किशोरहरू अपेक्षाकृत परिपक्व हुन्छन्; केही वयस्कहरू अपरिपक्व हुन्छन् ।
- म परिपक्व छु भन्न सजिलो छ । म २० वर्षदेखि ख्रीष्टियान भएको छु भन्न सकिन्छ ।

(ख) यो आत्मिक प्रगतिको लागि आहवान हो । पहिलो सिद्धान्तहरू वा बाल्यकालका कुराहरू छोड्नुहोस् ।

(१) विशेष रूपमा उल्लेख गरिएका केही पहिलो सिद्धान्तहरू हुन्, पश्चात्ताप, विश्वास, बप्तिस्मा, हात राख्ने, पुनरूत्थान, र न्याय ।

(२) यी सबै चीजहरू यहूदी धर्ममा पाइन्छ, तर ख्रीष्टियान धर्ममा नयाँ महत्व दिइएको छ । तिनीहरूले यहूदी धर्मबाट ख्रीष्टियान धर्ममा परिणत हुँदा अझ राम्ररी बुझ्न सक्ने कुराहरू हुन् ।

(३) यसले पहिलो सिद्धान्तहरू महत्वहीन छन् भन्न खोजेको होइन् । हरेक घरलाई राम्रो जग चाहिन्छ । आत्मिक रूपमा हामीसँग राम्रो जग हुनुपर्छ, तर निरन्तर जग निर्माण गर्नु हास्यास्पद कुरा हो ।

(४) हामी आत्मिक भोजन, परमेश्वरको वचन खाएर बढ्छौं । नयाँ जन्मेका बालकहरूजस्तै शुद्ध आत्मिक दूधको तृष्णा गर, र त्यसबाट तिमीहरू आफ्नो मुक्तिमा बढ्दै जान सक्नेछौं (१ पत्रुस २ः२) ।

**(ग) प्रगति फलदायी हुन्छ (हिब्रू ६ः७–१०) ।**

(१) तिनीहरू अझै पनि धर्मत्यागी थिएनन्, तापनि तिनीहरूमा खतरा थिए ।

(२) तर पावलमा यो कुरा सुनिच्छित थियो कि मुक्तिसँग सम्बन्धित कुराहरूलाई तिनीहरूले अगाडि ल्याउन शुरूवाट गर्नेछ ।

(३) खेतले फसल फलाएर आफ्नो मूल्य प्रमाणित गर्छ । काँडा र काँडा मात्र उब्जाउने खेत बेकारको हुन्छ । साँचो विश्वासीले परमेश्वरको महिमाको लागि फल फलाउँछ ।

(४) परमेश्वरले हाम्रो प्रेमको परिश्रमलाई बिर्सनुहुनेछैन् । किनकि ख्रीष्ट येशूमा खतना वा बेखतनाले केही काम गर्दैन, तर विश्वासले प्रेमद्धारा काम गर्छ (गलाती ५ः६) ।

**(घ) प्रगतिले लगनशील प्रयासको माग गर्दछ (हिब्रू ६ः११–१२) ।**

(१) आत्मिक परिपक्वता केही नगरी आउँदैन् । एउटा किसानले कौसीमा बसी बीउ हेरेर फसल कटनी गर्न सक्दैन् ।

(२) स्वभाविक रूपले ख्रीष्टियानहरू बढ्नुपर्छ, तापनि, परमेश्वरले हामीलाई दिनुभएको आत्मिक स्रोतहरूलाई लगनशील भएर हामी आफैमा प्रयोग गर्नुपर्छ । यदि हामीले बाइबल अध्ययन, मण्डलीको सङ्गति, आराधना र प्रार्थनालाई बेवास्ता गऱ्यौं भने, हामीले धेरै फसल कटनी गर्ने छैनौं ।

(३) हामीलाई विश्वास र धैर्यताद्वारा प्रतिज्ञाहरू प्राप्त भएकाहरूले अनुकरण गर्न प्रोत्साहन दिइएको छ । यो शायद हिब्रू ११ मा उल्लेख गरिएको विश्वासका महान मानिसहरूको सन्दर्भ हो ।

(४) यहोशू र कालेबले जस्तै, हामीले परमेश्वरका प्रतिज्ञाहरूमा विश्वास गर्नुपर्छ । त्यसपछि ती प्रतिज्ञाहरूमा गई दाबी गरेर हाम्रो विश्वासको अभ्यास गर्नुपर्छ ।

(५) सोलोमनको चेतावनीलाई ध्यान दिनुहोस् (हितोपदेश २४:३०-३४) ।

(१) यो खण्डले हामीलाई चुनौती दिन्छ । "पूर्णतामा जानुहोस् ।" यसको लागि लगनशील काम र मेहनत चाहिन्छ ।

(२) धेरै पल्ट ख्रीष्टियानहरू विद्यालयका छात्रहरू जस्तै हुन्छन्, जसले गणित समस्याहरूको निम्ति जवाफ पुस्तकको पछाडि खोज्न चाहन्छन् । हामी छोटो मार्गहरू खोज्छौं, तर छोटो मार्गहरूले परिपक्वताबाट टाढा लैजान्छ ।

(३) रमणीय गाउँमा हिँड्ने पर्यटकहरूको समुहको कथा सुनाइएको छ । तिनीहरू पर्खालको छेउमा बसेका एक जना वृद्ध मानिस भएर गए । एकजना पर्यटकले सोधे, "यो गाउँमा कोही महापुरूष जन्मेको थियो? बूढो मानिसले जवाफ दियो, "होइन्, केवल बच्चाहरूमात्र जन्मिन्छन् ।

(४) एमी कार्माइकले एक पटक लेखेकी थिइन्, "कहिलेकाहीं जब हामी विजेताहरूभन्दा बढी भएका व्यक्तिहरूको शब्दहरू पढ्छौं हामी लगभग निराश महसुस गर्छौं । मलाई लाग्छ कि म त्यस्तो कहिल्यै हुनेछैन् । तर तिनीहरूको पाइलामा, थोरै अस्वीकारहरूद्वारा आत्मसन्तुष्टि कुरामा सानो भित्री जित हासिल गऱ्यौं । तिनीहरू जे छन् त्यही भए । यस्ता पाइलाहरू कसैले देख्दैनन् । तिनीहरूले उपलब्धिमात्र देख्छन्, साना पाइलाहरू चालेका देख्दैनन् । आत्मिक परिपक्वताको आकस्मिक विजय भने हुँदैन् । लगनशीलताद्वारा हामी पूर्णतामा जाऔं ।

# (३) ज्ञानको कुञ्जी
## २ पत्रुस १:३४

(क) २ पत्रुसले ज्ञानको बारेमा जोड दिएको छ । ज्ञानको लागि तीन सम्बन्धित ग्रीक शब्दहरू यस पुस्तकमा ११ पटक प्रयोग गरिएको छ ।

(ख) साँचो धर्म सत्यताको ज्ञानमा आधारित हुन्छ ।

(१) तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा गरोस्ः 'म परमप्रभुलाई जान्दछु, र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ । किनभने यिनैमा म प्रसन्न हुन्छु' परमप्रभु भन्नुहुन्छ" (यर्मिया ९:२४) ।

(२) अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाई, एकमात्र सत्य परमेश्वरलाई चिनून, र तपाईले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून् (यूहन्ना १७:३) ।

(३) येशूले सत्यको ज्ञानलाई पापबाट स्वतन्त्र भएको कुरासँग जोड्नुभयो । तब तिमीहरूले सत्य के हो सो जान्नेछौं, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ (यूहन्ना ८:३२) ।

(४) अज्ञानता र त्रुटि ख्रीष्टियान धर्मका शत्रुहरू हुन् ।

(ग) २ पत्रुसमा एक जना व्यक्तिले ज्ञानको महत्वलाई देख्छ किनकि उसले ज्ञानको माध्यमबाट उपलब्ध आशिषहरू ("सबै चीजहरू"- २ पत्रुस २:१) हासिल गर्छ ।

(१) यो ज्ञान "पूर्ण, सिद्ध र सही हो । केहि तथ्यहरू थाहा पाउनु भन्दा धेरै; यो एउटा समझ हो; यो व्यक्तिगत रूपमा ख्रीष्टलाई चिन्नु हो । यो ख्रीष्टसँगको सम्बन्ध हो, जुन आज्ञाकारिताद्वारा आउँछ ।

(२) मानिस दुइ चरम मध्ये एउटामा झुक्छ ।

(क) ख्रीष्टसँगको सम्बन्ध बाहेक ज्ञानमा जोड दिन्छ ।

(ख) सैद्धान्तिक सत्यको लागि ठूलो चिन्ता बिना सम्बन्धमा जोड दिने ।

(घ) साँचो ज्ञान कहाँबाट आउँछ?

(१) यो ज्ञान संसारिक दार्शनिकहरूका बुद्धिबाट आउँदैन् । संसारले

आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले" (१ कोरिन्थी १:२०,२१)

(२) साँचो ज्ञान परमेश्वरबाट प्रकट हुन्छ (२ पत्रुस ३:२) ।

(क) पवित्र अगमवक्ताहरूका वचनहरू । ती शब्दहरू परमेश्वरको पवित्र आत्माद्वारा पवित्र मानिसहरूलाई दिइएको थियो (२ पत्रुस १:२०,२१) ।

(ख) प्रेरितहरूको आज्ञा । प्रेरितहरूले "स्वर्गबाट पठाइएको पवित्र आत्मा" (१ पत्रुस १:१२) द्वारा सुसमाचार प्रचार गरेका थिए ।

**(I) ज्ञान चाबी हो जसले अनुग्रहको ढोका खोल्छ ( २ पत्रुस १:२) ।**

(क) अनुग्रह मानिसको लागि परमेश्वरको वरदान हो । यो पाउन "अयोग्य" पक्ष हो ।

(१) मानिसजातिको पापको लागि उहाँको पुत्रको वरदानमा परमेश्वरको अनुग्रह देखाइएको थियो । तर हामी येशूलाई देख्छौं । उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, मृत्युको कष्टको कारण महिमा र आदरको मुकुट उहाँलाई पहिराइयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून् (हिब्रू २:९) ।

(२) मानिसमा परमेश्वरको अनुग्रह प्रशस्त छ । पावलले यस अनुग्रहलाई "सम्पति" शब्दद्वारा वर्णन गरे (एफिसी १:७) ।

(ख) मानिसहरू परमेश्वरको अनुग्रहले उद्धार पाएका छन् (एफिसी २:८) ।

(ग) मानिसहरू परमेश्वरको अनुग्रहद्वारा धर्मी ठहरिन्छन् । परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैमा धर्मी ठहरिएका छन् (रोमी ३:२४) । धर्मी ठहऱ्याउनु भनेको परमेश्वरद्वारा धर्मी वा न्यायी घोषित हुनु हो ।

(घ) यो परमेश्वरको अनुग्रह हो जसले मानिसहरूलाई मुक्ति ल्यायो । किनकि सबै मानिसहरूका मुक्तिको निम्ति परमेश्वरको अनुग्रह प्रकट भएको छ (तीतस २:११) ।

(ङ) परमेश्वरको अनुग्रह मानिसहरूमा प्रकट भएको छ ।

(१) सुसमाचार । पावल भन्दछ कि उनको सन्देश, "परमेश्वरको अनुग्रहको सुसमाचार थियो..." (प्रेरित २०:२४) ।

(२) "...उहाँको अनुग्रहको वचन..." भनियो (प्रेरित २०:३२) ।

(३) परमेश्वरको अनुग्रहले हामीलाई सिकाउँछ (तीतस २:११,१२) ।

(च) मानिसहरूले अनुग्रहको शिक्षा, अनुग्रहको सुसमाचार, अनुग्रहको वचन जान्नुपर्छ ।

(१) यो बौद्धिक ज्ञान होइन्, व्यावहारिक ज्ञान हो । पावलले २ तिमोथी १:१२ मा भन्दछ, "म कसलाई चिन्छु... ।" यो बौद्धिक ज्ञान र परमेश्वरसँगको सम्बन्ध दुवै हो । एउटा बिना अर्कोमा जोड दिंदा पापमा डोऱ्याउँछ ।

(२) हामीले यस अनुग्रहको शिक्षालाई जान्नुपर्छ र पालन गर्नुपर्छ । "यस अनुग्रहमा हामी खडा छौं, र परमेश्वरका महिमाको सहभागी हुने हाम्रो आशामा हामी रमाउँछौं (रोमी ५:२) । परमेश्वरको वचन भएर विश्वास आउँछ ।

**(II) ज्ञान चाबी हो जसले शान्तिको ढोका खोल्छ ( २ पत्रुस १:२) ।**

(क) पापीहरू आफ्ना पापहरूद्वारा परमेश्वरबाट अलग हुन्छन् (यशैया ५९:१-२) ।

(१) पापीहरू तिनीहरूका दुष्ट कामहरूद्वारा परमेश्वरका शत्रुहरू हुन्छन् । बितेका समयमा दुष्ट काम गरेर तिमीहरू बिराना भई आफ्नो मनमा विरोधी भएका थियौं, तापनि परमेश्वरमा मिलाप ल्याउनुभयो (कलस्सी १:२१,२२) ।

(२) पावलले पापीहरूको बारेमा भन्दछ, "तिनीहरूले शान्तिको मार्ग चिनेका छैनन्" (रोमी ३:१७) ।

(ख) पापबाट धर्मी ठहरिएका मानिसहरूमा परमेश्वरसित शान्ति हुन्छ । यसैकारण विश्वासद्वारा धर्मी ठहरिएर हाम्रा प्रभु येशू ख्रीष्टद्वारा परमेश्वरसँग हाम्रो मिलाप भएको छ (रोमी ५:१) । हामी ख्रीष्टको रगतद्वारा धर्मी ठहरिएका छौं ।

(ग) यद्यपि, परमेश्वरको शान्ति पाउनको लागि कसैले शान्तिको सुसमाचार जान्नु र पालन गर्नुपर्छ (रोमी १०:१५) ।

(१) सुसमाचार मुक्तिको लागि परमेश्वरको शक्ति हो (रोमी १:१६) ।
(२) मुक्ति प्राप्त गर्नु भनेको परमेश्वरको शान्ति प्राप्त गर्नु हो ।
(३) त्यसकारण, सुसमाचारलाई जान्ने र पालन गरेर मात्र परमेश्वरसँगको शान्ति प्राप्त हुन्छ ।

(घ) त्यो खराबीबाट फर्कोस् र असल गरोस्, त्यसले शान्तिको खोजी गरोस् र त्यसको पछि लागोस् (१ पत्रुस ३:११) ।

(ङ) "ख्रीष्टको शान्तिले तिमीहरूका हृदयमा राज्य गरोस्..." (कलस्सी ३:१५) ।

**(II) ज्ञान चाबी हो जसले संसारको प्रदूषणबाट उम्कने ढोका खोल्छ (२ पत्रुस २:२०) । (नोटः "ज्ञान मार्फत")**

(क) ज्ञानको लागि यो शब्द सामान्य ज्ञान मात्र होइन्, ज्ञानको उच्चतम रूप, पूर्ण ज्ञान हो ।

(ख) संसारको प्रदुषण भनेको संसारमा दुष्टताले आत्मामा छोडेको दाग हो । तिनीहरूको रूपान्तरण सतहीको मात्र थिएन् ।
(१) पहिलो शताब्दीका कोही-कोहीले आफूसँग ज्ञान भएको दाबी गरे तर तिनीहरूको जीवनले यो दाबी गलत साबित गर्‍यो । तिनीहरू परमेश्वरलाई चिनेका छौं भनी भान त पार्छन, तर तिनीहरूले आफ्ना कामद्वारा उहाँलाई इन्कार गर्दछन् (तीतस १:१६) ।
(२) त्यस्तै गरी आज धेरैले ठूलो ज्ञानको दाबी गर्छन, तर ज्ञान अनुसार चल्दैनन् ।

(ग) येशू हुनुहुन्छ भन्ने ज्ञानद्वारा मानिसहरू प्रदुषणबाट बच्न सक्छन् ।
(१) प्रभु (शासक) - येशूको अख्तियारलाई चिन्नुहोस् र उहाँका आज्ञाहरू पालन गर्नुहोस् । ख्रीष्टले भन्नुभयो कि उहाँसँग सबै अधिकार छ । "मैले भनेका कुरा गर्दैनौ भने किन मलाई 'प्रभु, प्रभु' भन्दछौं? (लूका ६:४६) ।
(२) मुक्तिदाता । "येशू" नाउँको अर्थ मुक्तिदाता हो । "तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट

बचाउनुहुनेछ" (मत्ती १:२१) ।

(३) कसैले सत्यको वचन पालन गर्दछ भने उसको आत्मा शुद्ध हुन्छ (१ पत्रुस १:२२,२३) । हामीले नजानेको कुराको पालना गर्न सक्दैनौं ।

(१) हामीले देखेका छौं कि मुक्ति, सत्य, जानेर पालन गर्ने कुरामा निर्भर हुन्छ । परमेश्वरले हामीलाई जीवन र भक्तिसँग सम्बन्धित सबै चीजहरू दिनुभएको छ (२ पत्रुस १:३) । ती चीजहरू हामीले ज्ञानद्वारा प्राप्त गर्छौं ।

(२) ख्रीष्टियान धर्म भनेको ज्ञानमा आधारित सिकाइएको धर्म हो । यसमा हृदय र भावनाहरू संलग्न छन्, तर केवल हाम्रो दिमागलाई ठीकसँग सिकाइएको हुनुपर्छ ।

(३) पछिल्लो वर्षहरूमा हाम्रो समाजले यसलाई उल्टो पारेको छ । अप्रिल २००४ को मध्यमा, टेनेसियनले बाइबल प्रकाशकको प्रबन्धकसँगको अन्तरर्वार्ता प्रकशित गऱ्यो जसले भनेको थियो, "अमेरिकी संस्कृतिमा तर्क र तर्कबाट भावना र भावनाहरूमा आधारभूत परिवर्तनले बिक्रीलाई बढावा दिइरहेको छ र मानिसहरूमाझ प्रकाशकहरूलाई अपील गर्न बाइबल प्याकेज गर्ने नयाँ तरिकाहरूलाई प्रोत्साहन दिइरहेको छ ।

(४) हामीमा ज्ञानको भोको छ भने आत्मिक ज्ञान हासिलको खोजी गर्दछौं । सन् १९९८ को मार्चमा सुसमाचार अधिवक्ता, महिला जो लगभग ३० वर्ष देखि एउटा विद्यालयको शिक्षिका थिइन् । अहिले उनले बाइबल ज्ञानमा भिन्नता छ भन्ने बारेमा लेख लेखिन् । तिनका किशोर अवस्थाका विद्यार्थीहरूले मोशा, दानिएल, वा पावल को हुन भनेर जानेका थिए । अब तिनीहरू उनलाई खाली नजरले हेर्छन् । हालसालै तिनीहरूले कवितात्मक शैलीको भजनसंग्रह अध्ययन गरेका थिए, बहुसंख्यक मानिसहरूले भजनसंग्रह २३ अध्यायलाई सुनेकै थिएनन् ।

(५) के मण्डली धेरै राम्रो छ? तिनी बाइबल विद्यालयको शिक्षिका पनि थिएन् । उनका १० र ११ वर्षका विद्यार्थीहरूलाई विज्ञापनहरू, गीतहरू, चलचित्रहरू र टिभी कार्यक्रमहरूका शब्दहरू सबै थाहा थियो, तर साप्ताहिक धर्मशास्त्रका पदहरू कण्ठ गर्न धेरै गाह्रो हुन्थ्यो ।

(६) हामीलाई उपलब्ध ज्ञान मात्र धेरै मूल्यवान छैन् । बुगार्ट डुबोइस, महान अश्वेत समानशास्त्री र शिक्षाविद्, फिस्क, हार्वर्ड र बर्लिन विश्वविद्यालयमा आफ्नो अध्ययन पूरा गरेपछि, कालो समुदायको बारे सत्यतामा सावधानीपूर्वक वैज्ञानिक अनुसन्धान परिवर्तनको कुञ्जी हो भन्ने कुरामा विश्वस्त थिए । त्यसैले उनी अध्ययनमा लागे । उनको अनुसन्धान निदोष थियो; उसको रेखा चित्र र ग्राफहरू निर्दोष थिए । तर धेरै पछि पनि परिवर्तन भएनन् । अन्ततः डा. डुबो इसले सत्यलाई स्वीकार गर्नुपऱ्योः "सत्य उपलब्ध हुनुको मतलब यो विनियोजन हुनेछैन् ।"

(७) मण्डली अब बाइबल जान्ने मानिसहरूका रूपमा चिनिदैनन् । ख्रीष्टियानहरू धेरै हदसम्म संसारका मानिसहरू जस्तै जिउन थाले । किन? ज्ञानको कमी । हामी कि त अध्ययन गर्दैनौं या त हामीसँग भएको ज्ञानलाई बेवास्ता गर्ने कुरा रोज्छौं (२ पत्रुस ३:५) ।

(८) "येशूले आफूमाथि विश्वास गर्ने यहूदीहरूलाई भन्नुभयो, "तिमीहरू मेरो वचनमा रहयौ भने तिमीहरू साँच्चै मेरा चेला हौ । तब तिमीहरूले सत्य के हो सो जान्नेछौ, र सत्यले तिमीहरूलाई स्वतन्त्र तुल्याउनेछ" (यूहन्ना ८:३१,३२) ।

# (४) ख्रीष्टियान अनुग्रह
## २ पत्रुस १:५-११

(१) के हामीले सुरक्षाको बारेमा धेरै सुनेका छौं? वित्तीय (वचत, बीमा, आदि), व्यक्तिगत (व्यक्तिगत हानिबाट सुरक्षित छ) । लिनेटले कोठा खोज्दा उनलाई सुरक्षा महत्वपूर्ण थियो । कसैले व्यवसाय र घरहरूमा सुरक्षाको घण्टी राख्छन् ।

(२) अधिकांश समय हामी महसुस गर्छौं कि हाम्रो यो जीवनमा कुनै पनि कुराको सुरक्षित छैन् । जबसम्म शेयर बजार पछिल्ला दुई वर्षमा तल झर्दैन, तबसम्म उनीहरूको अवकास सुरक्षित छ भनी धेरैले सोचेका थिए र प्रायजसो अहिले लेखा धोखाधडीको आरोपहरू खुल्ला छन् । धेरैले सोचेका थिए कि यो राष्ट्र ९-११ वर्ष अघिसम्म सुरक्षित थियो ।

(३) सबैभन्दा ठूलो सुरक्षा आत्मिक विषयको हो र यो सबैको पहुँच भित्र छ ।

(४) यी पदहरूलाई प्राय ख्रीष्टियान अनुग्रह वा सद्गुणहरू भनिन्छ ।

(५) यी चिजहरू जुन प्रत्येक ख्रीष्टियानहरूको चरित्रको हिस्सा हुनुपर्छ । हामीले यी सबै कुराहरू किन जोड्ने?

(क) परमेश्वरको अनुग्रह (२ पत्रुस १:३,४)- अनुग्रहद्वारा हामीसँग महान् र बहुमूल्य प्रतिज्ञाहरू छन् ।

(ख) परमेश्वरको अनुग्रहको माग गर्छ । यी कुराहरूको आधार हो । "यस कारणको लागि ।"

(६) हामी कसरी यी सबै चीजहरू थप्छौं?

(क) सबै लगनशीलता दिदैं (पद ५ र १०); हरेक सम्भव प्रयास गर्नुहोस्; दृढ संकल्पको हरेक अंश हामीले जम्मा गर्न सक्छौं । (उदाहरण- फूटबल धावक जसले आफ्नो खुट्टा चलाइ रहन्छ र आफूले हासिल गर्न सक्ने हरेक कुराको लागि खुट्टाले काम गरिरहन्छ ।)

(ख) विकास प्रायः हुँदैन् । एकजना टिप्पणीकारले ख्रीष्टियान धर्मको आलोचकलाई उद्धघृत गरे जसले ख्रीष्टियान अनुभवलाई "प्रारम्भिक ऐंठन पछि पुरानो जडता" भनेर वर्णन गरे ।

## (I) विश्वास ख्रीष्टियान धर्मको आधारभूत कुरा हो ।

विश्वासविना परमेश्वरलाई प्रसन्न पार्नु असम्भव छ । किनकि जो परमेश्वरको नजिक आउँछ, त्यसले परमेश्वर हुनुहुन्छ र उहाँलाई खोज्नेहरूलाई उहाँले प्रतिफल दिनुहुन्छ भन्ने पक्का विश्वास गर्नुपर्छ (हिब्रू ११:६) । हामी "विश्वासद्धारा जिउँछौं", "विश्वासद्धारा हिंडछौं" र हाम्रो विश्वासद्धारा संसारलाई जित्छौं ।

(क) विश्वास भनेको के हो?

(१) विश्वास परमेश्वरबाट दिइएको वा प्रेरित गरिएको छैन् । सुसमाचार सुनेको आधारबाट विश्वास मानिसमा आउँछ । "जे सुनिएको छ, त्यसैबाट विश्वास आउँछ, जे सुनिन्छ त्यो ख्रीष्टको प्रचारबाट आउँछ" (रोमी १०:१७) ।

(२) यो केवल शिक्षाको स्वीकार मात्र होइन्, नयाँ धर्ममा सामेल हुने घोषणा मात्र हो ।

(३) परमेश्वरमा भरोसाको रूपमा परिभाषित गर्न सकिन्छ, जुन आशासँग नजिकको सम्बन्ध छ ।

(४) बाइबलीय विश्वास एउटा प्रतिबद्धता हो । यो इच्छाशक्तिको अभियान हो । हामी परमेश्वरको लागि जीवित बलिदान बन्छौं (रोमी १२:१) ।

(५) यसरी विश्वासले सबै आचरणको निर्धारण गर्छ । हामी अब "म" को रूपमा बाँच्दैनौं, तर ख्रीष्टमा बस्छौं । "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छ, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गलाती २:२०) ।

(ख) विश्वास बढ्नुपर्छ । २ थेसलोनिकी १:३, "भाइ हो, तिमीहरूका निम्ति परमेश्वरलाई सधैं धन्यवाद चढाउन हामी बाध्य छौं । यो योग्य पनि छ, किनकि तिमीहरूको विश्वास प्रशस्त गरी वृद्धि भइरहेछ, र एक अर्काप्रति तिमीहरू हरेकको प्रेम बढिरहेछ" (२ थेसलोनिकी १:३) । के हाम्रो विश्वास एकदम बढ्दै गएको छ भन्न सकिन्छ?

## (II) **सदगुण ।**

(क) यहाँ प्रयोग गरिएको रूपको अर्थ नैतिक उत्कृष्टता वा साहस हो । बाधाहरू वा त्यस्तो व्यवहारको लागतहरूको बावजुद जे सही छ त्यो गर्ने साहस वा दृढ संकल्प हो (उदाहरण- एउटा बच्चाले झ्याल फुटालेको स्वीकार गर्न साहस गर्छ ।)

(१) यो सही छ भनेर सोच्नु मात्र होइन्, तर के सही छ भनेर खडा हुनु हो ।

(२) आज धेरैमा यो गुण अभाव छ । मलाई केहि हप्ता अघि टिभीमा केटाहरूको समूहले बल खेलिरहेको र झ्याल तोडेको दृश्य याद आउँछ । तिनीहरू सबै तितरबितर हुन्छन्, तर एउटा केटा गएर घरको ढोकाको घण्टी बजाउँछ ।

(३) हामी प्रायः जसो सही कुराको पक्षमा उभिन चाहँदैनौं । हामीलाई सही के हो भन्ने कुरा थाहा छ, तर हामी छालहरू बनाउन चाहँदैनौं । हामी जस्तोसुकै मूल्यमा शान्ति चाहन्छौं । "अन्धकारका निष्फल कार्यहरूमा भाग नलेओ, बरू तिनलाई प्रकट गरिदेओ" (एफिसी ५:११) ।

(४) यो परमेश्वरमा विश्वासको उपज हो । दाऊदले भजनसंग्रह २७:१३ मा भन्दछ, "मलाई अझ पनि विश्वास छ कि जीवितहरूको देशमा परमप्रभुको उत्तमता म देख्नेछु ।"

(ख) सदगुणको परिणाम

(१) यसलाई व्यवहारिक भलाइ भन्न सकिन्छ । हामी येशूको चरित्र प्रतिबिम्बित गर्छौं ।

(२) हामी परमेश्वरको लागि उपयोगी बन्छौं । जंगली घोडामा ठूलो शक्ति र सौन्दर्य छ, तर उपयोगी छैन् । जब यसको समान शक्ति र सौन्दर्यलाई नियन्त्रणमा लिइन्छ तब त्यो उपयोगी बन्छ । हामी परमेश्वरको नियन्त्रणमा हुँदा मात्र उहाँले हामीलाई प्रयोग गर्नुहुन्छ ।

## (III) **ज्ञान ।**

(क) असल र खराब छुट्याउन सक्ने व्यवहारिक बुद्धिलाई ज्ञान भन्न सकिन्छ ।

(१) यो परिपक्वताको चिन्ह हो । "खँदिलो भोजन त परिपक्व मानिसहरूको निम्ति हो । यिनीहरूको मानसिक शक्ति निरन्तर अध्यासद्वारा असल र खराब छुट्याउन सक्ने भएको छ" (हिब्रू ५:१४) । यो बढ्दो ज्ञान हो ।

(२) ज्ञानविनाको धार्मिक कार्यले विपत्ति निम्त्याउँछ ।

- "मेरा प्रजाहरू ज्ञानको कमीले गर्दा नष्ट भएका छन्" (होशे ४:६) ।
- ख्रीष्टलाई अज्ञानताको कारणले क्रूसमा टाँगिएको थियो ।
- इस्रायल ज्ञानको कमीले पतन हुन गइरहेको थियो । भाइ हो, मेरो आफ्नो हृदयको इच्छा र तिनीहरूका निम्ति परमेश्वरमा मेरो प्रार्थना यही छ, कि तिनीहरूले उद्धार पाऊन् । म यो गवाही दिन्छु कि परमेश्वरप्रति तिनीहरूको जोश त छ, तर यो जोश ज्ञान अनुसार छैन्" (रोमी १०:१-२)
- आफूले सही सोचेको कुराको पक्षमा उभिने साहस धेरैले गरेका थिए तर गलत थियो । उदाहरण-पावल ।

(ख) ज्ञानको प्रयोग ।

(१) सद्‍गुण आवश्यक छ । ज्ञान धेरै अप्रिय र विचलित हुन सक्छ । एकजना नैतिक डरछेरूवाले इमानदार बाइबलीय जवाफको आशा गर्दैनन् । उदाहरण- प्रेरित २ अध्यायमा मानिसहरू विचलित भएका थिए ।

(२) परमेश्वरको सेवा गर्न इमानदार र निष्कपट इच्छा हुनुपर्छ । "यदि कुनै मानिसले परमेश्वरको इच्छा पालन गर्न चाहन्छ भने, मेरो शिक्षा परमेश्वरतर्फबाट हो, कि मेरो आफ्नै तर्फबाट हो सो उसले जान्नेछ" (यूहन्ना ७:१७) ।

(३) यसको लागि मेहनत, मानसिक परिश्रम चाहिन्छ । हिब्रू ख्रीष्टियानहरूले प्रयास गरेका थिएनन् ।

(४) हाम्रो विश्वास र सद्‍गुणमा ज्ञान थप्नको लागि बाइबल कक्षाहरू महत्वपूर्ण समय हुन् ।

(IV) **संयम ।**

(क) यो आत्म-नियन्त्रण हो; शरीर र दिमाग दुवैको नियन्त्रण हो । तिनीहरूद्धारा नियन्त्रण हुनुको सट्टा हामीले हाम्रो जोशलाई नियन्त्रण गर्नुपर्छ ।

(१) यदि हामीले विश्वास, सद्गुण र ज्ञानको सही उपयोग चाहन्छौं भने, यो आवश्यक छ । हामीले सिकेका कुरालाई व्यवहारमा उतार्नुपर्छ ।

(२) आत्मसंयम नभएको मानिस पर्खालहरू भत्किएको नगरझैं हो (हितोपदेश २५:२८) ।

(३) प्रायः हाम्रो दिमागले हृदयले के गर्न चाहन्छ त्यसको लागि बहान बनाउने उद्देश्य मात्र पूरा गर्दछ ।

(ख) हामीले शैतानको झुट किनेका छौं जहाँ आत्म-संयमको सम्बन्ध छ ।

(१) म आफै मद्दत गर्न सक्दिन् ।

(२) अरू सबैले यो गरिरहेका छन् । त्यसैले म पनि सक्छु ।

(३) म खुशी भएको परमेश्वर चाहनुहुन्छ । सबैभन्दा ठूलो खुशी तब हुन्छ जब हामी उहाँको मार्गनिर्देशन अनुसार जिइरहेका हुन्छौं ।

(ग) "तर म आफ्नो शरीरलाई कठोरतासाथ सधाउँछु, र यसलाई वशमा राख्तछु, नत्रता अरूहरूलाई प्रचार गरेपछि म आफैचाहिं अयोग्य ठहरिनेछु (१ कोरिन्थी ९:२७), मेरो शरीर वशमा राखी यसलाई मेरो दास बनाउनुहोस् ।

(१) के गर्ने भन्ने थाहा नहुँनु नै अक्सर समस्या हो, तर वास्तविक रूपमा यो गर्नको लागि आत्मिक-नियन्त्रणको प्रयोग गर्नुपर्छ ।

(२) होमर- "आत्म नियन्त्रण र गैर आत्म-नियन्त्रित बीचको भिन्नता प्रलोभन र कार्य बीचको विराम हो ।" ख्रीष्टले आफैलाई इन्कार गर्नुभयो ।

(V) **धैर्य ।**

(क) के धैर्य होइन्?

(१) यो उदासीनता होइन्, वा भावना/चिन्ताको कमी हो ।

(२) यो उधारो समस्या होइन् । हामी सम्भव भएसम्म दुःखबाट

बच्नको लागि प्रयास गरिरहनेछौं । पावल धेरै धैर्यवान थिए, तैपनि तिनले यसबाट बच्न खोजे । उदाहरण- उनले सुरक्षाको लागि कैसरलाई अपील गऱ्यौ, उनी राती पर्खालमाथि चढेर टोकरीबाट शहर छोड्यो, आदि ।

(३) विकल्प नभएको कारणले वा भाग्यको लागि मात्रै राजीनामा दिएर बसेको होइन् ।

(ख) धैर्य इच्छाको दृढ संकल्प हो ।

(१) यसले इच्छाको संकल्पको रूपमा दुःखलाई बुझाउँछ ।

(२) यो अटल प्रतिक्षा, सहनशीलता, लगनशीलता हो ।

(ग) धैर्यताको कुञ्जी

(१) मुख्य तत्व परमेश्वरको समर्पण हो । हामी शक्तिको लागि परमेश्वरलाई हेर्छौं । "हाम्रो विश्वास सुरू गर्नुहुने र पूरा गर्नुहुने येशूलाई हेरौं, जसले उहाँको सामुन्ने राखिदिएका आनन्दको निम्ति अपमानलाई केही जस्तो नठानी क्रूसको कष्ट भोग्नुभयो, र परमेश्वरको सिंहासनको दाहिनेपट्टि विराजमान हुनुहुन्छ" (हिब्रू १२:२) ।

(२) आत्मनियन्त्रणसँग नजिकको सम्बन्ध छ ।

- यदि कसैले सुखमा "समर्पण" गर्छ भने, उसले निश्चित रूपमा दुःखलाई "त्याग" गर्नेछ ।
- आत्म-नियन्त्रणले पछाडि समातिरहेको हुन्छ जबकि धैर्य धारणले निरन्तरता दिइरहेको हुन्छ ।

(VI) **भक्ति ।**

(क) यो परमेश्वरको लागि आदर हो, जसले आफैलाई आज्ञाकारितामा अनुवाद गर्दछ ।

(१) यो संसारको सेवाबाट परमेश्वरको सेवामा परिवर्तन हुने कुरा हो । यो हाम्रो दिमागको नवीकरण हो । "यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ..." (रोमी १२:२) ।

(२) भक्तिपूर्वक आफैलाई परमेश्वरको इच्छा अनुरूप राख्ने हो । कर्ममा श्रद्धा छ ।

(३) यो केहि नियमहरूको बाहिरी आज्ञा पालन होइन्, तर हृदयको भित्री शुद्धता हो ।

(ख) सबै चीजहरूको लागि लाभदायक छ । १ तिमोथी ४ः८ ले भन्दछ, "किनभने शारीरिक तालीम केहीसम्म लाभको हुन्छ, तर ईश्वर भक्तिचाहिँ हर प्रकारको लाभदायक हुन्छ, किनकि यसमा वर्तमान र भविष्यत् जीवन दुवैको निम्ति प्रतिज्ञा रहेको हुन्छ ।"

## (VII) प्रेम ।

(क) दाजुभाइको दया, शाब्दिक भाइहरूको लागि प्रेम हो । यदि कसैले म परमेश्वरलाई प्रेम गर्छु भन्छ, तर आफ्नो भाइलाई घृणा गर्छ भने त्यो झुटो हो..." (१ यूहन्ना ४ः२०) । यो नयाँ नियमभर बारम्बार जोडिएको छ ।

(१) यो ख्रीष्टियानहरूको विशिष्ट चिन्ह हो भनी ख्रीष्टले भन्नुभयो । व्यक्ति को हो भन्ने कुरामा यो प्रेम आधारित हुन्छ ।

(२) १ यूहन्ना ४ः२० मा हामीलाई सोधिएको छ कि यदि देख्न सक्ने हाम्रो भाइलाई प्रेम गर्न सक्दैनौं भने, हामीले देख्न नसक्ने परमेश्वरलाई कसरी प्रेम गर्न सक्छौं?

(३) भजन- "आशिवार्द बाँधिएको टाई हो ।" हामी परमेश्वरका छोराछोरी छौं, त्यसैले हामी प्रेम गर्छौं ।

(ख) ईश्वरीय प्रेम

(१) यो बलिदानपूर्ण प्रेम हो, भावनात्मक होइन् । यो अरू कसैको लागि उच्चतम भलाइको निम्ति जानाजानी गर्ने इच्छा हो । प्रेम परमेश्वर को हुनुहुन्छ भन्ने कुरामा यो आधारित छ ।

(२) परमेश्वर र ख्रीष्टले हाम्रो निम्ति गर्नु भएको यो प्रेम हो (यूहन्ना ३ः१६) ।

(३) हामी यो प्रेमलाई परमेश्वरप्रतिको प्रेमले प्रतिक्रिया दिन्छौं, जसको अर्थ उहाँका आज्ञाहरू पालन गर्नु हो । "हामी प्रेम गर्छौं, किनभने पहिले उहाँले हामीलाई प्रेम गर्नुभयो" (१ यूहन्ना ४ः१९) । "परमेश्वरको प्रेम यही हो कि हामी उहाँका आज्ञाहरू पालन गर्दछौं, र उहाँका आज्ञाहरू भारपूर्ण छैनन्" (१ यूहन्ना ५ः३) ।

(४) हाम्रा शत्रुहरूका लागि पनि हामीले गर्ने प्रेम यही हो (मत्ती ५) । तिनीहरूको भलाइ खोज्नुहोस् ।

(१) यी मध्ये कुनै पनि एक्लै खडा छैन् । तिनीहरूको एउटा दुइवटामा बाहेक अरू सबै कुराहरूमा म बलियो छु भनी मध्यस्थतालाई जायज ठहराउन सक्दैनौं ।

(२) यी गुणहरू विशेषता हुन्, जुन ख्रीष्टियानहरूले आफ्नो चरित्रमा थप्न वा आपूर्ति गर्नु पर्दछ र त्यसमा निरन्तर बढ्दै जानुपर्दछ ।

(३) पत्रुसले भनेको "यदि" शब्दलाई ध्यान दिनुहोस् । यी चीजहरू स्वचालित छैनन् ।

(४) यी चीजहरूमा प्रचुर मात्रामा असफल हुनुको परिणामः

- अन्धा र ताढाको कुरा नदेख्ने–नजिक भएका कुराहरूमात्र देख्छन् ।
- उसलाई उनको पापबाट शुद्ध गरिएको थियो भन्ने कुरा बिर्सिएको थियो (अब त्यसको कुनै मूल्य छैन् ।)

(५) यदि हामीले यी चीजहरू थप्यौं भने हामी फलदायी हुनेछौं र हाम्रो मुक्ति सुनिश्चित छ ।

(६) त्यसैले हाम्रो आवहान र चुनाव सुनिश्चित गर्न लगनशील हुनुहोस् ।

# (५) प्रेरित यूहन्ना

**(१) यूहन्नाको गृह जीवन ।**

(क) जब्दीयाको छोरो र याकूब नाउँको एक जना भाइ थियो । उनकी आमा शायद मरियमकी बहिनी सलोमी थिइन् । यदि साँचो हो भने, यसले येशू र यूहन्नालाई चचेरे भाई बनाउँछ ।

(ख) तिनीहरू गालीलमा बस्थे र गालील समुन्द्रका मछुवाहरू थिए ।

(ग) तिनीहरूले नोकरहरू राखेका हुनाले परिवार सायद धनी थियो । सलोमी ती महिलाहरूमध्ये एक थिइन् जसले येशूको शरीरमा अभिषेक गर्न मसला ल्याइन् (मर्कूस १६:१) । यसले यो विशेष गरी महत्वपूर्ण बनाउँछ कि यूहन्नाले सबै त्यागेर येशूलाई पछयाए (लूका ५:११) । हामीलाई त्यस्तो विश्वास चाहिन्छ ।

(घ) परिवार केही ताढा उभिएको हुन सक्छ किनभने यूहन्नाले प्रधान पूजाहारीलाई राम्ररी चिनेका थिए जहाँ येशूको मुद्दा चलाइएको थियो । पत्रुसलाई पनि प्रवेश गर्ने अनुमति प्राप्त गर्नको लागि प्रधान पूजाहारीलाई पर्याप्त रूपमा चिनेको थियो (यूहन्ना १८:१५-१६) ।

(ङ) शैक्षिक रूपमा अशिक्षित थिए (प्रेरित ४:१३) ।

**(२) उनको पेशा ।**

(क) आन्द्रियास र पत्रुससँग माछा मार्ने साझेदारी थिए (लूका ५:१०) ।

(ख) सम्भवतः आर्थिक रूपमा सुरक्षित हुन सक्छ किनभने भाडामा राख्ने नोकरहरू पर्याप्त थियो (मर्कूस १:२०) ।

**(३) उनी येशूको प्रेरित थियो, भित्री तीन मध्ये एक, येशूले माया गर्नुहुने प्रेरित थियो । उनी आफैलाई "प्रेमका प्रेरित" भनेर चिनियो ।**

(क) उनी प्राय यूहन्नाको चेला थियो (यूहन्ना १:३५-३७) ।

(ख) येशूले आफ्नी आमाको हेरचाह गर्ने जिम्मेवारी उनलाई सुम्पनुभयो ।

(ग) उनी अन्तिम मृत्यु हुने प्रेरित थियो । उनी प्राकृतिक मृत्युमा मर्ने एकजना मात्र व्यक्ति थियो ।

(घ) यूहन्नाले नयाँ नियममा ५ वटा पुस्तकहरू लेखेको थियो, जुन लगभग

२०% हो । यूहन्ना, १, २, ३ यूहन्ना, र प्रकाश हो ।

(ङ) सम्भवत्ः हुन सक्छन् भने सबै, यदि होइनन् भने प्रायजसो उनका सबै लेख पटमोसको टापुमा हुँदा लेखेको हुनुपर्छ ।

(च) पावलले यूहन्ना र पत्रुसलाई यरूशलेमको मण्डलीको स्तम्भ भनेको थियो ।

(छ) तर पनि सुरूमा उनको चरित्रमा ठूलो दोषहरू थिए जसलाई नियन्त्रणमा ल्याउनु परेको थियो ।

**(I) यूहन्ना एउटा तातो वा आँधीबेहरी स्वभावका थिए ।**

(क) येशूले उनलाई बोअनर्गेश भन्नुभयो, जसको अर्थ, "गर्जनका छोराहरू" हो ।

(ख) नामको शाब्दिक अर्थ हो, "हल्लाहका छोराहरू" वा "हिंसक क्रोध वा क्रोधका छोराहरू ।"

(ग) उनको रिस उठेको उदाहरण ।

(१) लूका ९ः४९-५०

- येशूको नाममा शैतानहरूलाई निकाल्दै, अर्थात उहाँको अख्तियारद्वारा, येशूप्रति मैले आज्ञाकारी हुनुहुन्छ ।
- तर उनी प्रेरितहरूको संगतका थिएनन् ।
- सन्दर्भले संकेत गर्दछ कि चेलाहरू एक-अर्कासँग ईर्ष्यालु थिए । सबैभन्दा ठूलो को हुने भनेर तिनीहरूले अनुमान गर्दै थिए । यो मानिसले आफ्नो र ख्रीष्टको लागि चाहेको महिमाको केही भाग लिइरहेको थियो । ख्रीष्टको सम्मानको लागि उनको गलत जोस थियो ।

(२) अविश्वासीहरूमाथि स्वर्गबाट आगो बोलाउन चाहन्थे (लूका ९ः५१-५४) ।

- येशू र उहाँका चेलाहरू आराधना गर्न यरूशलेम जाँदै हुनुहुन्थ्यो । उहाँहरू सामरीहरूको गाउँमा रोकिए, तर तिनीहरूले येशू र उहाँका चेलाहरूलाई तिनीहरूसँग बस्न दिएनन् ।
- एलियाले सिपाहीहरूलाई गरे जस्तै याकूब र यूहन्नाले तिनीहरूलाई मार्न चाहन्थे (२ राजा १ः१०,१२) ।

(क) एलियाले आफू परमेश्वरबाट आएको प्रमाणित गरेर परमेश्वरको शक्ति देखाउँछन् ।

(ख) यूहन्नाको मनोवृतिमा बदलाको भाव थियो ।

(ग) पछि, उनी सामरी गाउँहरूमा आगो लगाउन होइन् तर प्रचार गर्न गए ।

- येशूले तिनीहरूको दुष्ट आत्मालाई हप्काउनुभयो ।

**(II) उनी स्वार्थी महत्वाकांक्षाको मानिस थियो (मत्ती २०:२०-२४) । मर्कूस १० ले भन्छ कि केवल याकूब र यूहन्नाले येशूसँग कुरा गरे ।**

(क) उनी राज्यमा प्रमुख स्थान चाहन्थे । उनमा भ्रामक जोश थियो ।

(ख) अरू प्रेरितहरू जस्तै, राज्य आत्मिक थियो र अस्थायी होइनन् भन्ने कुरा उनले कहिल्यै पनि पूर्णरूपमा बुझेनन् । "हे प्रभु, के तपाईले इस्रायल राज्यको पुनर्स्थापन गरिदिनुहुनेछ?" (प्रेरित १:६) ।

(ग) हामी प्रायः यूहन्ना जस्तै छौं ।

(१) हामी आफ्नो इज्जत र प्रतिष्ठा खोज्छौं । जसले हाम्रो तरिकाले सोच्दैनन्, हामी ती सबैजनाको विरोध गर्छौं ।

(२) हामी हाम्रा शत्रुहरूलाई नष्ट भएको हेर्न चाहन्छौं ।

(३) भ्रामक जोश छ, जसलाई आज हामी महत्वाकांक्षी भन्छौं ।।

**(III) उनी कस्तो प्रकारको मानिस भए?**

(क) उनी नम्रताको मान्छे बने । पुस्तकमा उनको नाम उल्लेख गरिएको छैन् ।

(ख) उनी ख्रीष्टको सेवामा धेरै जोसिलो भइ रहने कुरा रोजे ।

(१) येशूको नाममा निको पार्ने र गाउँलाई आगोले ध्वस्त पार्न चाहने मानिसलाई उसको भ्रामक हप्काइमा पनि, येशूको नामको रक्षा र सम्मान गर्ने उनमा भ्रामक जोश थियो जसले उनलाई ती कुराहरू भन्न प्रेरित गऱ्यो ।

(२) जब उनी र उनका भाइ याकूबले येशू ख्रीष्टको राज्यमा मुख्य आसनको लागि अनुरोध गऱ्यो, उहाँले पिउन लागेको कचौरा पिउन सक्षम छ कि भनेर सोध्नुभयो । तिनीहरूले भने, "हामी सक्षम छौं । येशूले भन्नुभयो कि तिनीहरूले आफ्नो कचौरा पिउनेछन् । पहिलो पिउने याकूब थियो र अन्तिम यूहन्ना थियो । उनले ख्रीष्टको लागि लामो समयसम्म दुःख भोग्यो । उनले आखिरी भोजमा "प्रमुख" स्थान पाए ।

उनी सायद येशूको दाहिने हातमा बसेको थियो । किनभने उनी येशूको छातीमा अडेस लागेको थियो (यूहन्ना १३:२५) ।

(३) हामीलाई आज येशूको सुसमाचारको रक्षा गर्ने इच्छुक व्यक्तिहरू चाहिन्छ ।

(ग) जिम्मेवार स्वीकार गर्ने मानिस थियो।

(१) प्रेरितहरू बीचको एउटा अगुवा (उदाहरण-रूप परिवर्तनमा) ।

(२) येशूकी आमालाई उनको जिम्मामा सुम्पिदिनुभयो (यूहन्ना १९:२६,२७) ।

(३) उनी यरूशलेमको मण्डलीको खम्बा बने (गलाती २:९) ।

(४) स्वेच्छिक रूपमा जिम्मेवारी स्वीकार गर्न इच्छुक कति जना ख्रीष्टियानहरू तपाईले भेट्टाउनुहुन्छ? एल्डरहरूमा पनि ।

(घ) यूहन्ना एक जना ठूलो साहस र वफादारी मानिस थिए ।

(१) पत्रुसले येशूको परीक्षाको रात ख्रीष्टलाई अस्वीकार गरे, तर यूहन्नामा कुनै इन्कार गरेनन् ।

(२) उनको साहस र वफादारीले उनलाई अन्य प्रेरितहरू भन्दा फरक बनायो । एन्ड्रयु ज्याक्सनले भनेका थिए, "साहस भएको मानिसले बहुमत ल्याउँछ ।"

(३) क्रूसको छेउमा उभिएर बसेको छ भनेर उल्लेख गरिएका मात्र एकजना प्रेरित यूहन्ना थियो ।

(४) उनी क्रूसको यति नजिक थियो कि येशूले उनीसँग कुरा गर्न सक्नुहुन्थ्यो, उनलाई आमाको हेरचाह गर्ने जिम्मा दिनुभयो ।

(ङ) उनी सत्यको निडर उदघोषक र रक्षक बने ।

(१) उनी "प्रेमको प्रेरित" भए ।

- १, २, र ३ यूहन्नामा प्रेम शब्दको विभिन्न रूप ५२ पटक प्रयोग गरिएको छ ।
- यूहन्ना २१:७ मा हामी पढ्छौं, त्यो चेला जसलाई येशूले प्रेम गर्नुभयो । समान वाक्यांश यूहन्ना १३:२३ मा प्रयोग गरिएको छ ।

(२) उनले दृढतापूर्वक र लगनशील भई ख्रीष्टको सुसमाचार प्रचार गरे ।

- उनले छली आत्माहरूको विरूद्ध चेतावनी दिए (यूहन्ना १:८-१०)।

- उनले संसारिक विरूद्धका कुराहरू सिकाए (१ यूहन्ना २:१५-१६) ।

(३) उनले अरूको जीवनमा भएको त्रुटिलाई कहिल्यै बेवास्ता गरेनन् । उनले धेरै बलपूर्वक डियोट्रफिसको निन्दा गरे । किनभने तिनले अरूहरूलाई ग्रहण गरेनन् (३ यूहन्ना ९-११) ।

(४) प्रेम, खराबी र गल्तीको सहिष्णुता एउटै हुँदैन् ।

- प्रेमले त्रुटि वा सम्झौतालाई बेवास्ता गर्दैन् । पावलले प्रेममा सत्य बोल भने (एफिसी ४:१३-१५) । सत्य बोल्नु भनेको त्रुटिको विरूद्धमा उभिनु र पापको निन्दा गर्नु हो ।
- आज ठूलो भीडको समस्या असहिष्णुता वा प्रेमको कमी होइन्, तर उदासीनता हो ।
- हामी झुटा शिक्षकहरूसित सहनशील हुन्छौं, किनभने हामी उदासीन छौं ।
- हामी छिमेकीहरूका झुटा विश्वाससित सहने गर्छौं, किनभने हामी तिनीहरूको आत्माको बारेमा चिन्तित छैनौं ।
- हामी अरूको जीवनमा गलत व्यवहारको सामना गर्न इच्छुक छैनौं । किनभने मण्डली विकासको बारेमा हाम्रो चिन्ताको कमी छ । हामी फरक छौं भनी देखाउन खोज्छौं ।
- परमेश्वरप्रतिको साँचो प्रेम भनेको हामी उदासीन हुन सक्दैनौं । आजको संसारमा असहिष्णु र माया नगर्नेहरूको लागि यूहन्नाले लेबल लगाइएको थियो ।

## (IV) **परिवर्तनको कारण के हो?**

(क) यूहन्ना येशूको साथमा थिए । जब तिनीहरूले पत्रुस र यूहन्नाको साहस देखे, र यिनीहरू अशिक्षित र साधारण मानिसहरू रहेछन् भनी थाहा पाए, तब तिनीहरू छक्क परे, र यिनीहरू येशूको साथमा रहन्थे भन्ने तिनीहरूले चाल पाए (प्रेरित ४:१३) ।

(१) उहाँसँगै हिड्दा उनी ख्रीष्ट जस्तै भयो ।

(२) उनी यति धेरै परिवर्तन भयो कि आधुनिक टिप्पणीकारहरूलाई विश्वास गर्न गाह्रो भयो कि प्रेमको सुसमाचारको लेखक एक पटक गर्जनको छोरा भनेर चिनिन्थ्यियो ।

(३) कोही मानिस परिवर्तन हुन सक्दैनन् भनी हामी भन्छौं भने

केवल यूहन्नालाई हेर्नुहोस् ।

(ख) उनले आफ्नो ऊर्जा प्रयोग गर्ने राम्रो तरिका सिके । तपाईका दोषहरूले कहिल्यै पनि तपाईलाई राज्यमा काम गर्नबाट रोक्न नलगाउनुहोस् ।

(१) उनले आफ्नो लगनशीलता वा जोसलाई त्यागेनन् । उनले यसलाई निर्देशन र अनुशासन गर्न मात्र सिके । परमेश्वरले आक्रोश र भ्रामक जोसलाई उपयोगी सेवामा जोड्न सक्नुहुन्छ ।

(२) उनले आफ्नो महत्वकांक्षालाई त्यागेनन् वा ख्रीष्टको खातिर दुःख भोग्ने इच्छुक भए । ख्रीष्टलाई पछ्याउनुको भनेको के हो भनेर उसले अझ बढी सिके ।

(३) उनले आफ्नो बल, वा साहसलाई त्यागेनन्, तर त्यसलाई पुनः प्रयोग गर्ने प्रयास गरे ।

(४) उनले पनि पावलले जस्तै भन्न सक्छ, "म ख्रीष्टसँगै क्रूसमा टाँगिएको छु, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ । जुन जीवन शरीरमा म अहिले जिउँछु, त्यो परमेश्वरका पुत्रमा विश्वास गरेर जिउँछु, जसले मलाई प्रेम गर्नुभयो, र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गलाती २:२०) ।

(ग) उहाँ परमेश्वरको वचन र बुद्धिको ज्ञानद्वारा हुर्केर परिपक्व हुनुभयो ।

(१) यूहन्नाका विशेषताहरूलाई हामी कसरी मापन गर्छौं?

(२) तपाईलाई कुन यूहन्ना धेरै मनपर्छ?

(३) यूहन्नाले आफ्नो बल, साहस, द्रूत प्रतिक्रिया, विश्वास त्यागेनन् । यी विशेषताहरू केवल परमेश्वरको सेवामा पुनः प्रयास गरिएको थियो ।

(४) परम्पराले भन्दछ कि जब उनी बृद्ध भएर हिंडन नसक्ने अवस्थाको हुँदा भाइहरूले उनलाई सभामा लैजान्थे जहाँ उनी बारम्बार दोहऱ्याउने गर्थे, "साना बच्चाहरू, एक अर्कालाई प्रेम गर ।"

(५) जब तपाई चिहानमा सुत्नुहुन्छ, र तपाईको चिहानमा यस्तो कुँदिएको पाउनुहुन्छ, "येशूले माया गर्नुहुने चेला ।"

# (६) जीवनको लागि व्यवहारिक दर्शन

## फिलिप्पी ३:१३-१४

(१) ग्लेन कनिङ्घम (१९९०-१९८८) को कथा छ। ग्लेन र तिनको भाइ कन्सासको एउटा विद्यालयमा पढेका थिए । जाडोको समयमा तिनीहरूले विद्यालयको स्टोभमा आगो बालिरहेका थिए । जब भवनमा आगो लाग्यो, ग्लेनले आफ्नो भाइलाई बाहिर लैजान खोजे, तर ढोका ढले । दुबै गम्भीर रूपमा जलेका छन् । ग्लेनका भाइलाई घटना स्थलमै मृत घोषित गरिएको थियो । डाक्टरले ग्लेन बाँच्न नसक्ने बताए । केही दिनपछि डाक्टरले ग्लेन बाँच्ने बताए, तर उनी कहिल्यै हिँड्ने छैनन् भने । ग्लेननले आफ्नो बुबालाई हिडाउन हलोमा आफ्नो हात बाँधेर उभिन र सीधा हिडाउन कोशिस गरे । अन्तमा, केही सहारा लिएर ऊ एक्लै हिड्न सक्ने भए । त्यसपछि उनी बिना गडबडी हिँडे । उनी दौडिन थाले । त्यसपछि उनले दौडमा राष्ट्रिय, अन्तराष्ट्रिय विश्व कीर्तिमान स्थापित गर्न पुगे । उनी आफ्नो दिनको सबैभन्दा प्रसिद्ध धावकहरू मध्ये एक बन्न सफल भए- किनभने उनले आफ्नो जीवनमा लक्ष्यप्रति ध्यान केन्द्रित गरे ।

(२) पावलले उनको जीवनमा आत्मिक कुराहरूलाई ध्यान केन्द्रित गरेको थियो भन्ने कुरालाई हाम्रो पाठमा हामी पाउँछौं ।

**(I) उनको ध्यान ख्रीष्टलाई चिन्नमा थियो (फिलिप्पी ३:१०-११) ।**

(क) ख्रीष्टलाई चिन्नु भनेको ख्रीष्टको बारेमा थाहा पाउनु मात्र होइन; यसमा ख्रीष्टसँगको सम्बन्ध विकास गर्ने कुरा पनि सम्लग्न हुन्छ ।

(१) पावलले ख्रीष्टलाई पहिले नै चिनेका थिए कि उनले उहाँसँग विशेष सम्बन्धको आनन्द पाए ।

(२) पावल अझ गहिरो र समृद्ध ज्ञानको लागि इच्छुक थियो ।

(ख) यो ज्ञानको चार पक्ष उसले चाहेको थियो ।

(१) "उहाँको पुनरूत्थानको शक्ति ।" सायद पावलको दिमागमा पुनरूत्थान हुनुभएको प्रभुद्धारा उपलब्ध हुने शक्ति थियो ।

(२) "उनको पीडाको संगति ।" संगति भनेको सहभागी हुनु हो ।

उनी ख्रीष्टको दुःखमा सहभागी हुन चाहन्छन् । हामी मध्ये धेरैले त्यो ज्ञान बिना गर्न खोज्छौं । "म आफ्नो शरीरमा येशूका डामहरू धारण गर्दछु" (गलाती ६:१७) ।

(३) "आफ्नो मृत्युको अनुरूप हुनु" यसको अर्थ आफैमा मर्नु हो । "म ख्रीष्टसँग क्रूसमा टाँगिएको छ, अब उप्रान्त जिउने म होइनँ, तर ख्रीष्ट ममा जिउनुहुन्छ..." (गलाती २:२०) ।

(ग) ख्रीष्टको यो ज्ञानको फलस्वरूप, उहाँले "मरेकाहरूको पुनरूत्थान प्राप्त गर्न सक्नुभयो ।"

(घ) हामी सबैको एउटै लक्ष्य छ । तर कतिपयले यसलाई प्राप्त गर्दैनन् ।

(१) कसै-कसैले आफूले चाहेको जस्तो आत्मिकीरूपमा वृद्धि गर्दैनन् ।

(२) कतिपयले यो प्राप्त गर्नु अघि नै त्याग्नेछन् ।

(ङ) यस पाठमा पावलले हामीलाई त्यो लक्ष्य हासिल गर्नेछौं भनेर कसरी पक्का हुने भनेर बताउँछन् । पावलको जीवन अनुकरणको योग्य थियो । "मेरो अनुसरण गर्ने होओ, जसरी म ख्रीष्टको अनुसरण गर्दछु" (१ कोरिन्थी ११:१) ।

(च) यो पुस्तक भरी ख्रीष्टियान वृद्धिको विचार छ ।

**(II) याद गर्नुहोस् कि तपाईले "थामिराख्नु भएको छैनन" (फिलिप्पी ३:१२) ।**

(क) पावलको उपलब्धिहरूलाई हेर्नुहोस् ।

(१) पावलले फिलिप्पी ३:४-८ मा ख्रीष्टको लागि आफूले त्यागेका कुराहरू सूची दिन्छ ।

- उनीसँग विश्व विजेताको आत्मिकी वंशावली थियो ।
- उनी एउटा आत्मिक तारा थियो ।

(२) उनले ख्रीष्टको लागि के गरे हेर्नुहोस्ः प्रेरणा प्राप्त प्रेरित, लेखक, मण्डलीहरू स्थापना गर्ने व्यक्ति, हजारौं मानिसहरूलाई प्रभुमा परिवर्तन गर्ने व्यक्ति ।

(३) तर पनि उनले अहिलेसम्म सबै कुरा प्राप्त गरिसकेका थिएनन् । उनी सिद्ध थिएनन् । उनमा अझै पनि हुर्कनु पर्ने ठाउँहरू थियो; अपूर्ण सम्भाव्य कुराहरू धेरै छन् जसमा उनी पुगेका थिएनन् ।

(४) यसरी पावल अगाडिका लक्षमा बढ्दै थियो ।

(ख) हामी अफै पनि आइपुगेका छैनौं भन्ने अनुभूति भन्दा राम्रो केहीले हामीलाई अगाडि बढाउँदैन् ।

(१) यदि हामीलाई लाग्छ कि हामीले जान्नु पर्ने आवश्यक कुराहरू सबै थाहा छ भने हामी सिक्न छोड्नेछौं ।

(२) कथामा भनिएको छ कि ९१ वर्षको उमेरमा सर्वोच्च अदालका न्यायाधीश ओलिभर वेन्डेल होम्सले मूल ग्रीक भाषामा दार्शनिक प्लेटोको साहित्य पढिरहेको थियो । जब किन भन्ने प्रश्न सोध्दा, उनले जवाफ दिए, "मे मेरो दिमागलाई जवान र सक्रिय राख्न चाहन्छु ।"

(३) यदि हामीले पर्याप्त गरेका छौं भनी सोच्यौं भने हामी त्यसलाई छोड्नेछौं । त्यहाँ हामीले सिक्नु पर्ने कुराहरू धेरै छन्, अतिरिक्त वृद्धि हुनुपर्ने कुराहरू छन् । हामीले यसलाई कसरी पुरा गर्दैछौं?

## (III) **एकाग्र प्रयास (फिलिप्पी ३:१३) ।**

(क) मानिसहरूको लागि संसारको सबैभन्दा कठिन चीजहरू मध्ये एउटा लामो समयको लागि ध्यान केन्द्रित गर्नु हो ।

(१) हामी छरपष्ट हुने गर्छौं- सोच्नुहोस्, वा केहि समयको लागि यो गर्नुहोस, त्यसपछि हेर्नुहोस् ।

(२) परामर्शमा तपाईले सिक्ने पहिलो कुरा भनेको एक जना ब्यक्तिलाई एक पटकमा एउटा काम गराउन लगाउनु हो ।

(३) त्यहाँ एउटा जर्मन उखान छ, "जसले धेरै कुराको शुरूवाट गर्छ उसले थोरै उपलब्धि हासिल गर्छ ।"

(ख) आत्मिक वृद्धिमा हामीले ध्यान आकर्षण गरेको पावल चाहन्छ ।

(१) एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ" (भजनसंग्रह २७:४) ।

(२) उदाहरण- मरियम र मार्था (लूका १०:४२) ।

(ग) ख्रीष्टियान वृद्धिको निम्ति पूर्ण भक्तिको आवश्यकता पर्दछ ।

## (IV) **बिर्सने बुद्धि (फिलिप्पी ३:१३) ।**

(क) पावलले सबै कुरा बिर्सेनन् ।

(१) आफ्ना पापहरूबाट शुद्ध भएको कुरा बिर्सेनन् ।

(२) जीवनले उनलाई सिकाएको सबै कुराहरू उनले बिर्सेका छैनन् ।

(ख) पावलले आफ्ना विगतका सफलताहरू बिर्सनुपरेको थियो (फिलिप्पी ३:७-९) ।

(१) स्पष्ट रूपमा पावलले शाब्दिक रूपमा बिर्सेका थिएनन् कि उनी एक पल्ट को थिए वा उनले के गरेका थिए । यस अध्यायको सुरूमा पावलले फिलिप्पीहरूलाई आफ्नो शारीरिक र आत्मिक वंशालीको सम्झना गराए (फिलिप्पी ३:४-६) ।

(२) तर तिनले यी कुराहरूलाई आफ्नो भविष्यको प्रगतिमा बाधा पुग्न दिएनन् ।

(३) तिनले यी सबै ख्रीष्टको लागि "हानि" भनेर गणना गरेका थिए (फिलिप्पी ३:७) ।

(४) उसले ख्रीष्टियानको रूपमा पूरा गरेका चीजहरू सूचीबद्ध गर्न सक्थे ।

- दमस्कस जाने बाटोमा परमेश्वरले विशेष रूपमा बोलाउनु भएको थियो ।
- आत्मिक वरदानले आशिषित र ती वरदानहरू अरूलाई हस्तान्तरण गर्न सक्षम थिए (प्रेरित १९:६), त्यही वरदान जुन सिमानेले किन्न चाहेको थियो ।
- एउटा ख्रीष्टियान जत्तिकै सफलता थियो जति उसले यहूदीको रूपमा पाएको थियो । उनकै पछि लागेका थिए । सार्डिसको मण्डलीको नाम प्रतिष्ठा थियो तर ख्रीष्टले यो मरेको भन्नुभयो ।

(ग) उनले आफ्ना विगतका असफलताहरू बिर्सनुपरेको थियो ।

(१) उनले मण्डलीलाई सताएका थिए । "यहूदी धर्ममा छँदा मेरो अघिको जीवनको विषयमा तिमीहरूले सुनेका छौ, कसरी मैले परमेश्वरको मण्डलीलाई भयानक रूपले सताएँ, र त्यसलाई नाश गर्न खोजें" (गलाती १:१३) ।

(२) उनले धेरैलाई झ्यालखानामा हाले र धेरैलाई मृत्युदण्ड दिनको लागि गवाही दिए ।

(३) उनले मण्डलीको "विनाश" गरेको थियो (प्रेरित ८ः१-३) ।

(४) रोमी ७ अध्यायमा पावलले पापसँगको आफ्नो संघर्षको बारेमा कुरा गरे । एउटा ख्रीष्टियानको रूपमा उनले स्वीकार गरे कि उनी सिद्ध थिएनन्, जुन सिद्धता उनले अहिलेसम्म प्राप्त गरेका थिएनन् (फिलिप्पी ३ः१२) ।

(घ) आज कसैले बिर्सनुपर्छ ।

(१) विगतका हार र पापहरू ।

- परमेश्वरले पापहरू क्षमा गर्नुभएको छ । "तिनीहरूका पापहरू र तिनीहरूका अधर्महरू म फेरि सम्झनेछैन्" (हिब्रू ८ः१२) ।
- परमेश्वरले हाम्रा पापहरूलाई अब सम्झनुहुन्न् यस अर्थमा कि उहाँले हामीलाई तिनीहरूका लागि जवाफदेही बनाउनुहुन्न् । यदि परमेश्वरले यी पापहरू बिर्सनुभयो भने के पक्कै पनि क्षमा पाएका मानिसहरूले तिनीहरूलाई बिर्सनु पर्छ?

(२) विगतका पीडा वा झूटा आरोपहरू । प्रत्येक चोट र असफलतालाई यति राम्रोसँग सम्झना राख्नुभएको छ कि पीडा तपाईको दिमागमा हजारौं पटक दोहोऱ्याइएको छ, तपाईलाई फेरि असफलताको जोखिम लिनबाट रोक्छ । अर्को शब्दमा, हामीले अरूलाई पनि क्षमा गर्नुपर्छ ।

(३) पावल विगतमा जिउँदैन् ।

(४) उनले विगतलाई आफ्नो विचारमा हावी हुन दिएनन् ।

(५) उनले विगतलाई वर्तमानमा के गर्नुपर्छ भन्ने कुराबाट विचलित हुन दिएनन् ।

(V) **जुन कुराहरु अगाडी छन्, ती चीजहरुमा पुग्ने (फिलिप्पी ३ः१३) ।**

(क) "पुग्ने" भन्ने एउटा बलियो शब्द हो जसले एकजना धावकलाई विस्तारित गर्दछ ।

(१) ख्रीष्टियानहरूलाई एउटा धावकको रूपमा चित्रण गर्दछ । टाउको अगाडि राखेको, स्थिर, कहिल्यै पछाडि नहेर्ने, उसको आँखा गोलमा टाँसिएको थियो । वरिपरि अरू सबै कहाँ छन्

भनेर हेर्नुको सट्टा लक्ष्य तर्फ हेरेर छिटो दौडन्छन् ।

(२) व्यक्तिगत परिश्रम र लक्ष्य प्राप्त गर्न तीव्र इच्छाको संकेत गर्दछ । वर्तमान काल, जसको अर्थ निरन्तर प्रयास हो ।

(३) दौड लक्ष्यविहीन छैन । यो एक लक्ष्यतिर निर्देशित छ ।

(ख) पावलले पुरस्कार वा निसानाको लागि दबाब दिए (शाब्दिक रूपमा गोल-मार्कर) । पावलले मण्डलीमाथि गरेको सतावटलाई वर्णन गर्न पद ६ मा पनि यही शब्द प्रयोग गरिएको छ ।

(१) आज पुरस्कार एउटा पदक हुन सक्छ, तर पावलको समयमा दौडको लागि, पुरस्कार सामान्यतया पातहरूको मुकुट हुन्थ्यो, जुन चाँडै ओइलाउँथ्यो ।

(२) पुरस्कार जीवनको मुकुट हो (२ तिमोथी ४:७,८) ।

(३) पत्रुसले यसलाई अविनाशी, विशुद्ध र नओइलने किसिमको जुन स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको छ भनी भन्दछ (१ पत्रुस १:४) ।

(४) यो परमेश्वरको उच्च बोलावट हो । परमेश्वरले हामीलाई उहाँसँग स्वर्गमा बस्न बोलाउनुहुन्छ ।

(१) हामी हाम्रो जीवन गलत चीजहरूको निम्ति खर्च गर्न सक्छौं । ती चीजहरू हासिल गरेता पनि, तपाईले के प्राप्त गर्नुभयो?


(२) पावल भन्दछ, “म एउटा कुरा गर्छु ।”

(क) केवल विश्वास सिकाउनु भन्दा पर, पावलले ख्रीष्टियानलाई आवश्यक पर्ने निरन्तर गहन प्रयासलाई जोड दिइरहेका छन् । पत्रुसले बोलावट र चुनावको सुनिश्चित गर भन्नुभयो ।

(ख) ख्रीष्टियान पुरस्कार कुनै पनि अन्तिम कार्यमा प्राप्त गर्न सक्ने कुरा होइन । हामीले काम गरिरहनुपर्छ, त्यसका लागि तन्काइरहनुपर्छ ।

(३) हामी सबै जो परिपक्व छौं, यो दृश्य साझा गर्नुपर्छ (फिलिप्पी ३:१५) । परिपक्वले आफ्नो अपूर्णता, विकासको लागि उसको आवश्यकता बुझ्छ ।

# ईश्वरत्वको अवधारणालाई बुझ्ने रेखा चित्र



## परमेश्वर एउटै हुनुहुन्छ।

(१) व्यवस्था ६:४– "हे इस्राएल सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै प र मप्रभुहुनुहन्छ" ।

(२) प्रस्थान २०:३– "मबाहेक अरु कुनै देवी–देवताहरु नमान्नू" ।

(३) यशैया ४४:६– "पहिलो र पछिल्लो म नै हुँ । मबाहेक अरु प र मेश्वर छैन ।"

(४) याकूब २:१९ ले सिकाउँछ कि भूतात्माहरुले पनि एउटै प र मेश्वर हुनुहुन्छ भनी विश्वास गर्दछ ।

## एउटै परमेश्वर तीन व्यक्तित्व हुनुहुन्छ।

(१) उत्पति १:१– परमेश्वर, हिब्रू शब्द, "एलोहिम" बहुवचन हो ।

(२) उत्पति १:२६– मानिसलाई आफ्नै स्वरुपमा, हाम्रै प्रतिरुपमा बनाऔं । "भन्नुभयो" एकवचन हो, तर अरु सबै बहुवचन हो ।

(३) "मानिस हामी जस्तै भएको छ..."(उत्पति ३:२२) ।

(४) व्यवस्था ६:४– हाम्रो बहुवचन एक हो । यो एकता हो, जुन वास्तवमा धेरै कारकहरुको मिलन हो । उदाहरण– उही शब्द उत्पति २:२४ मा प्रयोग गरिएको छ, एउटा मानिसले आफ्नो बुबा र आमालाई छोडेर आफ्नी पत्नीसँग मिल्छ, र तिनीहरु एउटै शरीर हुनेछन् ।

(५) यशैया ६:८ मा हामीले संख्यामा एकवचनबाट बहुवचनमा परिवर्तन गरेका छौं । त्यसपछि मैले परमप्रभुको आवाज यसो भने को सुने, "म कसलाई पठाउँ, अनि हाम्रा निम्ति को जाने?"

(६) मत्ती २८:१९–"...पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरु लाई बप्तिस्मा देओ ।" यहाँ नाउँ एकवचन हो ।

(७) किनभने स्वर्गमा गवाही दिने तीनवटा छन्: पिता, वचन र पवित्र आत्मा; यी ती एक हुन् (१ यूहन्ना ५:७) ।